महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

कोशी प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

कोशी प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

कोशी प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं: १३३२८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या : २०८०।८१
च.नं. : 984

मिति : २०८१।२।१३

विषय : वार्षिक प्रतिवेदन ।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
कोशी प्रदेश, विराटनगर, मोरङ।

नेपालको संविधानको धारा २४१ बमोजिम कोशी प्रदेशको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

(तोयम राया)
महालेखापरीक्षक

फोन नम्बर: ५९१९१६३ फ्याक्स: ४२६८३०९ इमेल: oagnep@ntc.net.np/info@oag.gov.np वेब: www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
एकीकृत वित्तीय विवरणउपर लेखापरीक्षण राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण.....**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति.....**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति .....**	९
	खण्ड-१: प्रदेश मन्त्रालय र निकाय.....	
	१. प्रदेश सभा सचिवालय	१७
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१९
	३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय.....	२५
	४. आर्थिक मामिला तथा योजना मन्त्रालय.....	३०
	५. उद्योग, कृषि तथा सहकारी मन्त्रालय.....	३९
	६. खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय.....	४३
	७. पर्यटन, वन तथा वातावरण मन्त्रालय.....	५०
	८. भौतिक पूर्वाधार विकास मन्त्रालय.....	५७
	९. सामाजिक विकास मन्त्रालय.....	६८
	१०. स्वास्थ्य मन्त्रालय.....	७३
	११. प्रदेश योजना आयोग	८०
	१२. प्रदेश लोक सेवा आयोग.....	८२
	१३. मुख्य न्यायाधिवक्ताको कार्यालय.....	८४
	खण्ड-२ स्थानीय तह	८७
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति.....**	९३
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार .....**	९५
	अनुसूचीहरू.....	१०१

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था वा निकायको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ । सोका अतिरिक्त लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना तथा असल अभ्याससमेतको आधारमा प्रदेश सरकारका निकायको आर्थिक वर्ष २०७९।८० र बक्यौतासमेत विनियोजन, राजस्व, धरौटी, र अन्य कोषहरूको लेखापरीक्षण सम्पन्न गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रदेश सरकारतर्फ यो छैटौं वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति, लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ।

यो वर्ष जोखिम सूचकका आधारमा विश्लेषण गरी निकायहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ । उच्च जोखिमयुक्त निकायको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको प्रमाणित वित्तीय प्रतिवेदन र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण गरिएको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत् लेखापरीक्षणका कार्यहरूको व्यवस्थापन गरिएको छ । लेखापरीक्षणको गुणस्तर कायम गर्न एवम् प्रदेशगत रूपमा प्रतिवेदनमा एकरुपता कायम गर्ने प्रयास गरिएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृतलगायत सम्बद्ध पक्षसँग छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव समेतलाई आधार लिई प्रतिवेदन तयार गरिएको छ ।

यो वर्ष प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोगसमेत १९८ निकायको रू.५२ अर्ब ७८ करोड ७१ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न भई रू.१ अर्ब ३१ करोड ७६ लाख १० हजार बेरुजु कायम भएको छ । कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु २.५० प्रतिशत रहेको छ । गत वर्ष लेखापरीक्षण अङ्कको ३.३६ प्रतिशत बेरुजु कायम भएको थियो । म्याद नाघेको पेस्कीलाई लगती बेरुजु कायम गरिएको छ ।

कानुनको पालना, स्रोत साधन प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवम् वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, संगठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनलगायतलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, प्रदेशको आन्तरिक आय कम हुँदा संघीय अनुदानमा निर्भर रहेको, चालु खर्चमा वर्षेनी वृद्धि हुँदै गएको, उत्पादनशील क्षेत्रमा न्यून बजेट परिचालन भएको, आयोजना बैङ्क कार्यान्वयनमा ल्याई योजना छनौट नहुँदा टुक्रे आयोजनाहरूमा खर्च भईरहेको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप

आवश्यक पर्ने कामहरूसमेत उपभोक्ता समितिबाट गराएको, तीन तहबीच समन्वय नहुँदा एकै प्रकृतिका कार्यहरू सबै तहबाट भईरहेको, संगठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता यकिन गर्न नसकेको अवस्था छ । आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सूचना प्रविधिसँग आबद्ध गर्न नसक्दा सेवा प्रवाह नागरिकमैत्री, छिटो छरितो र चुस्त दुरुस्त हुन नसकेको, आवश्यकताको पहिचानबेगर सामान खरिद भएको तर उपयोग हुन नसकेको देखिन्छ ।

लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरू कार्यान्वयन गर्नु लेखा उत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो । कार्यान्वयन पक्ष कमजोर हुँदा सोही प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेका छन्। लेखापरीक्षण वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गत् सार्वजनिक लेखा समितिमा छलफल गरी सोउपर कारबाही हुनुपर्नेमा विगतका ५ प्रतिवेदन प्रदेश लेखा समितिमा छलफल हुन बाँकी रहेको छ । लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन गरी वित्तीय अनुशासन कायम गर्न सबै पक्षबीच कार्यगत समन्वय र सहकार्य हुन जरुरी देखिन्छ। यस प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूप्रति आभारी छु । लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्दै धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३६ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐन बमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानिनोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिए बमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अङ्ग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्थासमेत १९८ निकायको २०७९।८० को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १४१ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ५७ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ । विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सफ्टवेयरमार्फत् लेखापरीक्षण गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर निकायबाट प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनोट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञसमेत संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal/Anamnagar, Kathmandu, Nepal
(पूर्वाधार विकास लेखापरीक्षण विभाग)

पत्र संख्याः २०८०।८१

मितिः २०८१।२।७

चलानी नम्बरः ७८०

विषयः एकीकृत वित्तीय विवरणउपर लेखापरीक्षण प्रतिवेदन ।

श्री सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
विराटनगर, मोरङ।

१. **कैफियतसहितको राय** - हामीले कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को प्राप्ति तथा भुक्तानीको एकीकृत तथा वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेश भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति तथा भुक्तानीको एकीकृत एवम् वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको प्रदेश सरकारको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार -**

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रू.१ अर्ब ३१ करोड ७६ लाख १० हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रू.१४ करोड ७१ लाख ४० हजार, नियमित गर्नुपर्ने रू.१ अर्ब ९ करोड ४० लाख ४७ हजार र पेस्की बाँकी रू.७ करोड ६४ लाख २३ हजार रहेको छ।

२.२. प्रदेश सरकार र मातहतको रू.५ अर्ब ५१ करोड ६१ लाख ६९ हजारको स्थिर सम्पत्ति रहेको खुलासा गरेको छ । ती सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने गरी विवरण अद्यावधिक गरेको देखिएन।

२.३. प्रदेश सरकारको लागि ससर्त अनुदान रू.६ अर्ब ५४ करोड ६६ लाख ४७ हजार, समपूरक अनुदान रू.९२ करोड र विशेष अनुदान रू.४७ करोड ५० लाखसमेत रू.७ अर्ब ९४ करोड १६ लाख ४७ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.१ अर्ब ५६ करोड ६ लाख ७१ हजार बचत रहेको छ । उक्त रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ । सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ ।

२.४. राजस्व बाँडफाँटअन्तर्गत प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने मुल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनको अन्तः शुल्कबापतको रकम आर्थिक वर्षको अन्त्यसम्म पनि रू.७४ करोड ५६ लाख १३ हजार प्राप्त भएको छैन ।

२.५. प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिएको वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानसमेत वित्तीय हस्तान्तरणमा रू.४ अर्ब १४ करोड ६१ लाख अन्तिम बजेट कायम गरेकोमा यथार्थ खर्च रू.३ अर्ब ५४ करोड ६९ लाख २२ हजार भएको छ । वित्तीय हस्तान्तरण गरेकोमा २०८० आषाढ मसान्तसम्म सम्बन्धित

स्थानीय तहमा खर्च नभई फिर्ता हुनुपर्नेमा नभएको विवरण तयार गरेको छैन । उक्त रकम प्रदेश सरकारबाट स्थानान्तरण गरी स्थानीय तहको खातामा मौज्दात रहेको अवस्थामा प्रदेश सञ्चित कोषमा खर्च देखाएको छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने निकायसँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले लेखापरीक्षण गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा** - प्रचलित कानुनको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवम् कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह लगायतका अन्य व्यहोराहरू यसै प्रतिवेदन साथ संलग्न गरिएको छ ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती वा त्रुटीका कारणबाट वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी प्रदेश सरकार र मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ । मन्त्रालयका लेखाउत्तरदायी अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको परीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती वा त्रुटीका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्ततालेउच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समयजस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती वा अन्य त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुदैंन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती वा अन्य त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

.....

(पदमराज पौडेल)

उप-महालेखापरीक्षक

परिच्छेद

९



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद-१

लेखापरीक्षण गरिएका निकायको विवरण

१. समष्टिगत लेखापरीक्षण

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम (रू.हजारमा)
१	प्रदेश मन्त्रालय तथा निकाय	१८०	४७९३०११५
२	समिति र अन्य संस्था	१८	४८५७०१९
	जम्मा	**१९८**	**५२७८७१३४**

यो वर्ष १८० प्रदेश मन्त्रालय तथा निकायको रू.४७ अर्ब ९३ करोड १ लाख १५ हजार र १८ समिति र अन्य संस्थाको रू.४ अर्ब ८५ करोड ७० लाख १९ हजारसमेत रू.५२ अर्ब ७८ करोड ७१ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका निकायहरूको विवरण अनुसूची-१, १(क), १(ख), २ र २(क) मा उल्लेख छ ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष १८० सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न रकम (रू.हजारमा)
१	विनियोजन	३०७५७७८२
२	राजस्व	१२९६६७३७
३	धरौटी	२४८२३७१
४	अन्य कारोबार	१७२३२२५
	जम्मा	**४७९३०११५**

लेखापरीक्षण रकमको विवरण अनुसूची-२ मा उल्लेख छ ।

१.२. **समिति तथा अन्य संस्था -** यो वर्ष १८ समिति र अन्य संस्थाको रू.४ अर्ब ८५ करोड ७० लाख १९ हजारको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण अनुसूची-४ मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७७।७८ र २०७८।७९ को यथार्थ खर्च तथा २०७९।८० को प्रदेश सरकारको शीर्षकगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रकम रू.हजारमा)

क्र.सं.	शीर्षक	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को		
				बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
१.	चालु	**१२०८५२१२**	**१३१२७२१५**	१६२८४३८२	१२६४५२३३	७७.६५
२.	पुँजीगत	**१५८६६०४९**	**१६८३९२२१**	२३६४३१६२	१८११२५४९	७६.६१
	जम्मा	**२७९५१२६१**	**२९९६६४३६**	**३९९२७५४४**	**३०७५७७८२**	**७७.०३**

द्रष्टव्यः *चालु खर्चमा स्वीस विकास सहयोग नियोगबाट सोझै भुक्तानी भएको रू.३ करोड ७८ लाख २१ हजार समावेश छः*

२.२. **निकायगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको चालु र पुँजीगत खर्चको मन्त्रालय तथा निकायको खर्च विवरण निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र.सं.	निकाय	बजेट			यथार्थ खर्च			बजेटको तुलनामा खर्च प्रतिशत
		चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	
१	प्रदेश सभा सचिवालय	२२२४३९	२६३९६	२४८८३५	१६०९६०	८९१६	१६९८७६	६८.२७
२	प्रदेश लोक सेवा आयोग	८४२००	७९००	९२१००	७४३८५	२७१२	७७०९७	८३.७१
३	मुख्य न्यायधिवक्ताको कार्यालय	१८७६०	८००	१९५६०	१५२०२	७०८	१५९१०	८१.३४
४	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१४२२८	७५०९९	६८९३२७	२१७३८३	३८९९४	२५६३७७	३७.१९
५	आर्थिक मामिला तथा योजना मन्त्रालय	१६६६८३५	२२५३१	१६८९३६६	१५९६७२८	५४९६	१६०२२२४	९४.८४
६	भौतिक पूर्वाधार विकास मन्त्रालय	३४४२६४	१४४०८५०६	१४७५२७७०	२३४३७५	१०५१५२५५	१०७४९६३०	७२.८७
७	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६७८५०८	२९९५६१	९७८०६९	५१३२४९	२२९०३७	७४२२८६	७५.८९
८	स्वास्थ्य मन्त्रालय	३०१९३५७	६२०९३७	३६४०२९४	२०५९१४५	३७९७४४	२४३८८८९	६७.००
९	खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय	३७७७१४	५९४०८९३	६३१८६०७	३६०५८८	५१८१५५८	५५४२१४६	८७.७१
१०	सामाजिक विकास मन्त्रालय	१४३५२७९	२०७३७५	१६४२६५४	११६९८७०	१५९४७७	१३२९३४७	८०.९३
११	उद्योग, कृषि तथा सहकारी मन्त्रालय	२४५८४८३	२२०१८५	२६७८६६८	१७७४२६८	१८१२६२	१९५५५३०	७३.००
१२	पर्यटन, वन तथा वातावरण मन्त्रालय	११३३०१०	१८१०१७९	२९४३१८९	९००३५८	१४०७९९४	२३०८३५२	७८.४३
१३	प्रदेश योजना आयोग	४७८८८	२८००	५०६८८	२१८००	१३९६	२३१९६	४५.७६
१४	कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा	२००००		२००००			०	०.००
१५	अर्थ विविध	१७३१७		१७३१७			०	०.००
१६	स्थानीय तह	४१४६१००		४१४६१००	३५४६९२२		३५४६९२२	८५.५५
जम्मा		**१६२८४३८२**	**२३६४३१६२**	**३९९२७५४४**	**१२६४५२३३**	**१८११२५४९**	**३०७५७७८२**	**७७.०३**

माथिको तालिका अनुसार प्रदेश सरकारले चालुतर्फ रू.१६ अर्ब २८ करोड ४३ लाख ८२ हजार र पुँजीगततर्फ रू.२३ अर्ब ६४ करोड ३१ लाख ६२ हजारसमेत रू.३९ अर्ब ९२ करोड ७५ लाख ४४ हजार बजेट विनियोजन गरेकोमा चालुतर्फ रू.१२ अर्ब ६४ करोड ५२ लाख ३३ हजार र पुँजीगततर्फ रू.१८ अर्ब ११ करोड २५ लाख ४९ हजारसमेत रू.३० अर्ब ७५ करोड ७७ लाख ८२ हजार अर्थात् विनियोजित बजेटको ७७.०३ प्रतिशत खर्च गरेको छ । अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट स्थानीय तहलाई चालुतर्फबाट रू.४ अर्ब १४ करोड ६१ लाख व्यवस्था गरेकोमा रू.३ अर्ब ५४ करोड ६९ लाख २२ हजार अर्थात् ८५.५५ प्रतिशत खर्च गरेको छ ।

२.३. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश सरकारको २०७७।७८ र २०७८।७९ को यथार्थ खर्च तथा २०७९।८० को अनुमान तथा यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र.सं.	स्रोत	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
				अनुमान	यथार्थ खर्च	
१	**संघीय सरकारतर्फ**	**१३३७२२३९**	**१६२४४९३०**	**१९०९९१००**	**१४२७८३७०**	**-१२.११**
१.१	समानीकरण अनुदान	५६६०९२३	७७५७३३८	९००८२००	७८९७३९४	**१.८१**
१.२	ससर्त अनुदान	६५८१७९४	७०४६७२५	८६९५९००	५४९२२०९	**-२२.०६**
१.३	समपूरक अनुदान	७२९९७०	१००९५३०	९२००००	५५६०७७	**-४४.९२**
१.४	विशेष अनुदान	३९९५५२	४३१३३७	४७५०००	३३२६९०	**-२२.८७**
२	**प्रदेश सरकारतर्फ**	**१४५७९०२२**	**१३७२१५०६**	**२०६३९२००**	**१६४७९४१२**	**२०.१**
	कुल जम्मा	**२७९५१२६१**	**२९९६६४३६**	**३९७३८३००**	**३०७५७७८२**	**२.६४**

२.४. यो वर्ष प्रदेश सरकारको कुल खर्च रू.३० अर्ब ७५ करोड ७७ लाख ८२ हजारमध्ये सङ्घीय सरकारको अनुदानबाट रू.१४ अर्ब २७ करोड ८३ लाख ७० हजार (४६.४२ प्रतिशत) र प्रदेश सरकारको राजस्वबाट रू.१६ अर्ब ४७ करोड ९४ लाख १२ हजार (५३.५८ प्रतिशत) राजस्वको योगदान छ।

२.५. यो वर्ष सङ्घीय सरकारबाट समानीकरण र ससर्त अनुदान रू.१७ अर्ब ७० करोड ४१ लाख प्राप्त हुने अनुमान गरेकोमा रू.१३ अर्ब ३८ करोड ९६ लाख ३ हजार (७५.६३ प्रतिशत) प्राप्त भएको छ ।

२.६. **राजस्व असुली —** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश सरकारको राजस्वको स्रोत अनुसार २०७७।७८ र २०७८।७९ को यथार्थ असुली तथा २०७९।८० को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र.सं.	विवरण	२०७७।७८ को यथार्थ असुली	२०७८।७९ को यथार्थ असुली	२०७९।८० को		
				अनुमान	असुली	प्रतिशत
	कुल राजस्व	**१३१५४८८८**	**१४५०८४७०**	**१६८६६९४०**	**१२९६६७३७**	**७६.८८**
१.	कर राजस्व	११२२४३७०	१२६२३४२०	१४४६४५४०	११३७६७९३	७८.६५
२.	अन्य राजस्व	११८६७१४	१४३५७८५	१५८१२५०	११०५३५८	६९.९०
३.	विविध प्राप्ति	७४३८०४	४४९२६५	८२११५०	४८४५८६	५९.०१

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली १०.६३ प्रतिशतले घटेको देखिन्छ । यससम्बन्धी विवरण अनुसूची- ८ मा छ । राजस्व असुली सम्बन्धमा लेखापरीक्षणबाट देखिएका व्यहोरा परिच्छेद ३ को मन्त्रालय तथा निकायगत व्यहोरामा समावेश छ ।

३. **वित्तीय हस्तान्तरण -** यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र.सं.	स्रोत	बजेट	निकासा	निकासा प्रतिशत
१.	समानीकरण अनुदान	१००००००	८७५४७२	८७.५५
२.	समपूरक अनुदान	१३६००००	१०९५१२३	८०.५२
३.	ससर्त अनुदान	१७८६१००	१५७६३२७	८८.२६
	जम्मा	**४१४६१००**	**३५४६९२२**	८५.५५

प्रदेश सरकारले वित्तीय हस्तान्तरणमार्फत् यो वर्ष १३७ स्थानीय तहमा रू.३ अर्ब ५४ करोड ६९ लाख २२ हजार अनुदान उपलब्ध गराएको छ । अनुदानमध्ये वर्षान्तमा खर्च नभई बाँकी रहेको (समानीकरणबाहेक) अनुदानको अद्यावधिक तथ्याङ्क संकलन गरेर प्रदेश सञ्चित कोषमा फिर्ता गराउने कार्य बाँकी रहेको छ।

४. **अन्तर सरकारी अख्तियारी -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(३) मा प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम ससर्त अनुदान प्रदान गर्ने तथा प्रदेश विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम

विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारले यो वर्ष दुई मन्त्रालयमार्फत् नेपाल सरकारका कार्यालयलाई चालु तथा पुँजीगत खर्चमा रू.२१ करोड ८८ लाख ५ हजार बजेट विनियोजन गरेकोमा रू.२० करोड १८ लाख ९१ हजार खर्च भएको छ। यसमा नियन्त्रण हुनुपर्दछ । यससम्बन्धी विवरण अनुसूची-१२ मा छ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) र प्रदेशको यससम्बन्धी कानुनमा प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको, राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ ।

यसरी बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ । नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समुहमा वर्गीकरण गरेको छ । पेस्कीलाई कर्मचारी, मोविलाईजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ ।

प्रदेशको सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको यो वर्ष (२०७९।८०) फर्स्यौट गर्नुपर्ने बेरुजु निम्नानुसार रू.१ अर्ब ३१ करोड ७६ लाख १० हजार रहेको छ ।

(रकम रू. हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**१३७१५१**	**९९८९**	**१४७१४०**	**११.१७**
२. नियमित गर्नुपर्ने	**१०१८९७६**	**७५०७१**	**१०९४०४७**	**८३.०३**
• अनियमित भएको	२९४९२९	५०२७२	३४५२०१	२६.२०
• प्रमाण कागजात पेस नभएको	७२४०४७	२४७९९	७४८८४६	५६.८३
३. पेस्की	**७२९५५**	**३४६८**	**७६४२३**	**५.८०**
जम्मा	**१२२९०८२**	**८८५२८**	**१३१७६१०**	**१००.००**

बेरुजु वर्गीकरणको विवरण अनुसूची-९ र १० मा उल्लेख छ ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु -** यो वर्ष प्रदेश मन्त्रालय र समिति तथा अन्य संस्थासमेत १९८ निकायको रु.५२ अर्ब ७८ करोड ७१ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । जसमा रू.१ अर्ब ३१ करोड ७६ लाख १० हजार बेरुजु कायम भएको छ, जुन लेखापरीक्षण अङ्कको २.५० प्रतिशत हुन आउँछ ।

(रकम रू. हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	संख्या	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	बेरुजु प्रतिशत
१.	प्रदेश मन्त्रालय तथा निकाय	१८०	४७९३०११५	१२२९०८२	२.५६
२.	समिति र अन्य संस्था	१८	४८५७०१९	८८५२८	१.८२
	जम्मा	**१९८**	**५२७८७१३४**	**१३१७६१०**	**२.५०**

३. **हालसम्मको बाँकी बेरुजु** - प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु रू.५ अर्ब ५८ करोड ४ लाख ७ हजार रहेको छ । अद्यावधिक बेरुजु गत वर्षभन्दा १२.४९ प्रतिशतले बढेको छ ।

(रकम रु. हजारमा)

क्र.सं.	विवरण	विगतको बेरुजु	फर्स्यौंट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालु वर्षको थप	अद्यावधिक बाँकी बेरुजु
१	प्रदेश सरकारी निकाय	४७६६९२७	६६००१६	४१०६९११	१२२९०८२	५३३५९९३
२	समिति तथा अन्य संस्था	१९६४६७	४०५८१	१५५८८६	८८५२८	२४४४१४
	जम्मा	**४९६३३९४**	**७००५९७**	**४२६२७९७**	**१३१७६१०**	**५५८०४०७**

अद्यावधिक बेरुजुको विवरण अनुसूची-११ मा उल्लेख छ ।

४. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

४.१ यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थासमेतको रू.५२ अर्ब ७८ करोड ७१ लाख ३४ हजारको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रू.१ अर्ब ५३ करोड ६६ लाख ६६ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिवेदन अवधिसम्म रू.२२ करोड ४७ लाख ५३ हजार (कुल बेरुजुको १४.६२ प्रतिशत) सम्परीक्षण गराउँदा रू.५६ लाख ९७ हजार थप बेरुजु कायम भई रू.१ अर्ब ३१ करोड ७६ लाख १० हजार फर्स्यौंट हुन बाँकी रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची-९ र १० मा समावेश छ ।

४.२ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३८ मा बेरुजु फर्स्यौंट गर्ने जिम्मेवारी तथा दायित्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने, औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा लेखा उत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । उक्त व्यवस्था अनुसार बेरुजुको जानकारी सम्बन्धित पदाधिकारीहरूलाई दिइएको छ । सोही ऐनको दफा ४० मा बेरुजु फर्स्यौंट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । सोही व्यवस्था बमोजिम यो वर्ष कार्यरत लेखा उत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम अनुसूची-१५ मा समावेश गरिएको छ ।

४.३ प्रदेश सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालय तथा निकायहरू निम्नानुसार छन्:

(रकम रू. हजारमा)

क्र.स.	मन्त्रालय / निकाय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प. अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेश्की बाँकी	जम्मा		
१.	प्रदेश सभा सचिवालय	१७२४७६	९२८	०	०	९२८	०.०८	०.५४
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४७८४६४	५४६	४०७७८	०	४१३२४	३.३६	८.६४
३.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१४६८४७४	२५२१	१९३३६	०	२१८५७	१.७८	१.४९
४.	आर्थिक मामिला तथा योजना मन्त्रालय	१३६२०४८२	११७०	१७०	०	१३४०	०.११	०.०१

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

५.	उद्योग, कृषि तथा सहकारी मन्त्रालय	२०७७१०२	७४०१	१३८०४	६०	२१२६५	१.७३	१.०२
६.	खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालय	६२९०३३०	९३६०	२४२८७६	१०५१६	२६२७५२	२१.३८	४.१८
७.	पर्यटन, वन तथा वातावरण मन्त्रालय	२८१९७७१	१५१११	४८२६६	६६४	६४०४१	५.२१	२.२७
८.	भौतिक पूर्वाधार विकास मन्त्रालय	१२५७७३२१	९५६००	५९७४४८	६०३४३	७५३३९१	६१.३०	५.९९
९.	सामाजिक विकास मन्त्रालय	१३४९३७२	१३८९	४००४	०	५३९३	०.४४	०.४०
१०.	स्वास्थ्य मन्त्रालय	३३३१७६९	१८२४	५२२९४	१३७२	५५४९०	४.५१	१.६७
११.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१५९६६	१५०	०	०	१५०	०.०१	०.९४
१२.	प्रदेश योजना आयोग	२३३९१	२३८	०	०	२३८	०.०२	१.०२
१३.	प्रदेश लोक सेवा आयोग	१५८२६१	९१३	०	०	९१३	०.०७	०.५८
१४.	स्थानीय तह (वित्तीय हस्तान्तरण)	३५४६९३६	०	०	०	०	०.००	०.००
	जम्मा	**४७९३०११५**	**१३७१५१**	**१०१८९७६**	**७२९५५**	**१२२९०८२**	**१००.००**	**२.५६**

उल्लिखित प्रदेश सरकारी कार्यालयतर्फ लेखापरीक्षण अङ्कको तुलनामा २.५६ प्रतिशत बेरुजु कायम भएकोमा सबै भन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालयको ६१.३० प्रतिशत रहेको छ भने ६ मन्त्रालय तथा निकायको बेरुजु १ प्रतिशत भन्दा कमी रहेको छ ।

४.४ यो वर्ष १८० प्रदेश कार्यालय र १८ समिति तथा अन्य संस्थाको लेखापरीक्षण गरेकोमा २५ कार्यालय (१२.६२ प्रतिशत) मा उल्लेख्य बेरुजु देखिएन ।

४.५ यो वर्ष प्रदेश कार्यालयको लेखापरीक्षणबाट ३ हजार ६२९ दफा बेरुजु देखिएकोमा १ हजार ८७६ दफा सैद्धान्तिक र १ हजार ७५३ दफा लगती बेरुजु कायम भएको छ ।

४.६ प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएकोमा मन्त्रालय तथा निकायअन्तर्गत् कार्यालयले लेखापरीक्षणको क्रममा रू.५८ लाख २७ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.५७ लाख २५ हजार र सम्परीक्षणको क्रममा रू.४७ लाख ४८ हजारसमेत रू.१ करोड ६३ लाख असुल गराएका छन् । यससम्बन्धी विवरण अनुसूची-६ मा छ ।

यो वर्षको प्रदेश सरकारी कार्यालयतर्फ लेखापरीणबाट असुल गर्न बाँकी देखिएको रू.१३ करोड ७१ लाख ५१ हजारमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयको रू.९ करोड ५६ लाख (६९.७० प्रतिशत) र बाँकी मन्त्रालय तथा निकायको रू.४ करोड १५ लाख ५१ हजार (३०.३० प्रतिशत) देखिएको छ। यससम्बन्धी विवरण अनुसूची- ९ मा छ ।

४.७ प्रदेश सरकारी कार्यालयतर्फ म्याद नाघेको गत वर्षसम्मको पेस्की रू.३ अर्ब ६२ करोड ७० लाख १३ हजार रहेकोमा यस वर्ष थप भएको रू.७ करोड २९ लाख ५५ हजारसमेत पेस्की रू.३ अर्ब ६९ करोड ९९ लाख ६८ हजार बाँकी रहेको छ । त्यस्तै समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको पेस्की रू.७५ लाख ५३ हजार रहेकोमा यस वर्ष थप भएको रू.३४ लाख ६८ हजारसमेत पेस्की रू.१ करोड १० लाख २१ हजार बाँकी रहेको छ । यससम्बन्धी अद्यावधिक विवरण अनुसूची-५ मा छ।

४.८ प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ २८ निकायको रू.२३ लाख ५ हजार अग्रिम कर कट्टी नगरेको व्यहोरा औल्याएकोमा असुल गर्न बाँकी छ । यससम्बन्धी विवरण अनुसूची-७ मा छ ।

४.९ प्रदेशमा पहिलो प्रतिवेदन २०७५ सालमा बुझाइएको थियो । प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ६ वर्षको लेखापरीक्षण अङ्क र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रकम रू. हजारमा)

प्रतिवेदन	आर्थिक वर्ष	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेश्की बाहेकको बेरुजु	पेश्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२०७४।७५	६५६८९५	२२३४२	३.४०	२२२२६	३.३८
दोस्रो २०७७	२०७५।७६	३४६६४८९७	१६७३९२६	४.८२	७६९५२९	२.२१
तेस्रो २०७८	२०७६।७७	४४५७०३४०	१२६५१५६	२.८४	११७५४४९	२.६४
चौथो २०७९	२०७७।७८	४५५९१७५८	१६२८६१३	३.५६	१४८१८२०	३.२५
पाँचौं २०७९	२०७८।७९	४९०१९४३७	१६४६३१२	३.३६	१५२६५४२	३.१०
छैटौं २०८१	२०७९।८०	५२७८७१३४	१३१७६१०	२.५०	१२४११४७	२.३५

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति

प्रदेश मन्त्रालय तथा निकाय

१. **कानुन निर्माण -** नेपालको संविधान अनुसार प्रदेश सभाको प्रमुख कार्यहरूमध्ये संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा कानुन बनाउनु पनि रहेको छ। प्रदेश सभाले २०८० पौषसम्म पहिलो कार्यकालमा ७६ विधेयक दर्ता गराएकोमा सभाबाट ७२ कानुन पारित भएको विवरण पेश भएको छ ।

२. **मन्त्रालयको कार्यक्षेत्रमा हेरफेर -** अधिकार सम्पन्न सङ्घीय प्रशासनिक पुनः संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश मन्त्रालयको संख्या ७ रहने सिफारिस गरेकोमा प्रदेश सभाको पहिलो निर्वाचन पश्चात् गठन भएको प्रदेश सरकारले २०७४/११/३ मा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ जारी गरी सो अनुसार ७ मन्त्रालय स्थापना गरेकोमा २०७८/१०/१६ मा उक्त नियमावली संशोधन गरी मन्त्रालय संख्या १३ कायम गरेको थियो । प्रदेशले पुनः २०७९/१०/६ मा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बनाई साबिकका १३ मन्त्रालयको कार्यसम्पादनमा हेरफेर गरी मन्त्रालयको संख्या ९ कायम गरेको छ । आर्थिक वर्षको मध्यमा मन्त्रालयको कार्यक्षेत्रमा भएको फेरबदलले प्रशासनिक क्षेत्रमा पर्ने प्रभाव, एकीकृत हिसाब मिलान तथा बजेट व्यवस्थापन, जनशक्ति व्यवस्थापन, भौतिक पूर्वाधार व्यवस्थापन तथा सम्पत्ति व्यवस्थापनमा कठिनाइ हुने तथा सोको जिम्मेवारी, जवाफदेहिता, अनुगमन र अभिलेखाङ्कनमा समस्या देखिएका छन् ।

३. **सङ्गठन र कर्मचारी व्यवस्थापन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा प्रदेशस्तरका कर्मचारीहरूको अभिलेख व्यवस्थापन, प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने व्यवस्था छ । प्रदेशमा गत वर्ष १३ मन्त्रालय, २ संवैधानिक निकाय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयसमेतको ४ हजार ४४१ दरबन्दी स्वीकृत रहेकोमा २ हजार ३६४ पदपूर्ति भई २ हजार ७७ रिक्त रहेको थियो भने यो वर्ष कार्यालयले उपलब्ध गराएको विवरण अनुसार स्वीकृत दरबन्दी ३ हजार ९८४ मा १ हजार ७७९ पदपूर्ति भई २ हजार २०५ रिक्त रहेको छ । प्रदेश निजामती कर्मचारी किताबखाना स्थापना र सञ्चालन भएकोमा राष्ट्रिय किताबखानाबाट प्रादेशिक कर्मचारी सूचना प्रणाली पोर्टल २०८०।२।२२ मा हस्तान्तरण भएतापनि प्रदेश सरकारले प्रदेश तथा स्थानीय स्तरको कर्मचारीको दरबन्दी तथा पदपूर्ति अभिलेख व्यवस्थित गरेको छैन । कार्यालयले सङ्गठन संरचना र दरबन्दी अनुसार प्रदेश कर्मचारीको पदपूर्ति व्यवस्थापन गर्नुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण प्रणाली** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८० अनुसार मन्त्रालय वा अन्य निकायले आफ्नो र मातहत कार्यालयबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन

तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न, कामको प्रकृति अनुसार नियन्त्रण वातावरण, सम्भावित जोखिम, नियन्त्रणको उपाय, सूचना र सञ्चार अनुगमन गर्ने निकाय र विधि लगायतका विषय समेटी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । प्रदेश कार्यालयबाट आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

५. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यवस्था छ । उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवम् लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने व्यवस्था छ । प्रदेश मन्त्रालयहरूले विनियोजित बजेटको लक्ष्य अनुसारको वित्तीय प्रगति हासिल गरेका छैनन् । जिम्मेवारी र जवाफदेहिता पालनाको अभिलेख अद्यावधिक हुने गरी सुधार गर्नुपर्दछ ।

६. **नीति तथा कार्यक्रम** - उद्योग क्षेत्रको विकासका साथै आर्थिक सामाजिक रुपान्तरणका लागि वृहत लगानी सम्मेलनको आयोजना, प्रदेश रोजगार नीति तर्जुमा, प्रदेशमा रहेका खानी एवम् खनिज अन्वेषण र उत्खनन्सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, प्राविधिक तथा व्यावसायिक शिक्षा तालिमसम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, एकीकृत एम्बुलेन्स सेवा, परियोजना बैङ्क तयार, वित्तीय साक्षरता कार्यक्रम सञ्चालन, आन्तरिक राजस्व बढाउन सम्भाव्य क्षेत्रको पहिचान, तीन तहको सह लगानीमा व्यवसायिक रुपमा सम्भाव्य एवम् उच्च प्रतिफलयुक्त परियोजना सञ्चालन, प्रादेशिक सुरक्षा नीति तर्जुमा तथा कार्यान्वयन, प्रदेश बालकोर्ट स्थापना, प्रदेशको राजधानी सहरको विकास योजना तुर्जुमा तथा कार्यान्वयन, एक घर एक धाराको अवधारणामा सञ्चालित खानेपानी आयोजना, प्रदेश लोकमार्ग सम्बन्धी नीति तथा कानुन तर्जुमा, नदिजन्य पदार्थको अधिक र अव्यवस्थित दोहन नियन्त्रण र किराँत संस्कृतिसँग जोडिएको सप्तकोशीमा अवस्थित खुवालुङ्गको संरक्षण तथा प्रवर्धन गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन ।

७. **बजेट तथा खर्च व्यवस्थापन** - प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले बजेट वक्तव्यमार्फत् यस वर्ष रू.३९ अर्ब ७३ करोड ८३ लाख बजेट विनियोजन गरेकोमा संशोधित बजेट रू.३९ अर्ब ९२ करोड ७५ लाख ४४ हजार कायम गरेको छ । जसमध्ये चालुतर्फ रू.१६ अर्ब २८ करोड ४३ लाख ८२ हजार र पुँजीगततर्फ रू.२३ अर्ब ६४ करोड ३१ लाख ६२ हजार विनियोजन भएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेशअन्तर्गत् सङ्घीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व र गत वर्षको बचतसमेत रू.३५ अर्ब ९५ करोड ५३ लाख ९ हजार आय भएकोमा रू.३० अर्ब ७५ करोड ७७ लाख ८२ हजार खर्च भई रू.५ अर्ब १९ करोड ७५ लाख २७ हजार बचत भएको छ । विनियोजित बजेटमध्ये चालुतर्फ सञ्चित कोषमा व्ययभार पर्ने रकमसमेत रू.१२ अर्ब ६४ करोड ५२ लाख ३३ हजार तथा पुँजीगततर्फ रू.१८ अर्ब ११ करोड २५ लाख ४९ हजार खर्च भएको छ । कुल बजेटको तुलनामा खर्च ७७.०३ प्रतिशत रहेको छ, जसमध्ये कुल खर्चको अनुपातमा चालुतर्फ ४१.१३ प्रतिशत र पुँजीगततर्फ ५८.८९

प्रतिशत खर्च भएको छ । विनियोजनको तुलनामा चालुतर्फ ७७.६५ प्रतिशत र पुँजीगततर्फ ७६.६१ प्रतिशत खर्च भएको छ । खर्चमध्ये सङ्घीय सरकारलाई रू.१ अर्ब ५६ करोड ६ लाख ७२ हजार अनुदान फिर्ता भएको देखिन्छ । बजेट तथा कार्यक्रमको समुचित परिचालन एवम् पुँजीगत खर्च गर्ने क्षमता बढाउनुपर्दछ ।

८. **राजस्व प्राप्ति -** प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको सञ्चित कोषको विवरण अनुसार गत वर्षको बचत, कर, अन्य राजस्व र सङ्घीय अनुदानसमेत गरी यो वर्षको कुल आय रू.३५ अर्ब ९५ करोड ५३ लाख ९ हजार रहेकोमा राजस्व बाँडफाँटको रू.७४ करोड ५६ लाख १३ हजार चालु आर्थिक वर्षमा जम्मा भएको छ । जसमध्ये सङ्घीय राजस्व बाँडफाँटबाट रू.९ अर्ब १५ करोड ३ लाख ९६ हजार (२५.४५ प्रतिशत), सङ्घीय सरकारबाट हस्तान्तरित अनुदान रू.१५ अर्ब ८२ करोड ३८ लाख २२ हजार (४४.०१ प्रतिशत), प्रदेशबाट सङ्कलित राजस्व रू.३ अर्ब ८१ करोड ६३ लाख ३९ हजार (१०.६१ प्रतिशत) र गत वर्षको मौज्दातबाट रू.७ अर्ब १६ करोड ४७ लाख ४९ हजार (१९.९३ प्रतिशत) प्राप्त भएको छ । आयको उल्लेखनीय हिस्सा सङ्घीय अनुदान तथा सङ्घीय राजस्व बाँडफाँट रहेकोले आन्तरिक राजस्वको दायरा बढाउनुपर्दछ ।

९. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ मा प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले पठाउनुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरण अनुसार गत वर्षको जिम्मेवारी रू.९ अर्ब ५५ करोड ९५ लाख २९ हजार रहेकोमा यस वर्षको प्राप्ति रू.२८ अर्ब ९६ करोड ८७ लाख ८२ हजार र भुक्तानी रू.३० अर्ब ९२ करोड ४६ लाख ५० हजार देखाएको छ । धरौटीलगायत अन्य कोषको मौज्दात रू.२५ करोड ४ लाख १० हजार रहेको छ। आर्थिक वर्षको अन्त्यमा कोषसहितको नगद मौज्दात रू.७ अर्ब ८५ करोड ४० लाख ७१ हजार र सोझै भुक्तानी खर्च रू.३ करोड ७८ लाख २१ हजार रहेको छ ।

१०. **सरकारी सम्पत्तिको अभिलेख -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ७८ (७) मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गरी कात्तिक मसान्तभित्र महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश सरकारको सम्पत्ति रू.५ अर्ब ५१ करोड ६१ लाख ६९ हजार रहेको छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट तयार गरेको विवरणमा सबै सम्पत्तिहरू समावेश हुन नसकेको, मन्त्रालय घटबढ हुँदा सो अनुसार विवरण तयार नगरेको, औषधिजन्य सामग्रीको छुट्टै प्रणालीमा प्रविष्टि गरेको, मूल्य नखुलेका सम्पत्तिको मूल्य रू.१ राखेको, घरजग्गा अभिलेख व्यवस्थित नभएको लगायतका व्यहोरा देखिएका छन् । प्रदेश सरकारको सबै सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा यथार्थ प्रविष्टि गरी सम्पत्तिको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

११. **राहत वितरण** - प्राकृतिक विपत्तिबाट क्षति भएका १० जिल्लाका ११४ घरलाई रू.४० लाख ८० हजार र ८ जिल्लाका २१ मृतकलाई रू.१ लाखको दरले २१ लाखसमेत रू.६१ लाख ८० हजार राहत वितरण गरेको छ । नेपाल सरकारका सङ्घीय मन्त्रालय र स्थानीय निकायबाट पनि राहत तथा सहयोग वितरण हुने भएकोले अन्य निकायसँग समन्वय गरी राहत तथा आर्थिक सहयोगको रकम परिचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१२. **यातायात व्यवस्थापन** - प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को बजेटमा यातायात प्रणालीलाई सुरक्षित, प्रविधियुक्त र सहज बनाउन ट्राफिक सुरक्षाको निम्ति विराटनगर, धरान, इटहरी, दमक, वितामोड, काँकडभित्ता लगायतका प्रमुख चोकमा ट्राफिक लाईट जडान गर्न रू.१ करोड २५ लाख विनियोजन भएकोमा कार्यान्वयन भएको देखिएन । बजेट कार्यान्वयन नहुनुको कारण पहिचान गरी सुधार हुनुपर्दछ ।

१३. **मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम** - सामाजिक विकास मन्त्रालय योजना तथा कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७८ को दफा नं. ५ मा मन्त्रालयबाट सञ्चालन हुने मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रममा यो वर्ष रू.७ करोड विनियोजन भएकोमा रू.२ करोड ६० लाख ६१ हजार खर्च भएको छ । कार्यक्रमका लागि १४८ विद्यालय छनोट गरी निकासा दिएकोमा छनोटको आधार उल्लेख गरेको देखिएन । निर्देशिका अनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१४. **नवौं राष्ट्रिय खेलकुद** – सार्वजनिक खर्चलाई मितव्ययी बनाउन स्वीकृत नर्म्स अनुसार खर्च गर्नुपर्नेमा २०७९।६।२८ देखि २०७९।७।३ सम्म पोखरामा सञ्चालन भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ६३ खेलमा ६२९ खेलाडीको सहभागिता रहेकोमा कोशी प्रदेशको सहभागिताका लागि खेलाडी छनोट तथा बन्द प्रशिक्षण, पोशाक खरिदलगायतमा रू.९ करोड २३ लाख ३२ हजार खर्च गरेको छ । उक्त खर्चको मापदण्ड सम्बन्धित निकायबाट स्वीकृत भएको छैन । मापदण्ड बनाई खर्च गर्नुपर्दछ ।

१५. **एम्बुलेन्स व्यवस्थापन** - कोशी प्रदेश जनस्वास्थ्य ऐन, २०७७ को दफा २४ अनुसार गठित प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समिति तथा ग्लोबल फन्ड र सेभ द चिल्ड्रेनको सहयोगमा प्रादेशिक प्रेषण केन्द्र (रिफर सेन्टर) सञ्चालनमा रहेको छ । केन्द्रको सहयोग २०२३ डिसेम्बर २३ मा समाप्त भएतापनि अन्य वैकल्पिक व्यवस्था गरेको छैन । एम्बुलेन्समा अनिवार्य जिपिएस जडान हुनुपर्ने व्यवस्था रहेकोमा ५४७ मध्ये हालसम्म ५३ एम्बुलेन्समा जिपिएस जडान भएको छ। स्वास्थ्य सेवा प्रवाहको स्थायित्व र प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ ।

१६. **स्वास्थ्य बीमा** - स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २१ मा सेवा प्रदायकले ऐन बमोजिम रकम भुक्तानी दावी गर्दा बीमा व्यवस्थापन सूचना प्रणालीमार्फत दावी प्रविष्ट गरी भुक्तानी लिनुपर्ने व्यवस्था छ । बीमा सेवा प्रदायक संस्थाले रकम भुक्तानी दिई सो को सोधभर्ना दिने व्यवस्था अनुसार जिल्ला अस्पताल धनकुटा, सोलुखुम्बु, उदयपुर, पाँचथर, सुनसरी र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, विराटनगरले यो वर्ष रु.१९ करोड २३ लाख ५६ हजार मागदावी गरेकोमा बीमा बोर्डबाट रू.१५ करोड ५० लाख ६१ हजार शोधभर्ना दिई रू.३ करोड ७२ लाख ९५ हजार शोधभर्ना हुन बाँकी रहेको छ ।

१७. **आयोजनाको दायित्व** - प्रदेश सरकारको २०७९।८० को नीति कार्यक्रममा प्राथमिकता प्राप्त आयोजनामा स्रोत सुनिश्चित गर्ने, विस्तृत परियोजना प्रतिवेदनको आधारमा योजनाको छनोट गर्ने, आयोजना बैङ्क तयार गरी योजनाहरूको प्राथमिकीकरण गरी उपयुक्त आयोजना छनोट गर्ने उल्लेख छ।

१७.१. प्रदेश सरकारबाट स्रोत सहमति प्राप्त भई भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत सञ्चालन हुने २०४ आयोजनाको कुल लागत रू.५८ अर्ब ५९ करोड ८६ लाख ४९ हजार रहेकोमा रू.३५ अर्ब

३८ करोड ५४ लाख २५ हजारमा सम्झौता भएको देखिन्छ । उक्त योजनाको दायित्वमध्ये यो वर्षसम्मको भुक्तानी रू.१९ अर्ब ३४ करोड ७३ लाख ५७ हजार भएकोमा रू.१५ अर्ब ५२ करोड २० लाख १६ हजार भुक्तानी दायित्व देखिन्छ । आर्थिक वर्ष २०८०।८१ का लागि रू.८ अर्ब ८६ करोड २३ लाख ५० हजार विनियोजन भएतापनि दायित्व सिर्जना भएका योजनाबाहेक नयाँ योजनामासमेत बजेट विनियोजन भएको देखिन्छ । बहुवर्षीय आयोजनाको लागि पर्याप्त बजेट विनियोजन गरी आयोजना सम्पन्न गर्नुपर्दछ ।

१७.२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, ओखलढुंगाको यो वर्षसम्म प्रदेशतर्फका खानेपानी तथा सरसफाईसम्बन्धी १२५ आयोजनाको कुल लागत रू.९ अर्ब ७५ करोड २४ लाखमध्ये रू.१ अर्ब ११ करोड ६० लाख भुक्तानी गरी रू.८ अर्ब ६३ करोड ६३ लाख दायित्व बाँकी रहेको छ । विगतका ८० खानेपानी आयोजनाहरू कार्य सम्पन्न नहुँदै यो वर्षमा ४५ थप नयाँ आयोजना कार्यान्वयनमा ल्याई उक्त आयोजनाहरूको लागत रू.२ अर्ब १७ करोड ११ लाखमध्ये रू.४ करोड ९० लाख २२ हजार भुक्तानी भई रू.२ अर्ब १२ करोड २१ लाखको कार्य बाँकी रहेको छ । त्यस्तै, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, झापाअन्तर्गत् १०९ आयोजनाको लागत अनुमान रू.४ अर्ब १० करोड ६१ लाखमध्ये यो वर्षसम्म रू.५९ करोड ३६ लाख ७३ हजार भुक्तानी भई रू.३ अर्ब ५१ करोड २५ लाखको कार्य गर्न बाँकी रहेको छ । आगामी वर्षको बजेट तर्जुमा गर्दा बजेट व्यवस्था भएको कार्यक्रमलाई योजनामा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

१८. **जनता आवास कार्यक्रम -** नेपाल सरकारले जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ अनुसार कोशी प्रदेशका १४ जिल्लामा कार्यक्रम कार्यान्वयन गरेकोमा १० जिल्लाको विवरण पेश भएको छ । कार्यक्रमअन्तर्गत १० जिल्लामा हालसम्म सङ्घीय सरकारबाट ५ हजार ६३७ र प्रदेश सरकारबाट १ हजार ७० समेत ६ हजार ७०७ आवास निर्माण गर्ने लक्ष्य रहेकोमा यो वर्ष सङ्घीय सरकारबाट ४ हजार २२२ र प्रदेश सरकारबाट ६७५ समेत ४ हजार ८९७ आवास निर्माणमा रू.१ अर्ब ६० करोड ७० लाख ४८ हजार खर्च भएको छ । संघतर्फ १ हजार ४१५ तथा प्रदेशतर्फ ३९५ समेत १ हजार ८१० आवास निर्माण गर्न बाँकी देखिन्छ । बाँकी ४ जिल्ला र अन्य जिल्लामा निर्माण कार्य सुरू गर्न नसकेका लाभग्राहीको विवरण अद्यावधिक गरेको छैन । कार्यक्रम कार्यान्वयनको अभिलेख अद्यावधिक गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१९. **वन अतिक्रमण -** वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६८ मा कार्यविधि बनाई वन कार्यालयले वन अतिक्रमण हटाउनुपर्ने व्यवस्था छ । यस मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेशअन्तर्गत् १३ हजार ३७७ हेक्टर वन क्षेत्र अतिक्रमणमा रहेको अभिलेख छ ।

२०. **कृषि क्षेत्रमा अनुदान** - प्रदेश कृषि व्यवसाय प्रवर्धन अनुदान ऐन, २०७७ को दफा ३ बमोजिम कृषि तथा पशुपंक्षीजन्य वस्तु उत्पादन, प्रशोधन, बजारीकरणलगायत निर्यात प्रवर्धनमा अनुदान उपलब्ध गराउने र सो ऐनको दफा १४ मा त्यस्ता अनुदानहरूको अनुगमन गर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयबाट रू.१ करोड ९० लाख २४ हजार, कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरूबाट रू.४७ करोड ९ लाख १५ हजार तथा पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय र मातहतका कार्यालयहरूबाट रू.३३ करोड २७ लाख ३४ हजारसमेत रू.८२ करोड २६ लाख ७३ हजार अनुदान उपलब्ध गराएको छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेश अन्तर्गतका १४ जिल्लाका २१ हजार ९४५ महिला र २८ हजार ७८८ पुरुष गरी ५० हजार ७३३ जना प्रत्यक्ष

लाभान्वित भएको जनाएको छ । उक्त अनुदान खाद्यान्न भण्डारण गृह निर्माण, प्राङ्गारिक मल, चाक्लाबन्दी खेती कार्यक्रम, व्यावसायीक फलफूल बगैंचा स्थापना सहयोग, युवा लक्षित च्याउ, मह, तरकारी उत्पादन, नमूना कृषि, मकैबाली प्रवर्धन, प्राङ्गारिक खेती, तेलहन बाली प्रवर्धन, मासुजन्य उद्योग स्थापना, बोयर बोका खरिद तथा वितरण, दुग्ध उत्पादन अनुदान, यन्त्र उपकरण खरिद तथा वितरण लगायतका कार्यक्रमहरूमा वितरण गरेको छ । ऐनको दफा ३(२) अनुसार एक आर्थिक वर्षमा एउटा कामका लागि मात्र अनुदान उपलब्ध गराउने व्यवस्था र दफा १४ अनुसारको अनुदान अनुगमन गर्ने कार्यविधि, सूचक तथा संयन्त्र तयार गरेको छैन । अनुगमन कार्यविधि, सूचक तथा संयन्त्रको व्यवस्था गरी अनुदानको नियमित रूपमा अनुगमन गर्नुपर्दछ ।

२१. **दुध सङ्कलन र बिक्री वितरण** - प्रदेश कृषि व्यवसाय प्रवर्धन अनुदान मापदण्ड, २०७८ मा सहकारी संस्थाहरूलाई दैनिक ५०० लिटर दुध बिक्री गरेको तथा कृषकले २०० दिनसम्म दुग्ध सहकारी संस्थालाई दुध बिक्री गरेको आधारमा प्रति लिटर रू.२ अनुदान दिने व्यवस्था छ । भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, धनकुटाले यो वर्ष ३१ कृषक सहकारी तथा डेरी उद्योगलाई ९७ लाख ५१ हजार लिटर दुध सङ्कलन तथा बिक्रीबापत रू.१ करोड ९५ लाख २ हजार अनुदान दिएको छ । सोमध्ये ५ दुग्ध सहकारी तथा डेरी उद्योगलाई मापदण्ड पूरा नभएको अवस्थामा रू.१६ लाख ३७ हजार अनुदान दिएको छ । खरिद गर्ने दुग्ध सहकारी संस्थाहरूले उपलब्ध गराएको विवरणको आधारमा सो अनुदान सम्बन्धितलाई दिने गरेको पाइयो । अनुदान प्रदान गर्दा मापदण्डको पालना हुनुपर्दछ ।

२२. **दिगो विकास लक्ष्य** - दिगो विकासका विश्वव्यापी १७ लक्ष्यमध्ये नेपालले अंगीकार गरेका लक्ष्य (लक्ष्य नं. १४ बाहेक) १६, गन्तव्य १६९ मध्ये १५९ र सूचक २३७ मा २५७ थपसमेत ४९४ सूचकलाई योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरी सन् २०३० सम्म पूरा गर्ने कार्यसूचीमा उल्लेख छ । प्रदेश सरकारको वार्षिक विकास कार्यक्रम (२०७९/८०) अनुसार यस वर्ष दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रदेश सरकारले रू.१४ अर्ब ३६ करोड १८ लाख ९८ हजार बजेट विनियोजन गरेको भनिएतापनि दिगो विकासका लक्ष्यलाई बजेट तथा कार्यक्रममा आन्तरिकीकरण गरेको छैन । प्रदेश सरकारको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्नुपर्दछ ।

२३. **प्रदेश आवधिक योजनाको समीक्षा** - प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनको लागि प्रत्येक वर्ष हासिल गर्नुपर्ने नतिजा सूचकहरू उल्लेख छ । प्रदेशको २०७९/८० सम्ममा आर्थिक वृद्धिदर ९.९ प्रतिशत, प्रतिव्यक्ति आय अमेरिकी डलर १ हजार ४८३, साक्षरता दर ९६ प्रतिशत, बहुआयामिक गरिबीको रेखामुनी रहेको जनसंख्या १५.१ प्रतिशत, अपेक्षित आयु ७२.५ वर्ष, खानेपानी सेवा पुगेको जनसंख्या ९९ प्रतिशत र विद्युत पहुँच प्राप्त परिवार १०० प्रतिशत हुने लक्ष्य रहेकोमा आर्थिक वृद्धिदर २.३८ प्रतिशत, प्रतिव्यक्ति आय अमेरिकी डलर १ हजार २९९, साक्षरता दर ७९.७० प्रतिशत, बहुआयामिक गरिबीको रेखामुनी रहेको जनसंख्या १४.१० प्रतिशत, अपेक्षित आयु ७१.८० वर्ष, खानेपानी सेवा पुगेको जनसंख्या ९० प्रतिशत र विद्युत पहुँच प्राप्त परिवार ९८ प्रतिशत उपलब्धि रहेको छ । कुल गार्हस्थ उत्पादन र मानव विकास सूचकाङ्कको उपलब्धि लक्ष्य अनुसार प्राप्त भएतापनि मुद्रास्फिति ५.९ प्रतिशतमा सीमित राख्ने लक्ष्य पूरा भएको छैन । आवधिक योजनाको सोच, लक्ष्य र उद्देश्य अनुरुप नतिजा हासिल हुनुपर्दछ ।

२४. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३५ मा प्रदेश सरकारका प्रत्येक कार्यालयको कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने र यसरी आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै लेखा उत्तरदायी अधिकृतले फर्स्यौंट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षकसमक्ष प्रस्तुत गर्नुपर्ने उल्लेख छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रू.१ करोड ७५ लाख ५८ हजार, नियमित गर्नुपर्ने रू.४ करोड ९४ लाख ९४ हजार बेरुजु र पेस्की बाँकी रू.७८ करोड ३७ लाख २२ हजारसमेत रू.८५ करोड ७ लाख ९४ हजार बेरुजु औंल्याइएकोमा फर्स्यौंट गरेको पाइएन । लेखापरीक्षण प्रतिवेदन नियम अनुसार कार्यान्वयन गर्नुपर्दछ।

२५. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ७ मन्त्रालयअन्तर्गतका ३१ कार्यालयले रू.३९ करोड ३७ लाख ६३ हजारको निर्माण, मर्मत सम्भार, फर्निचर तथा औषधि उपकरण, कार्यालय सामान प्रतिस्पर्धा बेगर सोझै खरिद गरेका छन् । खरिद नियमको पालना गर्नुपर्दछ ।

२६. **समायोजन ग्रेड -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुनेसम्बन्धी व्यवस्था छ । पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय र प्रथम तथा राजपत्रांङ्कित तृतीय र द्वितीय श्रेणीका कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा समायोजन ग्रेडको व्यवस्था रहेको पाइएन । प्रदेश अन्तर्गतका विभिन्न ४७ कार्यालयका २२९ कर्मचारीलाई यो वर्ष समायोजन ग्रेड थप गरी रू.१ करोड ६० लाख बढी भुक्तानी गरेको छ । उक्त रकम असुल हुनुपर्दछ ।

२७. **बेरुजुको लगत -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को दफा ८८(३) मा मन्त्रालय वा अन्य निकायले आफ्नो र मातहतको कार्यालयको बेरुजुको लगत राख्दा फर्स्यौंट अङ्क र बाँकी अङ्क खुलाई अनुसुची २१ बमोजिमको ढाँचामा विवरण तयार गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । बेरुजु लगतको आधारमा कार्यालय र मन्त्रालय वा अन्य निकायले बेरुजु फर्स्यौंटको चौमासिक कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा प्रदेश मन्त्रालय तथा अन्तर्गतका कार्यालय र अन्य निकायको बेरुजुको विवरण अद्यावधिक रहेको छैन । मन्त्रालयहरू टुक्रिदाँ र समायोजन हुँदा बेरुजु अभिलेखसमेत अद्यावधिक गरी कानुन बमोजिम फर्स्यौंट गर्नुपर्दछ।

२८. **लेखापरीक्षण बक्यौता -** महालेखापरीक्षकको पाँचौ वार्षिक प्रतिवेदनसम्म प्रदेश सरकार अन्तर्गतको ९ निकायको लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष लेखापरीक्षणको लागि पेश भएको छैन। विस्तृत विवरण अनुसूची-३ मा उल्लेख छ ।

२९. **प्रदेश बजेट कार्यान्वयन स्थिति -** कोशी प्रदेश सरकार अन्तर्गत २०७७।७८ देखि २०७९।८० सम्म ३ वर्षको बजेट अनुमान रू.१ खर्ब १५ अर्ब ५८ करोड ८३ लाख ४४ हजार भएकोमा

रू.८८ अर्ब ६७ करोड ५४ लाख ७९ हजार खर्च भएको छ । वार्षिक रुपमा बजेट अनुमानको तुलनामा चालु खर्च ६८.६४ प्रतिशतदेखी ८२.२० प्रतिशतसम्म र पुँजीगत खर्च ६८.२३ प्रतिशतदेखि ८९.७५ प्रतिशतसम्म भएको छ । बजेट अनुमान यर्थाथपरक र कार्यान्वयन योग्य बनाइ बजेटले लिएको लक्ष्य हासिल गर्न खर्च क्षमतामा वृद्धि गर्नुपर्दछ ।

(रकम रू. हजारमा)

शीर्षक/आर्थिक वर्ष	आर्थिक वर्ष २०७७/७८	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०	जम्मा
बजेट विनियोजन				
चालु	१७६०६८१९	१५९६८९७८	१६२८४३८२	४९८६०१७९
पुँजीगत	२३२५३१२८	१८७६१८७५	२३६४३१६२	६५६५८१६५
वित्तीय व्यवस्था	४००००	३००००	०	७००००
जम्मा	**४०८९९९४७**	**३४७६०८५३**	**३९९२७५४४**	**११५५८८३४४**
खर्च				
चालु	१२०८५२१२	१३१२७२१५	१२६४५२३३	३७८५७६६०
पुँजीगत	१५८६६०४९	१६८३९२२१	१८११२५४९	५०८१७८१९
वित्तीय व्यवस्था	०	०	०	०
जम्मा	**२७९५१२६१**	**२९९६६४३६**	**३०७५७७८२**	**८८६७५४७९**
विनियोजनको तुलनामा खर्च प्रतिशत				
चालु	६८.६४	८२.२	७७.६५	७५.९३
पुँजीगत	६८.२३	८९.७५	७६.६१	७७.३९
जम्मा	**६८.३४**	**८६.२१**	**७७.०३**	**७६.७२**

३०. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

खण्ड

१

प्रदेश मन्त्रालय तथा निकाय

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम कोशी प्रदेशमा ९३ सदस्यीय प्रदेश सभा गठन भएको छ। धारा १९५ बमोजिम प्रदेश सभाको काम कारबाही सञ्चालन, व्यवस्थापन गर्न प्रदेश सभा सचिवालय रहने व्यवस्था छ ।

१. **सरकारी कार्यालय** - सचिवालयको निम्नानुसार रू.१७ करोड २४ लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१६९८७६	४५४	२१४६	०	१७२४७६

२. **विधेयक दर्ता तथा पारित** - नेपालको संविधान अनुसार प्रदेश सभाको प्रमुख कार्यहरूमध्ये संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा कानुन बनाउनु पनि रहेको छ। प्रदेश सभाले २०८० पौषसम्म पहिलो कार्यकालमा ७६ विधेयक दर्ता गराएकोमा सभाबाट ७२ कानुन पारित भएको विवरण पेश भएको छ ।

३. **निर्णय कार्यान्वयन** - प्रदेश सभा नियमावली, २०७४ को नियम १३१ मा प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए/गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाहसमेतका लागि प्रदेश सभामा विभिन्न विषयगत समितिहरूको गठन गर्न सक्ने व्यवस्था अनुसार प्रदेश सभाले ७ समिति गठन गरेको छ। प्राप्त विवरण अनुसार न्याय प्रशासन तथा विधायन समितिले ५९, सुशासन तथा योजना समितिले ४८, अर्थ समितिले ६७, सार्वजनिक लेखा समितिले ५७, सामाजिक विकास समितिले ९२, उद्योग, पर्यटन तथा वातावरण समितिले ६५, प्राकृतिक स्रोत तथा पूर्वाधार विकास समितिले ३४ बैठकमा विभिन्न निर्णय गरेका छन् । यो वर्ष समितिहरूले २२ वैठकमा ५१ निर्णय गरेकोमा ७ निर्णय सभामा पेश भएका छन् ।

४. **प्रतिवेदनमा छलफल** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेश गर्ने व्यवस्था छ । महालेखापरीक्षकले गत वर्षसम्म प्रदेशका ५ वटा प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरेको भएतापनि प्रदेश सभाको सार्वजनिक लेखा समितिमा दफावार छलफल भएको देखिएन । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सार्वजनिक लेखा समितिमा यथासक्य छिटो छलफल गराई टुंग्याउनुपर्दछ ।

५. **समायोजन ग्रेड** - कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ । पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय र प्रथम तथा राजपत्रांकित तृतीय र द्वितीय श्रेणीका कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । यस सम्बन्धमा विगतको प्रतिवेदनमा भुक्तानी दिएको ग्रेड रकम असुल गर्ने व्यहोरा समावेश गरिएतापनि यो वर्षसमेत ग्रेड नपाउने तहमा समायोजन

भएका १३ कर्मचारीलाई ग्रेड थप वापत रू.९ लाख २८ हजार भुक्तानी दिएको छ । ऐन विपरीत भुक्तानी भएको ग्रेड रकम असुल गर्नुपर्दछ ।

६. **योग्यता र मापदण्ड** - प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ को अनुसूची -२ मा सभामुखले राजपत्राङ्कित तृतीय श्रेणीका एक र राजपत्र अनङ्कित प्रथम श्रेणीका एक गरी दुई जना स्वकीय सचिवको सुविधा र अन्य पदाधिकारी तथा सदस्यले राजपत्र अनङ्कित प्रथम श्रेणीका एक स्वकीय सचिवको सुविधा पाउने व्यवस्था छ। सचिवालयले ९१ पदाधिकारी तथा सदस्यको सो अनुसार सुविधा सिफारिसमा न्यूनतम योग्यता पुगेको प्रमाण सङ्कलन गरी यो वर्ष सुविधाबापत रू.२ करोड ५७ लाख ८५ हजार खर्च भएको देखिन्छ । पदाधिकारीहरुको कार्यलाई प्रभावकारी तथा दक्षतापूर्वक सञ्चालन गर्न स्वकीय सचिवालयको कर्मचारीको योग्यता र पदपूर्ति प्रक्रिया सम्बन्धमा मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउन उपयुक्त हुने देखिन्छ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा आन्तरिक प्रतिवेदन तयार नगरेको, तलबी प्रतिवेदन पारित नभएको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, संसदीय समितिको निर्णय कार्यान्वयन नभएको तथा महालेखापरीक्षणको प्रतिवेदन वार्षिक प्रतिवेदन समितिमा दफावार छलफल नभएको लगायतका व्यहोरा औंल्याइएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - सचिवालयको यो वर्ष रू.१० लाख ८१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ लाख ५३ हजार फर्स्यौंट भई रू.९ लाख २८ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषद्मा पेश हुने विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति र तर्जुमा भएको विधेयक मस्यौदाको स्वीकृति, अध्यादेश सिफारिस र प्रत्यायोजित विधायन जारी गर्ने तथा आदेशको तर्जुमा, स्वीकृति गर्ने, मन्त्रीपरिषद्ले गरेका निर्णयको कार्यान्वयनको अनुगमन, प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरीवेक्षण र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन् ।

१. **सरकारी कार्यालय** – कार्यालयको निम्नानुसार रू.४७ करोड ८४ लाख ६४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२५६३७७	३६६	३१६८	२१८५५३	४७८४६४

उल्लिखित रकममा यस कार्यालयमा विनियोजन भई जिल्ला समन्वय समिति, पाँचथरलाई निकासा भएको रू.१० लाखसमेत समावेश छ ।

२. **समिति तथा अन्य संस्था** - यो वर्ष २ संस्थाको रू.२० करोड १९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८० अनुसार मन्त्रालय वा अन्य निकायले आफ्नो र मातहत कार्यालयबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न, कामको प्रकृति अनुसार नियन्त्रण वातावरण, सम्भावित जोखिम, नियन्त्रणको उपाय, सूचना र सञ्चार अनुगमन गर्ने निकाय र विधि लगायतका विषय समेटी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । प्रदेश कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा प्रदेशस्तरका कर्मचारीहरूको अभिलेख व्यवस्थापन, प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने व्यवस्था छ । प्रदेशमा गत वर्ष १३ मन्त्रालय, २ संवैधानिक निकाय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयसमेतको ४ हजार ४४१ दरबन्दी स्वीकृत रहेकोमा २ हजार ३६४ पदपूर्ति भई २ हजार ७७ रिक्त रहेको थियो भने यो वर्ष कार्यालयले उपलब्ध गराएको विवरण अनुसार स्वीकृत दरबन्दी ३ हजार ९८४ मा १ हजार ७७९ पदपूर्ति भई २ हजार २०५ रिक्त रहेको छ । प्रदेश निजामती कर्मचारी किताबखाना स्थापना र सञ्चालन भएकोमा राष्ट्रिय किताबखानाबाट प्रादेशिक कर्मचारी सूचना प्रणाली पोर्टल २०८०।२।२२ मा हस्तान्तरण भएतापनि प्रदेश सरकारले प्रदेश तथा स्थानीय

स्तरको कर्मचारीको दरबन्दी तथा पदपूर्ति अभिलेख व्यवस्थित गरेको छैन । कार्यालयले सङ्गठन संरचना र दरबन्दी अनुसार प्रदेश कर्मचारीको पदपूर्ति व्यवस्थापन गर्नुपर्दछ ।

५. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ देखि ५७ मा जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवम् लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने व्यवस्था छ । कार्यालय र मातहतकोसमेत विनियोजन रू.६८ करोड ९३ लाख २५ हजारमध्ये रू.२५ करोड ६३ लाख ७७ हजार (३७.१९ प्रतिशत) खर्च भएको छ । खर्चमध्ये चालुतर्फ रू.६१ करोड ४२ लाख २८ हजार विनियोजन भएकोमा रू.२१ करोड ७३ लाख ८३ हजार (३५.३९ प्रतिशत) तथा पुँजीगततर्फ रू.७ करोड ५० लाख ९९ हजार विनियोजन भएकोमा रू.३ करोड ८९ लाख ९४ हजार (५१.९२ प्रतिशत) खर्च रहेको छ। बजेट बनाउँदा कार्यान्वयनको सुनिश्चितता नहुने, सञ्चालन हुन नसक्ने कार्यक्रममा बजेट व्यवस्था गर्ने, वर्षान्तमा रकमान्तर गर्ने, समयमा बजेट समर्पण नगर्ने लगायतका स्थितिले जवाफदेहिता पालनामा कमजोर देखिएको छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नुपर्दछ ।

६. **नीति तथा कार्यक्रम कार्यान्वयन** - उद्योग क्षेत्रको विकासका साथै आर्थिक सामाजिक रुपान्तरणका लागि वृहत लगानी सम्मेलनको आयोजना, प्रदेश रोजगार नीति तर्जुमा, प्रदेशमा रहेका खानी एवम् खनिज अन्वेषण र उत्खनन् सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, प्राविधिक तथा व्यावसायिक शिक्षा तालिमसम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा र एकीकृत एम्बुलेन्स सेवा लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन ।

७. **बैठक तथा निर्णय कार्यान्वयन** - प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा १० र ११ मा मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन स्थितिको सुपरिवेक्षण, सचिव बैठक आयोजना र बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने व्यवस्था छ । यस वर्ष कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्को ३७ बैठक सम्पन्न भई १५३ निर्णय र सचिव बैठक ३७ सम्पन्न भई विभिन्न विषयमा ५६ निर्णय भएका छन् । ऐनमा व्यवस्था भए बमोजिम बैठकको निर्णय कार्यान्वयन र सोको सुपरिवेक्षण हुनुपर्दछ ।

८. **मन्त्रालयको कार्यक्षेत्रमा हेरफेर** - अधिकार सम्पन्न सङ्घीय प्रशासनिक पुनः संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश मन्त्रालयको संख्या ७ रहने सिफारिस गरेकोमा प्रदेश सभाको पहिलो निर्वाचन पश्चात् गठन भएको प्रदेश सरकारले २०७४/११/३ मा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ जारी गरी सो अनुसार ७ मन्त्रालय स्थापना गरेकोमा २०७८/१०/१६ मा उक्त नियमावली संशोधन गरी मन्त्रालय संख्या १३ कायम गरेको थियो । प्रदेशले पुनः २०७९/१०/६ मा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बनाई साबिकका १३ मन्त्रालयको कार्यसम्पादनमा हेरफेर गरी मन्त्रालयको संख्या ९ कायम गरेको छ । आर्थिक वर्षको मध्यमा मन्त्रालयको कार्यक्षेत्रमा भएको फेरबदलले प्रशासनिक क्षेत्रमा पर्ने प्रभाव, एकीकृत हिसाब मिलान तथा बजेट व्यवस्थापन, जनशक्ति व्यवस्थापन,

भौतिक पूर्वाधार व्यवस्थापन तथा सम्पत्ति व्यवस्थापनमा कठिनाइ हुने तथा सोको जिम्मेवारी, जवाफदेहिता, अनुगमन र अभिलेखाङ्कनमा समस्या देखिएका छन् ।

९. **परामर्श सेवा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) क मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा त्यस्तो काम परामर्श सेवाबाट खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०७९/८० सम्म १८ परामर्शदाताबाट रू.१ करोड १९ लाख ७६ हजारको परामर्श सेवा खरिद गरेको छ । कार्यालयका कर्मचारीबाट उक्त कार्य हुन नसक्ने सम्बन्धमा परामर्श सेवा खरिद पूर्व कुनै विश्लेषण तथा पुस्ट्याँईको आधार पेश नगरी विभिन्न बाह्य परामर्शदाताबाट परामर्श सेवा खरिद गरेको छ । यसरी खरिद गरिएकामध्ये गरिबी निवारण रणनीति, दिगो विकास लक्ष्यको आन्तरिकीकरण, योजना तथा बजेट प्रणालीको सबलीकरण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, पर्यटन विकास नीति लगायतका अध्ययन प्रतिवेदन तथा नीतिहरू तर्जुमा गरी कार्यान्वयनका लागि मन्त्रालय तथा अन्य निकायहरूमा पठाएको छ । परामर्शदाताबाट तयार गरिएका अध्ययन प्रतिवेदन तथा नीतिहरूको कार्यान्वयन हुनुपर्दछ ।

१०. **शासकीय सुधार** - प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अन्य मन्त्रालय र मातहतका कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था, एकद्वार सेवा प्रणाली कार्यान्वयन, सेवाको गुणस्तरलगायतको अनुगमन गरी प्रदेशको शासकीय अवस्था र सुशासनको लागि विषयगत प्रगति तयार गर्नुपर्नेमा तयार नगरेको व्यहोरा गत वर्षको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत् छ । प्रदेश सरकार (मन्त्रिपरिषद्) को २०७९/१०/६ र २०७९/११/१ को निर्णय अनुसार विभिन्न ६ कार्य क्षेत्रगत सर्तहरू उल्लेख गरी उच्चस्तरीय प्रशासन सुधार कार्यदलले दिएको प्रतिवेदनमा सङ्गठन संरचना र दरबन्दीमा सुधार गर्नु पर्ने, कर्मचारी सेवा तथा विकाससम्बन्धी कानुनी तथा नीतिगत प्रबन्ध गर्ने, कार्य पद्धतिमा सुधार गर्ने, मनोवृति र आचरणमा सुधार ल्याउने, जनशक्ति विकास तथा उपयोगमा प्रभावकारिता ल्याउने, सेवा र जनशक्तिको आवश्यकता पहिचान र दरबन्दी तथा कर्मचारी पदपूर्तिको व्यवस्था मिलाउने लगायतका १२ विषयगत सुझावहरू दिइएका छन् । प्रतिवेदनमा उल्लिखित व्यहोरा कार्यान्वयन गर्नुपर्दछ ।

११. **प्रदेश समन्वय परिषद्** - परिषद्को बैठक (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ अनुसार परिषद्को बैठक एक आर्थिक वर्षमा कम्तिमा दुई पटक बस्ने व्यवस्था छ । कोशी प्रदेश समन्वय परिषद्को ५औं बैठक परिषद्को संयोजक माननीय मुख्यमन्त्रीको संयोजकत्वमा २०८०।०१।०४ मा शासकीय प्रबन्धका विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गर्ने, स्थानीय तहको आवधिक योजना निर्माण र भू-उपयोग योजना निर्माण लगायतका ५ निर्णय भएकोमा कार्यान्वयन अवस्थाको अद्यावधिक अभिलेख पेश भएन ।

१२. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ मा सम्बन्धित मन्त्री तथा सचिवले बजेट तथा कार्यक्रमको त्रैमासिक अनुगमन तथा मूल्याङ्कन गरी भौतिक र वित्तीय प्रगतिसमेत आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्ने र सो मन्त्रालयले अर्धवार्षिक र वार्षिकरूपमा एकीकृत मूल्याङ्कन विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ।

राजश्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान, वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण तथा प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्था र सोको मूल्याङ्कन गरी सार्वजनिक गर्नुपर्नेमा अधिकांश मन्त्रालयका वेबसाईटमा उल्लिखित विवरणहरू अद्यावधिक गरेको देखिएन । बजेट तथा कार्यक्रमको मूल्याङ्कन गर्नुपर्दछ।

१३. **कार्यक्रम सञ्चालन** - नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा १६ अनुसार कार्यालयले आयोजना सञ्चालन भएपछि त्यसको मध्यावधि तथा अन्तिम प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ८ जिल्लाका १० स्थानीय तहलाई रू.१४ करोड ९० लाख अनुदान निकासा गरेकोमा सोको आवधिक मूल्याङ्कन गरी चुनौती, सिकाइ, समन्वय र सिफारिसको प्रतिवेदन तयार गरेको छैन । निर्देशिका अनुसार प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।

१४. **प्रदेश सहयोग कार्यक्रम -** नेपाल सरकार तथा स्वीस विकास सहयोग नियोगबीच २०७५ माघ ३ मा भएको सम्झौतामा प्रदेश सरकारको संरचनात्मक र संस्थागत क्षमता विकास, नीति निर्माण, व्यवस्थापकीय सुधार विश्वसनीय सेवा प्रवाह, समावेशी विकास र सुशासन गरिबी निवारणमा सहयोग गर्न नेपाल सरकारको रू.२० करोड र दातृ सरकारको रू.१ अर्ब प्राप्त हुने साथै सम्झौताको कार्य अवधि, २०२४ को जनवरी ३१ सम्म रहने उल्लेख छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरण अनुसार यो वर्ष प्रदेश सहयोग कार्यक्रममा सोझै भुक्तानीबाट रू.३ करोड ७८ लाख २१ हजार खर्च गरेको छ । हालसम्म स्वीस विकास सहयोग नियोगबाट रू.१२ करोड ३९ लाख २७ हजार अर्थात् लक्ष्यको तुलनामा १२.३९ प्रतिशत खर्च भएकोले प्रगति न्यून देखियो । सम्झौतामा भएको व्यवस्था अनुसार कार्यक्रमको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यहोरा गत वर्ष औल्याएकोमा यो वर्षसमेत लेखापरीक्षण गराएको छैन ।

१५. **सम्पत्ति व्यवस्थापन** - प्रदेश सरकार (मन्त्रिपरिषद्) को २०७९/१०/६ को निर्णयले प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बनाई साबिकका १३ मन्त्रालयबाट भईरहेको कार्यसम्पादनमा हेरफेर गरी मन्त्रालयको संख्या ९ कायम गरेकोमा ती मन्त्रालयको सम्पत्ति तथा संरचना मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको विद्युतीय जिन्सी व्यवस्थापन प्रणालीमा आबद्ध नगरेकोले सोको विवरण कार्यालयले एकीकृत गरी जिन्सी अभिलेखमा समावेश गर्नुपर्दछ।

१६. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष वार्षिक खरिद योजना नबनाई विभिन्न फर्निसिङ्ग र कम्प्युटर प्रिन्टरलगायत सामग्री ८ प्याकेजमा सोझै खरिद गरी रू.६७ लाख ३९ हजार भुक्तानी गरेको छ । खरिद कानुनको पालना गर्नुपर्दछ ।

समिति र अन्य संस्था

प्रदेश लगानी प्राधिकरण

सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ बमोजिम कृषि तथा औद्योगिक क्षेत्रको उत्पादन, सार्वजनिक निजी सहकारी, साझेदारी तथा विदेशी लगानी परिचालनमार्फत्

परियोजनाको निर्माण तथा विकास गर्दै प्रतिस्पर्धी अर्थतन्त्रको विकास एवम् रोजगारीका अवसरसमेत सिर्जना गरी गरिबी निवारणमा अर्थपूर्ण योगदान पुऱ्याउने उद्देश्यले प्रदेश लगानी प्राधिकरण गठन भएको छ ।

१७. **आर्थिक कारोबार** - प्राधिकरणलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्राप्त रू.१ करोड ५० लाख, गत वर्षको जिम्मेवारी रकम रू.१ करोड १४ लाख २४ हजार, सेवा शुल्कबापत आम्दानी रू.४ लाख र चेक फिर्ता रू.१८ हजारसमेत आय रू.२ करोड ६८ लाख ४२ हजारलाई बोर्ड बैठकबाट चालुतर्फ रू.१ करोड ३२ लाख ४० हजार र पुँजीगततर्फ रू.१ करोड ३१ लाख ८४ हजार बजेट बाँडफाँट गरेकोमा यो वर्ष पुँजीगततर्फ कुनै खर्च नभएको र चालुतर्फ रू.७३ लाख ९२ हजार खर्च गरी बाँकी रकम रू.१ करोड ९४ लाख ५० हजार मौज्दात रहेको छ । प्राधिकरणको आर्थिक कारोबार सञ्चालन सम्बन्धमा नियमावली तयार गरेको पाइएन ।

१८. **अध्ययन प्रतिवेदनको कार्यान्वयन** - आर्थिक वर्ष २०७७।७८ मा १४ जिल्लामा लगानी सम्भाव्यता परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन गर्न प्राधिकरणले गत वर्षसम्म १४ जिल्लामा परियोजना सम्भाव्यता अध्ययनका लागि प्रत्येक जिल्लाको छुट्टा छुट्टै प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी परामर्शदातासँग सम्झौता गरी रू.१ करोड ७० लाख ९६ हजार भुक्तानी गरेको देखियो । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा प्रतिवेदन ढिला दाखिला भएको देखिएकोमा पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेकोले सो सम्बन्धमा यकिन गरी उक्त प्रतिवेदन लगानी बोर्डबाट प्रमाणीकरण गरेर कार्यान्वयन गर्ने व्यहोरा औल्याईएकोमा स्थिति यथावत् रहेको छ ।

१९. **कार्यक्षेत्र तथा सेवा** - प्राधिकरणलाई प्रदेशमा विकास निर्माण, सञ्चालन तथा कार्यान्वयन, परियोजना छनोट, अनुमति प्रदान, सम्भाव्यता अध्ययन एवम् कार्यान्वयनमा लगानी बोर्डसँगको समन्वय, लगानी बोर्डबाट स्वीकृत परियोजनाको कार्यान्वयन, प्रदेश तथा स्थानीय तहबीच अन्तरसमन्वय तथा प्रदेशस्तरीय परियोजना पहिचान गरी लगानी बोर्ड समक्ष प्रस्तुत गर्नुपर्ने कार्यक्षेत्र तोकिएको छ । प्राधिकरणले विगतका परियोजनामध्ये भेडेटार स्काई वाक परियोजनाको जग्गा प्राप्तिको प्रक्रिया तथा विराटनगर बस परियोजना, उदयपुर क्लिङकर परियोजना, बर्जुताल पर्यटन पूर्वाधार परियोजना तथा विराटनगर व्यापारिक भवन परियोजनाको लगानीसम्बन्धी प्रतिवेदनहरू स्वीकृत गराएको छैन ।

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, झापा

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ अनुसार प्रदेश तथा स्थानीय तहलाई सबल र सक्षम बनाउन प्रदेश सरकार तथा प्रदेशभित्रका स्थानीय तहका पदाधिकारी, प्रदेश सरकारका निकाय, समिति, प्राधिकरण लगायतका निकायमा कार्यरत कर्मचारी र प्रदेशभित्रका स्थानीय तहका सेवामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्न र आवश्यक तालिम प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले यो केन्द्रको स्थापना भएको हो ।

२०. **आर्थिक कारोबार** - प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको यो वर्ष विनियोजन रू.८ करोड ८८ लाख ९२ हजार, राजस्व रू.२ लाख ६२ हजार, धरौटी रू.१५ लाख ७३ हजार समेत रू.९ करोड ७ लाख २७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

२१. **वार्षिक प्रगति** - प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ को दफा ३३ मा प्रतिष्ठानले आफूले सम्पादन गरेको कार्यको वार्षिक प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले यो वर्ष सम्पादन गरेका कामको प्रगति विवरण तयार गरेको छैन। प्रतिष्ठानले लक्ष्य प्रगतिसहितको विवरण तयार गर्नुपर्दछ।

२२. **मोविलाइजेशन** पेस्की - प्रतिष्ठानले गरेको सम्झौताको दफा ५७.१ अनुसार कार्य प्रगतिको आधारमा २ किस्ता गरी २० प्रतिशत पेस्की दिन पाउने व्यवस्था छ । अफिस ट्रेनिङ ब्लक निर्माणका लागि प्रतिष्ठानले यो वर्ष एक निर्माण व्यवसायीसँग २०८०।२।२४ मा रू.४ करोड ७२ लाख २६ हजारमा सम्झौता गरी पहिलो किस्ताबापत १० प्रतिशतले हुने रू.४१ लाख पेस्की दिएकोमा कार्य सुरु नगरेको अवस्थामा दोस्रो किस्ता रू.४१ लाख थप पेस्की दिएको पाइयो । नियम अनुसार उक्त पेस्की असुल फर्स्यौंट हुनुपर्दछ ।

२३. **घरजग्गाको लगत** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १०२ मा प्रत्येक कार्यालयले कार्यालयअन्तर्गतको सरकारी घरजग्गाको लगत स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानको नाममा चन्द्रगढीमा ४६ बिगाहा १७ कट्ठा, अनारमनी बिर्तामोडमा ४१ बिगाहा १६ कट्ठा १ धुर र गरामनी बिर्तामोडमा ६ बिगाहा १ कट्ठा गरी जम्मा ९४ बिगाहा १४ कट्ठा १ धुर जग्गा रहेकोमा सो जग्गाबाट प्राप्त हुने आम्दानीसम्बन्धी कागजात स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ललितपुरमा पठाएकोले उक्त घर जग्गाको अद्यावधिक अभिलेख प्रतिष्ठानसँग रहेको छैन । प्रतिष्ठानको नाममा भएको सम्पत्तिको अद्यावधिक अभिलेख राखी उपयोग एवम् सुरक्षा हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा मातहत निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम कायम दरबन्दी पदपूर्ति नभएको, तलबी प्रतिवेदन पारित नभएको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, प्रदेश सहयोग कार्यक्रमबाट भएको खर्च तथा उपलब्धिको मूल्याङ्कन र अनुगमनको अभिलेख पेश नभएको, अन्य मन्त्रालयमा मौज्दात रकम एकीकृत नगरेको, जिन्सी व्यवस्थापन प्रभावकारी नभएको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजु** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छः

➢ सरकारी कार्यालयतर्फ यो वर्ष रू.४ करोड १३ लाख ६८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.४४ हजार फर्स्यौंट भई रू.४ करोड १३ लाख २४ हजार बेरुजु बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

➢ सङ्गठित संस्था एवम् समितितर्फ २ निकायमा यो वर्ष रू.२ लाख ८६ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगराएकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१० मा संलग्न छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन, अति विशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा, उपाधि, सम्मान र विभूषणको लागि सिफारिस तथा अन्य सङ्घसँगको समन्वय र सहकार्यमा सहप्रशासन, प्रदेशस्तरको सूचना प्रविधि तथा विद्युतीय सञ्चार माध्यम सञ्चालन, अनुमति, ईजाजत, नवीकरण तथा नियमन, छापा सञ्चार माध्यमको दर्ता अनुमति, अभिलेख, वर्गीकरण, आचारसंहिता निर्धारण र अनुगमन, भूमि व्यवस्थापन, भू-उपयोग तथा चक्लाबन्दी, यातायात व्यवस्थापनसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन लगायतका कार्य रहेका छन् ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ९ सरकारी कार्यालयको निम्नानुसार रू.१ अर्ब ४६ करोड ८४ लाख ७४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
७४२२८६	६८२४३२	३२५६७	१११८९	१४६८४७४

१.१. उल्लिखित रकममा साबिकको यातायात तथा सञ्चार मन्त्रालयको बजेट संकेतबाट विनियोजन भई खर्च भएको रू.१८ करोड ५४ लाख २३ हजार र यस मन्त्रालयबाट खर्च गरेको रू.२ करोड ३२ लाख ३४ हजार समावेश छ ।

१.२. साबिकको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको बजेट संकेतबाट निकासा भई उद्योग, कृषि तथा सहकारी मन्त्रालयबाट खर्च भएको रू.२२ लाख १६ हजार र यो मन्त्रालयमा निकासा भई खर्च भएको रू.४ लाख ९७ हजार समावेश छ ।

१.३. मन्त्रालयमा विनियोजन भई नेपाल सरकार गृह मन्त्रालय मातहत ८५ सुरक्षा निकाय र कार्यालयलाई रू.१७ करोड ७६ लाख ९५ हजार, २२ नापी कार्यालयलाई रू.५४ लाख ७६ हजार, २४ मालपोत कार्यालयलाई रू.१ करोड ४७ लाख ३१ हजार र कानुन तथा न्यायसम्वद्ध ५ निकायलाई रू.३९ लाख ८८ हजारसमेत सङ्घीय निकायहरूलाई निकासा दिएको रू.२० करोड १८ लाख ९० हजार समावेश छ ।

२. **कानुन निर्माण -** प्रदेश सरकार कार्यविभाजन नियमावलीमा मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका विविध कानुन निर्माण गर्ने उल्लेख छ । मन्त्रालयले निर्माण गर्नुपर्ने कानुन पहिचान गरी प्राथमिकताका आधारमा कानुन निर्माण गर्न कार्ययोजना तयार गरेको देखिएन। यो वर्ष मन्त्रालयले ५ ऐन र ५ कार्यविधि तयार गरेको, ६ अध्यादेश, ५ ऐन, ६ नियमावली र १७ कार्यविधि लगायतका ४९ कानुन सम्पादन गरी प्रकाशन तथा वितरण गरेको विवरण प्राप्त भएको छ।

३. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ देखि ५७ मा जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने

गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवम् लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने व्यवस्था छ । मन्त्रालयको लागि यो वर्ष चालुतर्फ रू.७२ करोड २ लाख ५५ हजार र पुँजीगततर्फ रू.२७ करोड ११ लाखसमेत रू.९९ करोड १३ लाख ५५ हजार विनियोजन भएकोमा रू.५१ करोड ८१ लाख ७३ हजार थप तथा रू.५२ करोड ५२ लाख ६९ हजार घट गरी रू.९८ करोड ४२ लाख ५९ हजार कायम भएको छ। मन्त्रालयले अर्थ मन्त्रालयको स्वीकृति लिई पटक पटक गरी शीर्षकगतरूपमा ६.५७ देखि ८०.३५ प्रतिशतसम्म र औसतमा ३४.०२ प्रतिशतसम्म रकमान्तर गरेको देखिन्छ । मन्त्रालयको चालु खर्च रू.५३ करोड ४४ लाख ३८ हजार र पुँजीगत खर्च रू.२२ करोड ५ लाख ७६ हजार रहेको छ । बजेट बनाउँदा कार्यान्वयनको सुनिश्चितता नहुने, सञ्चालन हुन नसक्ने कार्यक्रममा बजेट व्यवस्था गर्ने, वर्षान्तमा रकमान्तर गर्ने, समयमा बजेट समर्पण नगर्ने लगायतका स्थितिले जवाफदेहिता पालनामा कमजोर देखिएको छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नुपर्दछ ।

४. **बजेट वक्तव्यको कार्यान्वयन** - कोशी प्रदेशको २०७९।८० को बजेटमा उल्लेख भएका आन्तरिक मामिला तथा कानुन मन्त्रालयसँग सम्बन्धित लागूपदार्थ दुर्व्यसन न्यूनीकरण, निःशुल्क कानुनी सहायता, प्रदेश विपद् व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन, प्रादेशिक सुरक्षा नीति तर्जुमा तथा कार्यान्वयन, प्रदेश प्रहरी व्यवस्थापन, यातायात सुरक्षा तथा ट्राफिक व्यवस्थापन लगायतका विषयहरू प्रभावकारीरूपमा कार्यान्वयन हुन सकेको देखिएन ।

बजेट वक्तव्यमा उल्लेख भएका विषय र कार्यान्वयन भएका कार्यक्रमको भौतिक समीक्षा, कार्यान्वयन हुन नसकेका कार्यक्रमको हकमा कार्यान्वयन हुन नसक्नुका कारणसहित कार्यक्रम प्रगति तथा उपलब्धि विवरण तयार नगरेकाले बजेट वक्तव्यमा उल्लेख भएका विषयवस्तुको उपलब्धि मूल्याङ्कन गर्न सकिएन ।

५. **कार्य जिम्मेवारी** – प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन, अति विशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिकस्थल तथा समारोहको सुरक्षा, उपाधि, सम्मान र विभूषणको लागि सिफारिस तथा सङ्घसँगको समन्वय र सहकार्यमा सहप्रशासन, प्रदेशस्तरको सूचना प्रविधि तथा विद्युतीय सञ्चार माध्यम सञ्चालन, अनुमति, ईजाजत, नवीकरण तथा नियमन, छापा सञ्चार माध्यमको दर्ता अनुमति, अभिलेख, वर्गीकरण, आचार संहिता निर्धारण र अनुगमन, भूमि व्यवस्थापन, भू-उपयोग तथा चक्लाबन्दी, यातायात व्यवस्थापनसम्बन्धी प्रादेशिक नीति, कानुन र मापदण्ड तर्जुमा र कार्यान्वयन, विपद् व्यवस्थापनसम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन तथा अनुसन्धान लगायतका कार्य हुन बाँकी रहेको देखिन्छ । नियमावलीमा तोकिए बमोजिम मन्त्रालयको कार्य जिम्मेवारी पूरा गर्नुपर्दछ ।

६. **लक्ष्य तथा प्रगति** - आर्थिक वर्ष २०७९।८० मा मन्त्रालयतर्फ पुँजीगत शीर्षकमा सुरू विनियोजन रू.२५ करोड ८६ लाख भएकोमा रकमान्तरबाट रू.६ करोड ३३ लाख ४ हजार कायम भएको छ। सोमध्ये रू.३ करोड ६२ लाख २२ हजार खर्च भई ५७.२२ प्रतिशत वित्तीय प्रगति भएको छ। चालु कार्यक्रमतर्फ सुरु विनियोजन रू.४१ करोड ६२ लाख १० हजारमध्ये रकमान्तरबाट रू.४६ करोड २ लाख ३८ हजार अन्तिम बजेट कायम भएकोमा रू.३१ करोड ३८ लाख ६२ हजार खर्च

भई ६८.२० प्रतिशत वित्तीय प्रगति भएको छ । कोशी प्रदेश सरकारको २०७९।१०।६ को निर्णयबाट यातायात व्यवस्था तथा सञ्चार र भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयतर्फको जिम्मेवारीसमेत थप भएकोले थप बजेटसमेत गणना गर्दा समग्रमा मन्त्रालयबाट सञ्चालन भएका कार्यक्रमतर्फ ६६.८७ प्रतिशत प्रगति भएको देखिन्छ ।

प्रकोप तथा महामारी जोखिम न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम, स्वयंसेवी भेला, कानुन तर्जुमा र कार्यान्वयनसम्बन्धी अन्तरक्रिया लगायतका रू.६ करोड ३२ लाखका ११ कार्यक्रममा शून्य तथा रू.२ करोड ३ लाखका ६ कार्यक्रममा न्यून प्रगति भएको छ । विभिन्न जिल्लाका प्रहरी कार्यालयलाई निकासा दिएको रू.४ करोड ७५ लाखबाट भएको भौतिक प्रगति तयार गरेको छैन । स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

७. **बजेट समर्पण** - कोशी प्रदेश विनियोजन ऐन, २०७९ मा प्रदेश स्रोततर्फको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभए वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखाउत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले कार्यक्रम खर्च, सुरक्षा गोष्ठी लगायतका ४ खर्च शीर्षकमा विनियोजन भएको रू.५ करोड ५२ लाखबाट ३ कार्यक्रममा रू.६४ लाख ७८ हजार खर्च गरी बाँकी रहेको बजेटमध्ये रू.४ करोड ६४ लाख ५१ हजार २०८०।३।१३ मा सचिवस्तरीय निर्णयबाट समर्पण गरेको छ । ऐनमा तोकिएको समयमा बजेट समर्पण गर्नुपर्दछ ।

८. **कार्यसम्पादन करार** - कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३४ मा मन्त्रालयले लक्ष्य अनुसार वार्षिक प्रगति हासिल गर्न मुख्यमन्त्री र मन्त्री, मन्त्री र सचिव तथा सचिवले मातहतका निर्देशक तथा कार्यालयका प्रमुखसँग कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले नियमावली बमोजिम मातहतका निकायका प्रमुखसँग कार्यसम्पादन करार गरेको छैन ।

९. **प्रादेशिक सञ्चार प्रतिष्ठान** - प्रदेशको सञ्चार क्षेत्रमा अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यले प्रादेशिक सञ्चार प्रतिष्ठान नियमावली, २०७७ अनुसार २०७७।९।१ मा प्रतिष्ठान गठन गरेको देखियो । प्रतिष्ठानलाई २०७७।७८ मा रू.५० लाख र २०७८।७९ मा रू.२ करोड र पत्रकार सुरक्षा कोषमा रू.३० लाखसमेत रू.२ करोड ८० लाख अनुदान निकासा दिएकोमा २०७७।७८ मा रू.२१ लाख ९९ हजार, २०७८।७९ मा रू.७७ लाख ३८ हजार र पत्रकार सुरक्षा कोषबाट रू.१५ लाखसमेत रू.१ करोड १४ लाख ३७ हजार खर्च गरेको छ । प्रादेशिक सञ्चार प्रतिष्ठानले गरेका कार्यहरू औचित्यपूर्ण र प्रभावकारी नभई व्ययभार बढ्ने भनी २०७८।८।९ को प्रदेश मन्त्रीपरिषद्ले प्रतिष्ठान खारेज गरेकोमा पुनः उक्त प्रतिष्ठान स्थापना गरी यो वर्ष रू.१० लाख निकासा गरेको छ । प्रतिष्ठान स्थापनाको औचित्य, आवश्यकता तथा दीर्घकालीन असर प्रभावको अध्ययन नगरी संस्था स्थापना, विघटन तथा पुनर्स्थापना गर्ने कार्यले प्रदेश सरकार प्रतिष्ठानको आवश्यकता सम्बन्धमा प्रष्ट देखिएन । दीर्घकालीन असर प्रभावसमेतलाई मध्यनजर गरी प्रतिष्ठान सम्बन्धमा उपयुक्त निर्णय गर्नुपर्दछ ।

१०. **राहत वितरण** - प्राकृतिक विपत्तिबाट क्षति भएका १० जिल्लाका ११४ घरलाई रू.४० लाख ८० हजार र ८ जिल्लाका २१ मृतकलाई रू.१ लाखको दरले २१ लाखसमेत रू.६१ लाख ८० हजार राहत वितरण गरेको छ । नेपाल सरकारका सङ्घीय मन्त्रालय र स्थानीय निकायबाट पनि राहत तथा सहयोग वितरण हुने भएकोले अन्य निकायसँग समन्वय गरी राहत तथा आर्थिक सहयोगको रकम परिचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

११. **आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान** - आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ मा प्रदेश सरकारले व्यहोर्ने ३० प्रतिशत लागत सहभागिता रकमको पहिलो किस्ता वापत रू.५० हजार, प्लिन्थ लेभलसम्म आवास निर्माण सम्पन्न गरेपछि प्राविधिक जाँच प्रतिवेदनको आधारमा दोस्रो किस्ता वापत हिमाली जिल्लामा रू.२ लाख ५० हजार, पहाडी जिल्लामा रू.२ लाख र तराईका जिल्लामा रू.१ लाख ५० हजारको दरले निर्माण सम्पन्न गरिसकेपछि प्राविधिकको अन्तिम जाँच प्रतिवेदनको आधारमा अन्तिम किस्ता गरी हिमाली पहाडी तथा तराईका जिल्लामा क्रमशः रू.५ लाख, रू.४ लाख र रू.३ लाखसम्म तीन किस्तामा उपलब्ध गराउने उल्लेख छ । यो वर्ष मन्त्रालयले ३ जिल्लाका १८६ घर निर्माणको लागि पहिलो र दोस्रो किस्ताबापत रू.१ करोड ५३ लाख ३० हजार उपलब्ध गराएकोमा निर्माण कार्यको सम्झौतापत्र तथा अद्यावधिक कार्य प्रगतिसम्बन्धी अभिलेख राखेको छैन । कार्यविधि अनुसार अनुदानको उपयोग गर्नुपर्दछ ।

१२. **विपद् व्यवस्थापन केन्द्र** - कोशी प्रदेशको २०७९।८० को बजेट वक्तव्यमा सबै जिल्लामा सञ्चालनमा रहेका मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रको सँस्थागत सुदृढिकरण गरी प्रभावकारी बनाउन विकास साझेदारसमेतको सहयोगमा २ वा दुईभन्दा वढि पालिकाको समन्वय र सहभागितामा एकीकृत सेवा केन्द्र स्थापना गरिने र आगामी आर्थिक वर्षमा झापा सुनसरी र उदयपुरमा एकीकृत सेवा केन्द्र स्थापना गरिने उल्लेख छ । प्रदेशका १४ जिल्लाका एक एक स्थानीय तहमा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र सञ्चालनको लागि विगत वर्षहरूमा पिकअप गाडी लगायतका आवश्यक सामग्री रू.६ करोड ३८ लाख २० हजारमा १४ वारुणयन्त्र खरिद गरी १२ जिल्लाका अत्यावश्यक सेवा केन्द्रलाई हस्तान्तरण गरेको र यो वर्ष रू.१ करोड ४७ लाखमा थप २ वारुणयन्त्र खरिद गरी ताप्लेजुङ र सोलुखुम्बु जिल्लामा पठाएको छ । केन्द्रहरूबाट प्रवाह हुने सेवा प्रभावकारिताको लागि एकीकृत सेवा केन्द्र सञ्चालन गर्न झापाको अर्जुनधारा, सुनसरीको कोशी, मोरङको रंगेली र तेह्रथुमको आठराईसमेत ४ स्थानीय तहसँग सम्झौता गरेको छ । मन्त्रालयले पेश गरेको प्रदेश विपद् व्यवस्थापनको वार्षिक प्रतिवेदन अनुसार यो वर्ष झापा क्लस्टरको लागि रू.८० लाख वित्तीय हस्तान्तरण पठाएकोमा सोबाट भएको कार्य प्रगति पेश भएको छैन । हस्तान्तरित बजेट तथा सामग्रीको अनुगमन गरी उपयोग सुनिश्चित गर्नुपर्दछ ।

१३. **यातायात व्यवस्थापन** – प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को बजेटमा यातायात प्रणालीलाई सुरक्षित, प्रविधियुक्त र सहज बनाउन तथा ट्राफिक सुरक्षाको निम्ति विराटनगर, धरान, इटहरी, दमक, विर्तामोड, काँकडभित्ता लगायतका प्रमुख चोकमा ट्राफिक लाईट जडान गर्न रू.१ करोड २५ लाख विनियोजन भएकोमा कार्यान्वयन भएको देखिएन । सवारी दुर्घटना न्यूनीकरणका लागि बहुक्षेत्रगत समन्वय संयन्त्रको विकास गरी सडक सुरक्षा तथा यातायात व्यवस्थापनमा सुधार गर्नुपर्दछ ।

१४. **वार्षिक प्रतिवेदन** - प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४१ मा मन्त्रालय तथा प्रदेशस्तरका सरकारी निकायले आर्थिक वर्ष समाप्त भएको मितिले तोकिए बमोजिमको अवधिभित्र आफूले सो आर्थिक वर्षभरी सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम, त्यस्तो कामको अवस्थिति तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरू समावेश गरी मन्त्रालय तथा प्रदेशस्तरका निकायले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा वार्षिक प्रतिवेदन पेश गरी सार्वजनिकरूपमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले विपद् व्यवस्थापनतर्फको वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरे तापनि समग्र क्रियाकलापको वार्षिक प्रतिवेदन तयार गरेको छैन। ऐन बमोजिम वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, तलबी प्रतिवेदन पारित नभएको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, एकीकृत प्रगति विवरण तयार नगरेको, जिन्सी अभिलेख अद्यावधिक नगरेको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु -** मन्त्रालय र मातहतसमेतका ९ निकायको यो वर्ष रू.२ करोड २० लाख ८५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.२ लाख २८ हजार फर्स्यौंट भई रू.२ करोड १८ लाख ५७ हजार बेरुजु बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमनलगायत प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवम् समन्वय र सहकार्यसम्बन्धी नीति, कानुन र मापदण्डको तर्जुमा तथा सोको अनुगमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १५ सरकारी कार्यालयको निम्नानुसार रू.१३ अर्ब ६२ करोड ४ लाख ८२ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
१६०२२२४	११९१८८८४	१४२९५	८५०७९	१३६२०४८२

२. **कानुन निर्माण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश राजस्व तथा आर्थिक कार्यविधिसम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन गर्ने उल्लेख छ । प्राप्त विवरण अनुसार मन्त्रालयसँग सम्बन्धित ६ ऐन, ४ नियमावली, ९ कार्यविधि र ३ निर्देशिकासमेत कुल २२ कानुन तथा कार्यविधिहरू निर्माण भई कार्यान्वयनमा रहेका छन् ।

३. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ देखि ५७ मा जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवम् लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने व्यवस्था छ । यस वर्ष मन्त्रालय र मातहत १५ निकायको विनियोजित अन्तिम बजेट रू.१ अर्ब ६८ करोड ९३ लाख ६५ हजार रहेकोमा रू.१ अर्ब ६० करोड २२ लाख २४ हजार खर्च भएको छ । जसमध्ये पुँजीगततर्फ रू.२ करोड २५ लाख ३१ हजार अन्तिम बजेट कायम भएकोमा रू.५४ लाख ९६ हजार अर्थात विनियोजनको तुलनामा २४.३९ प्रतिशत खर्च भएकोले वित्तीय जिम्मेवारी पालना भएको देखिएन । बजेट बनाउँदा कार्यान्वयनको सुनिश्चितता नहुने, सञ्चालन हुन नसक्ने कार्यक्रममा बजेट व्यवस्था गर्ने, वर्षान्तमा रकमान्तर गर्ने, समयमा बजेट समर्पण नगर्ने लगायतका स्थितिले जवाफदेहिता पालनामा कमजोर देखिएको छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नुपर्दछ।

४. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक स्थायित्व र मूल्य स्थिरतासम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन, राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र ससर्त अनुदानको सदुपयोग, विकास

नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमनलगायतको कार्यक्षेत्र तोकिएकोमा कार्यान्वयन अवस्था देखिने गरी प्रगति प्रतिवेदन तयार गरेको देखिएन । नियमावलीमा तोकिए बमोजिम मन्त्रालयको कार्य जिम्मेवारी पूरा गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश प्रमुखद्वारा प्रदेश सभामा पेश भएको प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यबीच तादात्म्यता हुने गरी बजेट तथा कार्यक्रममा समावेश गर्ने जिम्मेवारी सम्बन्धित विषयगत मन्त्रालयको हुन्छ । यो वर्ष मन्त्रालयसँग सम्बन्धित विकास आयोजनाको प्राथमिकीकरण गरी छनोट गर्न परियोजना बैंक तयार, वित्तीय साक्षरता कार्यक्रम सञ्चालन, समृद्ध अर्थतन्त्रको आधार तयार गर्न प्रदेशको आर्थिक विकासको क्षेत्रमा निजी लगानी आकर्षिक, आन्तरिक राजस्वको योगदान बढाउन सम्भाव्य क्षेत्रको पहिचान, तीनै तहको सहलगानीमा व्यवसायिकरूपमा सम्भाव्य एवम् उच्च प्रतिफलयुक्त परियोजना सञ्चालन गर्ने लगायतका नीति तथा कार्यक्रमहरू बजेटमा समावेश भएको देखिएन ।

बजेट वक्तव्यमा उल्लेख भएमध्ये वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी उत्कृष्ट कार्यसम्पादन भएका कार्यालय र कर्मचारीलाई पुरस्कृत, आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाउन इ-लर्निङ्ग प्लेटफर्म स्थापना, प्रदेश लगानी सम्मेलन आयोजना, सहभागितामूलक योजना तर्जुमालाई फागुन महिनादेखि नै सुरु, राजस्व चुहावट नियन्त्रणसम्बन्धी नीति तथा कानुन तर्जुमा गरी राजस्व सङ्कलनमा सूचना प्रविधिको प्रयोग बढाउने, प्रदेशको सार्वजनिक वन क्षेत्र, प्राकृतिकरूपमा सौन्दर्य स्थान तथा सार्वजनिक र सरकारी जग्गाको उपयोग गरी प्रदेश सरकारको आम्दानी अभिवृद्धि गर्ने लगायतका कार्यक्रम कार्यान्वयनमा आएको देखिएन ।

६. **बजेट तथा खर्च -** प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले बजेट वक्तव्यमार्फत् यस वर्ष रू.३९ अर्ब ७३ करोड ८३ लाख बजेट विनियोजन गरेकोमा संशोधित बजेट रू.३९ अर्ब ९२ करोड ७५ लाख ४४ हजार कायम गरेको छ । जसमध्ये चालुतर्फ रू.१६ अर्ब २८ करोड ४३ लाख ८२ हजार र पुँजीगततर्फ रू.२३ अर्ब ६४ करोड ३१ लाख ६२ हजार विनियोजन भएको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेशअन्तर्गत् सङ्घीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व र गत वर्षको बचतसमेत रू.३५ अर्ब ९५ करोड ५३ लाख ९ हजार आय भएकोमा रू.३० अर्ब ७५ करोड ७७ लाख ८२ हजार खर्च भई रू.५ अर्ब १९ करोड ७५ लाख २७ हजार बचत भएको छ । विनियोजित बजेटमध्ये चालुतर्फ सञ्चित कोषमा व्ययभार पर्ने रकमसमेत रू.१२ अर्ब ६४ करोड ५२ लाख ३३ हजार तथा पुँजीगततर्फ रू.१८ अर्ब ११ करोड २५ लाख ४९ हजार खर्च भएको छ । कुल बजेटको तुलनामा खर्च ७७.०३ प्रतिशत रहेको छ, जसमध्ये कुल खर्चको अनुपातमा चालुतर्फ ४१.१३ प्रतिशत र पुँजीगततर्फ ५८.८९ प्रतिशत खर्च भएको छ । विनियोजनको तुलनामा चालुतर्फ ७७.६५ प्रतिशत र पुँजीगततर्फ ७६.६१ प्रतिशत खर्च भएको छ । खर्चमध्ये सङ्घीय सरकारलाई रू.१ अर्ब ५६ करोड ६ लाख ७२ हजार अनुदान फिर्ता भएको देखिन्छ । बजेट तथा कार्यक्रमको समुचित परिचालन एवम् पुँजीगत खर्च गर्ने क्षमता बढाउनुपर्दछ ।

७. **कर तथा शुल्क सङ्कलन -** प्रदेश आर्थिक ऐन, २०७९ को दफा ५, ६ र ९ बमोजिम सङ्कलन हुने कर तथा शुल्क सम्बन्धित स्थानीय तहले स्थानीय विभाज्य कोषमा जम्मा गर्ने र सङ्कलित रकममध्ये

४० प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष प्रदेशअन्तर्गत् स्थानीय तहबाट प्रदेश सञ्चित कोषमा रू.१५ करोड ९४ लाख ३७ हजार दाखिला भएको छ । मन्त्रालयले कानुनमा भएको व्यवस्था अनुसार स्थानीय तहबाट ४० प्रतिशतले प्राप्त हुनुपर्ने कर तथा शुल्क रकम प्रदेश सञ्चित कोषमा दाखिला सम्बन्धमा यकिन गर्ने अनुगमन तथा नियन्त्रण संयन्त्रको विकास नगरेकोले सबै स्थानीय तहले सङ्कलन तथा बाँडफाँट गरेको रकमको यकिन तथ्याङ्क छैन । अतः मन्त्रालयले ऐन बमोजिम सबै स्थानीय तहले वातावरणीय अध्ययन प्रतिवेदन तथा ठेक्का सम्झौता अनुसार असुली र बाँडफाँट गरेको विवरण यकिन हुने संयन्त्र विकास गर्नुपर्दछ ।

८. **राजस्व प्राप्ति -** प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको सञ्चित कोषको विवरण अनुसार गत वर्षको बचत, कर, अन्य राजस्व र सङ्घीय अनुदानसमेत गरी यो वर्षको कुल आय रू.३५ अर्ब ९५ करोड ५३ लाख ९ हजार रहेकोमा राजस्व बाँडफाँटको रू.७४ करोड ५६ लाख १३ हजार चालु आर्थिक वर्षमा जम्मा भएको छ । जसमध्ये सङ्घीय राजस्व बाँडफाँटबाट रू.९ अर्ब १५ करोड ३ लाख ९६ हजार (२५.४५ प्रतिशत), सङ्घीय सरकारबाट हस्तान्तरित अनुदान रू.१५ अर्ब ८२ करोड ३८ लाख २२ हजार (४४.०१ प्रतिशत), प्रदेशबाट सङ्कलित राजस्व रू.३ अर्ब ८१ करोड ६३ लाख ३९ हजार (१०.६१ प्रतिशत) र गत वर्षको मौज्दातबाट रू.७ अर्ब १६ करोड ४७ लाख ४९ हजार (१९.९३ प्रतिशत) प्राप्त भएको छ । आयको उल्लेखनीय हिस्सा सङ्घीय अनुदान तथा सङ्घीय राजस्व बाँडफाँट रहेकोले आन्तरिक राजस्वको दायरा बढाउनुपर्दछ ।

९. **राजस्व छुट -** प्रदेश आर्थिक ऐन, २०७९ को दफा १३ मा प्रदेश सरकारले कानुन बमोजिम लगाइएका दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्णरूपमा छुट दिन, प्रदेश सरकारको स्वामित्व भएका सङ्गठित संस्था र मुनाफारहित सार्वजनिक तथा सामुदायिक संस्थालाई लाग्ने दस्तुर, शुल्क र करको दर घटाउन, आंशिक वा पूर्णरूपमा छुट दिन सक्ने र यसरी आंशिक वा पूर्णरूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष मन्त्रालयले प्रदेश सभामा पेश गर्नुपर्ने उल्लेख छ । ऐनको अनुसूचीमा विभिन्न सेवाको दस्तुर, शुल्क र करको दरमा छुट हुने उल्लेख रहेकोमा मन्त्रालयले यो वर्ष छुट दिएको रकमको क्षेत्रगत तथा एकीकृत विवरण तयार गरेको छैन । प्रदेश सरकारबाट कर, राजस्व तथा शुल्कमा छुट प्रदान गरेको सम्बन्धमा प्रणाली विकास गरी छुटको प्रभावकारिता सम्बन्धमा आवधिक समीक्षा हुनुपर्दछ ।

१०. **वर्षान्तमा रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ मा प्रदेश विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेतअन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेतअन्तर्गतको उपशीर्षकमा बचत हुने रकममध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । प्रदेश सरकारको कुल बजेट रू.३९ अर्ब ७३ करोड ८३ लाखमध्ये अर्थ विविधको रू.४ अर्ब १९ करोड ४६ लाख ८३ हजारसमेत रू.४ अर्ब २४ करोड ५४ लाख २१ हजार रकमान्तर गरेको छ । सोमध्ये आषाढ महिनामा रू.२ अर्ब ६१ करोड ५१ लाख ८१ हजार रकमान्तर गरी विभिन्न शीर्षक/उपशीर्षकमा रकम थप गरेको छ । वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

११. **सङ्घीय अनुदान** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सङ्घीय सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदानको प्राप्ति, खर्च र फिर्ताको स्थिति देहाय अनुसार रहेको छः

(रकम रू. हजारमा)

क्र.सं.	अनुदान शीर्षक	बजेट अनुमान	अनुदान प्राप्ति	खर्च	फिर्ता
१.	वित्तीय समानीकरण अनुदान	९००८२००	७८८२१७५	७८९७३९४	-
२.	ससर्त अनुदान	८६९५९००	६५४६६४७	५४९२२०९	१०५४४३८
३.	विशेष अनुदान	४७५०००	४७५०००	३३२६९०	१४२३१०
४.	समपूरक अनुदान	९२००००	९२००००	५५६०७६	३६३९२४
	जम्मा	**१९०९९१००**	**१५८२३८२२**	**१४२७८३६९**	**१५६०६७२**

यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन्:

११.१. यो वर्ष सङ्घीय सरकारबाट वित्तीय समानीकरण, ससर्त, विशेष र समपूरक अनुदानबाट रू.१९ अर्ब ९ करोड ९१ लाख प्राप्त हुने अनुमान गरेकोमा रू.१५ अर्ब ८२ करोड ३८ लाख २२ हजार (८२.६५ प्रतिशत) प्राप्त भएको छ । बजेट अनुमान अनुसार विशेष र समपूरक अनुदान प्राप्त भएको, वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताको ५० प्रतिशत कटौती भएको र ससर्त अनुदान अनुमानभन्दा कम प्राप्त भएको छ ।

११.२. उल्लिखित ससर्त अनुदानको प्राप्ति र खर्चमा स्वीस विकास सहयोग नियोगबाट सोझै भुक्तानी भएको रू.३ करोड ७८ लाख २१ हजार समावेश छ ।

११.३. वित्तीय समानीकरण अनुदान रू.७ अर्ब ८८ करोड २१ लाख ७५ हजार प्राप्त भएकोमा रू.७ अर्ब ८९ करोड ७३ लाख ९४ हजार खर्च भई रू.१ करोड ५२ लाख १९ हजारले प्राप्तिभन्दा बढी खर्च भएको देखिन्छ ।

११.४. अनुदान निकासा रू.१५ अर्ब ७८ करोड ६० लाख १ हजारमध्ये रू.१४ अर्ब २४ करोड ५ लाख ४८ हजार (९०.२१ प्रतिशत) मात्र खर्च भएको छ भने ससर्त, विशेष र समपूरक अनुदानमा प्राप्त भएको अनुदानमध्ये खर्च भई बाँकी रू.१ अर्ब ५६ करोड ६ लाख ७१ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता भएको छ ।

११.५. सङ्घीय सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालय र खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयअन्तर्गत सञ्चालन हुने सघन सहरी विकास कार्यक्रम, वस्ती विकास कार्यक्रम, वैकल्पिक सहायक राजमार्ग, खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम, नदी नियन्त्रण र एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रमको रू.२ अर्ब १६ करोड ६७ लाख ६० हजार अनुदान फिर्ता गरेको हुँदा ससर्त अनुदान घटी देखिएको छ । ससर्त, विशेष र समपूरक अनुदानमा प्राप्त भएको अनुदान खर्च हुन नसकी फिर्ता भएको तथा वित्तीय समानीकरण अनुदानमा बढी खर्च भएको स्थितिले प्रदेश सरकारको खर्च अभिलेखाङ्कन र कार्यसम्पादनमा सुधार गरी खर्च क्षमतामा वृद्धि गर्नुपर्दछ ।

१२. **बजेट व्यवस्था** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १२ मा मन्त्रालयले आगामी वर्षहरूको लागि बहुवर्षीय दायित्व सिर्जना गर्नु पूर्व प्रदेशको समष्टिगत आर्थिक परिसूचकहरूको विश्लेषण, स्रोत प्राप्तिको अवस्था, प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य एवम् उपलब्धि, मध्यमकालीन खर्च संरचना, यस अघि सिर्जित दायित्वको विवरण, सम्बन्धित मन्त्रालयको बजेटलाईसमेत आधार लिनुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेश सरकार

मातहतका कार्यालयबाट सञ्चालित बहुवर्षीय आयोजनाहरू खरिद प्रक्रियामा गएर सम्झौता भई रू.३५ अर्ब ८८ करोड ७५ लाख ८२ हजारमध्ये यो वर्षसम्ममा रू.२० अर्ब ७४ करोड ७ लाख ८६ हजार भुक्तानी भई रू.१५ अर्ब १४ करोड ६७ लाख ९५ हजार दायित्व बाँकी रहेको छ । उक्त दायित्वको लागि २०८०।८१ मा रू.४ अर्ब ९५ करोड २७ लाख १४ हजार बजेट विनियोजन भएको छ । प्रदेश सरकारको बजेटको तुलनामा आधा बजेट बराबरको रकम बहुवर्षीय आयोजनाहरूको दायित्व रहेको छ । मन्त्रालयले यो वर्ष थप ७० योजनाहरूको लागि रू.१३ अर्ब ११ करोड १४ लाख १५ हजारको स्रोत सुनिश्चितता प्रदान गरेको छ । प्रदेश सरकारको वार्षिक बजेट सीमाभन्दा बढी बहुवर्षीय योजनाको स्रोत सुनिश्चितता दिएकोमा आय स्रोतको आधार स्पष्ट छैन। स्रोत सहमति प्रदान गरिएका योजनामा बजेट विनियोजन गरी आयोजना सम्पन्न गर्नुपर्दछ ।

१३. **बजेट समर्पण -** कोशी प्रदेश विनियोजन ऐन, २०७९ मा प्रदेश स्रोततर्फको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभए वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखाउत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ । यो वर्ष प्रदेश सरकारअन्तर्गत १३ मन्त्रालय तथा निकायमध्ये ११ ले रू.९० करोड १५ लाख ३२ हजार बजेट समर्पण गरेकोमध्ये रू.६४ करोड ४ लाख २३ हजार २०७९।१२।१५ पछि समर्पण भएको छ । ऐनमा तोकिएको समयमा बजेट समर्पण गर्नुपर्दछ ।

१४. **स्थानीय तहलाई अनुदान -** नेपालको संविधानको धारा ६० (५) र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ (२) मा नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुन बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने उल्लेख छ । यो वर्ष १३७ स्थानीय तहहरूलाई वित्तीय समानीकरण अनुदान रू.८७ करोड ५४ लाख ७२ हजार, समपूरक अनुदान रू.१ अर्ब ९ करोड ५१ लाख २३ हजार तथा ससर्त अनुदान रू.१ अर्ब ५७ करोड ६३ लाख २७ हजारसमेत रु.३ अर्ब ५४ करोड ६९ लाख २२ हजार वित्तीय हस्तान्तरण गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले २०८०।०१।१९ मा स्थानीय तहलाई हस्तान्तरण हुन बाँकी अन्तिम किस्ताको वित्तीय समानीकरण अनुदानमा ५० प्रतिशतले हुन आउने रकम रू.१२ करोड ५० लाख मात्र हस्तान्तरण गर्ने निर्णय भएको छ । प्रदेश सरकारले यो वर्ष अर्थ विविधबाट मन्त्रालय मातहतका कार्यालय, ३२ योजना तथा कार्यक्रममा रू.४ अर्ब १९ करोड ४६ लाख ८३ हजार थप निकासा दिएको छ भने आर्थिक वर्षको अन्त्यमा प्रदेश सञ्चित कोषमा रू.५ अर्ब १९ करोड ७५ लाख २७ हजार नगद मौज्दात रहेको देखिन्छ । प्रदेश सरकारले योजना तथा कार्यक्रममा थप रकम निकासा दिने, प्रदेश सञ्चित कोषमा नगद मौज्दात बाँकी रहेको अवस्थामासमेत आयोगद्वारा निर्धारण गरिएको वित्तीय समानीकरण अनुदान कटौती गर्नु उपयुक्त देखिएन । वित्तीय समानीकरण अनुदानलाई प्रभावकारी रूपमा परिचालन गर्नुपर्दछ ।

१५. **अन्तर सरकारी अख्तियारी -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(३) मा प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम ससर्त अनुदान प्रदान गर्ने तथा प्रदेश विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश

सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारले यो वर्ष दुई मन्त्रालयमार्फत् नेपाल सरकारका कार्यालयलाई चालु तथा पुँजीगत खर्चमा रू.२१ करोड ८८ लाख ५ हजार बजेट विनियोजन गरेकोमा रू.२० करोड १८ लाख ९१ हजार खर्च भएको छ। नेपाल सरकारको स्वीकृति हुनुपर्दछ ।

१६. **अनुदानको अनुगमन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४२ मा कुनै सङ्घ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुन बमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारले यस वर्ष शैक्षिक संस्थाहरूलाई सहायता रू.१ करोड ८६ लाख ३४ हजार, उपभोक्ता समिति तथा गैह्र सरकारी संस्थालाई रू.४९ लाख ९५ हजार, स्थानीय निकाय निःशर्त चालु अनुदान रू.१० लाख, सरकारी निकाय, समिति एवम् बोर्डलाई ससर्त चालु अनुदान रू.६० करोड ८४ लाख ४५ हजार र ससर्त पुँजीगत अनुदान रू.५६ करोड ८८ लाख ४० हजार सहायता तथा अनुदान खर्च लेखेको छ । सहायता तथा अनुदान दिइएको रकम सोही बमोजिम खर्च भएको र कार्यविधि पूरा गरी खर्च गरेको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्दछ ।

१७. **प्रदेश आकस्मिक कोष -** नेपालको संविधानको धारा २१२ अनुसार प्रदेशले आकस्मिक कोष सञ्चालन ऐन, २०७५ पारित गरेकोमा पारित कानुन बमोजिम कोष स्थापना गरी कार्यान्वयन गरेको छैन । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कोरोना जनसुरक्षा कोषमा रू.२१ करोड ८५ लाख ५२ हजार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको विपद् व्यवस्थापन कोषमा रू.५ करोड ६५ लाख ४९ हजार, स्वास्थ्य मन्त्रालयको कोभिड १९ प्रकोप व्यवस्थापन कोषमा रू.८० लाख १५ हजार गरी जम्मा रू.२८ करोड ३१ लाख १६ हजार मौज्दात बाँकी रहेको छ । मौज्दातमध्ये कोरोना जनसुरक्षा कोष र कोभिड-१९ प्रकोप व्यवस्थापन कोषको प्रयोजन समाप्त भईसकेको अवस्था रहेकोले उक्त रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१८. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान अनुसूची-१ को ढाँचामा तयार गर्नुपर्ने, अनुसूचीमा लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत थप गर्न सकिने, कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालयबाट कार्यविधि स्वीकृत गराई गर्नुपर्नेमा प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययितासम्बन्धी निर्देशिका, २०७९ को दफा १९ मा कन्टिन्जेन्सी रकम खर्चसम्बन्धी व्यवस्था छ । मन्त्रालयले यस वर्ष प्रदेश सरकारबाट यस्ता कन्टिन्जेन्सी खर्चबाट के कति खर्च भयो र सो को उपलब्धि के भयो सो सन्दर्भमा समीक्षा गरेको देखिएन । मन्त्रालयले आगामी दिनमा आयोजना तथा कार्यक्रमको लागि आवश्यक पर्ने प्रशासनिक खर्च र अन्य सानातिना खर्चको लागि आवश्यक पर्ने बजेट एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसारको खर्च शीर्षकमा विनियोजन गरी खर्च गर्ने गराउने र लागत अनुमानमा कन्टिन्जेन्सी खर्च समावेश गरी खर्च गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

१९. **थप तलब सुविधा -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ मा सरकारी सेवाका कर्मचारी समायोजन गर्ने र समायोजन हुँदा कायम हुने ग्रेडसम्बन्धी व्यवस्था छ । माननीय मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्रीस्तरीय निर्णयले २०७९।६।१४ बाट लागू हुने गरी कम हुने

तलब सुविधा बराबरको रकम त्यस्तो पदमा खटिएको अवधिभर कार्यरत निकायबाट प्रदान गर्ने निर्णय गरेकोमा प्रदेश निजामती सेवा ऐन २०७९।११।१५ मा प्रमाणीकरण भई राजपत्रमा प्रकाशित भएकोमा तह यकिन गर्ने निर्णय १४ दिन अगाडि नै भएको र ५ महिना अगाडिदेखिको तलब सुविधा प्रदान गरेको छ । कर्मचारी समायोजन ऐन, २०७५ को व्यवस्था विपरीत प्रदेशमा कामकाजमा आएका कर्मचारीलाई समायोजित कर्मचारीसरह सुविधा दिनु, प्रदेशको स्वीकृत दरबन्दीको कुन पदमा कामकाजमा रहेको यकिन हुन नसक्नु, कर्मचारी समायोजनसम्बन्धी कार्य औपचारिकरूपमा सम्पन्न हुनु, प्रदेश लोक सेवा आयोग स्थापना भई २०८०।३।११ देखि प्रदेश निजामती सेवाका विभिन्न पदमा विज्ञापन भई भर्ना, छनोट तथा सिफारिस प्रकृया सुरु हुनु, ऐन पारित भएपछि सुविधा रकम भुक्तानी हुनु, कर्मचारीले खाइपाई आएको तलब सुविधा कायम भएको तहको सुरु तलब स्केलभन्दा कमी नदेखिनु, मन्त्रालयबाट तह मिलान गरी सुविधा दिने गरी कर्मचारीलाई सुविधा नतोक्नु, तलबी प्रतिवेदन पारित हुन नसक्नु र आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमासमेत बेरुजु औल्याइएको सन्दर्भमा यो वर्ष ४ मन्त्रालयले २५ कर्मचारीहरूलाई भुक्तानी गरेको थप सुविधा रू.९ लाख ८ हजार सम्बन्धित कर्मचारीहरूबाट असुल गर्नुपर्दछ । साथै, कर्मचारी समायोजनको कार्य सम्पन्न भई प्रदेश निजामती सेवा ऐनसमेत जारी भई प्रदेश लोक सेवा आयोगले कर्मचारी भर्ना छनोट र सिफारिसको कार्य सुरुवात गरी सकेकोले कानुनले तोकेकोबाहेक अन्य पदहरूमा सङ्घबाट कर्मचारी काजमा ल्याई थप सेवा सुविधासहित कामकाज गर्नु गराउनु मनासिब देखिएन । यसमा सुधार हुनुपर्दछ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

२०. **प्रदेश सञ्चित कोष -** नेपालको संविधानको भाग १६ धारा १०४ अनुसार गुठी रकमबाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सरकारको सञ्चित कोषमा आम्दानी बाँधिने व्यवस्था छ । प्रदेश सरकारको २०७९।८० को सञ्चित कोषको प्राप्ति तथा भुक्तानी विवरण देहाय अनुसार छ ।

(रकम रू.लाखमा)

क्र. सं.	विवरण	चालु आ.व.को कारोबार			गत आ.व. को कारोबार		
		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१.	राजस्व, अनुदान र अन्य प्राप्ति	२८७५२७	३७८	२८७९०६	३२९७४०	५११	३३०२५१
२.	वित्तीय व्यवस्थाबाट प्राप्ति			०			०
३.	यस वर्षको खुद प्राप्ति (१+२)	२८७५२७	३७८	२८७९०६	३२९७४०	५११	३३०२५१
४.	भुक्तानी	३०७२००	३७८	३०७५७८	२९९१५४	५११	२९९६६४
५.	विनिमय दर वा अन्य समायोजन			०			०
६.	यस वर्षको जम्मा भुक्तानी (४+५)	३०७२००	३७८	३०७५७८	२९९१५४	५११	२९९६६४
७.	यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)	-१९६७२	०	-१९६७२	३०५८६	०	३०५८६
८.	आर्थिक वर्षको सुरूवातको मौज्दात	७१६४७	०	७१६४७	४१०६१	०	४१०६१
९.	आर्थिक वर्षको अन्त्यको मौज्दात(७+८)	५१९७५	०	५१९७५	७१६४७	०	७१६४७

२१. **सञ्चित कोषको मौज्दात -** गत वर्षसम्म सञ्चित कोषको मौज्दात रू.७ अर्ब १६ करोड ४७ लाख रहेकोमा यो वर्षसम्मको सञ्चित कोषको मौज्दात रू.५ अर्ब १९ करोड ७५ लाख रहेको छ । उक्त रकमबाट सङ्घीय सरकारलाई २०८०।८१ मा रू.१ अर्ब ५६ करोड ६ लाख फिर्ता गरेको छ भने

२०७८।७९ मा फिर्ता गर्नुपर्ने रू.१ अर्ब ४९ करोड ६८ लाख २०७९।८० मा प्रदेश सञ्चित कोषबाट फिर्ता गरेको देखिन्छ। प्रदेश सञ्चित कोषमा मौज्दात रहेको रकम जिम्मेवारी सारिने र सोही रकमबाट सङ्घीय सञ्चित कोषमा रकम फिर्ता गरिने भएको हुँदा सञ्चित कोषको मौज्दात यथार्थपरक देखिएन ।

२२. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ मा प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले पठाउनुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरण अनुसार गत वर्षको जिम्मेवारी रू.९ अर्ब ५५ करोड ९५ लाख रहेकोमा यस वर्ष भुक्तानी खर्च रू.२८ अर्ब ९६ करोड ८८ लाख प्राप्त भएकोमा रू.३० अर्ब ९२ करोड ४६ लाख देखाएको छ । धरौटीलगायत अन्य कोषको मौज्दात रू.२५ करोड ४ लाख रहेको छ। आर्थिक वर्षको अन्त्यमा कोषसहितको नगद मौज्दात रू.७ अर्ब ८५ करोड ४१ लाख र सोझै भुक्तानी खर्च रू.३ करोड ७८ लाख रहेको छ ।

२३. **समपूरक अनुदान -** समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०७५ र विनियोजन ऐन, २०७९ मा समपूरक अनुदान रकम खर्च तथा प्रतिवेदनसम्बन्धी व्यवस्था छ । यो वर्ष कार्यालयले सङ्घीय सरकारबाट रू.९२ करोड समपूरक अनुदान प्राप्त भएकोमा रू.५५ करोड ६० लाख ७६ हजार खर्च भई रू.३६ करोड ३९ लाख २४ हजार फिर्ता गरेको छ । समपूरक अनुदानबाट आयोजना/कार्यक्रममा भएको खर्च र समानुपातिक अंश कट्टीको अभिलेख नराखि गरिएको फिर्ता रकम यथार्थपरक देखिदैंन । समपूरक अनुदानबाट आयोजना/कार्यक्रममा भएको खर्चको अद्यावधिक विवरण नराख्दा कानुन बमोजिम सङ्घलाई फिर्ता गर्नुपर्ने रकम यकिन नहुन सक्ने जोखिम रहन्छ । समपूरक अनुदानबाट आयोजना/कार्यक्रममा हुने वास्तविक खर्च र आनुपातिक अंश कट्टीको विवरण तयार गरी सो अनुसार समपूरक अनुदान सम्बन्धमा निर्णय गर्नुपर्दछ ।

२४. **स्थानीय तहबाट अनुदान फिर्ता -** प्रदेश विनियोजन ऐन, २०७९ को दफा ४ (१०) मा ससर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने र फिर्ता दाखिला नभएमा अर्को आर्थिक वर्षमा हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्न सक्ने व्यवस्था छ । यो वर्ष प्रदेशभित्रका १३७ स्थानीय तहलाई ससर्त अनुदान रू.१ अर्ब ५७ करोड ६३ लाख २७ हजार र समपूरक अनुदान रू.१ अर्ब ९ करोड ५१ लाख २२ हजारसमेत रू.२ अर्ब ६७ करोड १४ लाख ४९ हजार निकासा गरी खर्च कायम गरेको छ । प्रदेशबाट स्थानीय तहलाई निकासा भएको रकम खर्च नभई प्रदेश सञ्चित कोषमा फिर्ता हुनुपर्ने रकमको अभिलेख अद्यावधिक गरी राखेको छैन । आर्थिक वर्ष २०७९/८० मा ३८ स्थानीय तहबाट खर्च नभइ बाँकी रहेको रू.८ करोड ७८ लाख १३ हजार ७६२ फिर्ता भएको छ । ऐनमा भएको व्यवस्था बमोजिम प्रदेशबाट निकासा भएको रकममध्ये खर्च नभई बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्ने अन्यथा वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी हिसाब मिलान गर्नुपर्दछ ।

२५. **तलवी प्रतिवेदन -** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८० मिति २०७६।०५।१८ गतेको पत्र अनुसार प्रदेश अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको

तलबी प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने उल्लेख छ । कार्यालयले प्रदेशअन्तर्गतका कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी यो वर्ष कर्मचारीलाई पारिश्रमिक र सुविधामा रू.२ अर्ब २४ करोड ७३ लाख २५ हजार अर्थात कुल बजेट खर्चको ७.२७ प्रतिशत खर्च लेखेको छ । कानुनमा भएको व्यवस्था बमोजिम कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च गर्नुपर्दछ ।

२६. **सरकारी सम्पत्तिको अभिलेख -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ७८ (७) मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गरी कात्तिक मसान्तभित्र महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश सरकारको सम्पत्ति रू.५ अर्ब ५१ करोड ६१ लाख ६९ हजार रहेको छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट तयार गरेको विवरणमा सबै सम्पत्तिहरू समावेश हुन नसकेको, मन्त्रालय घटबढ हुँदा सो अनुसार विवरण तयार नगरेको, औषधिजन्य सामग्रीको छुट्टै प्रणालीमा प्रविष्टि गरेको, मूल्य नखुलेका सम्पत्तिको मूल्य रू.१ राखेको, घरजग्गा अभिलेख व्यवस्थित नभएकोलगायत कमजोरी देखिएका छन् । प्रदेश सरकारको सबै सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा यथार्थ प्रविष्टि गरी सम्पत्तिको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

२७. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३५ मा प्रदेश सरकारका प्रत्येक कार्यालयको कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने र यसरी आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै लेखाउत्तरदायी अधिकृतले फर्स्यौंट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षकसमक्ष प्रस्तुत गर्नुपर्ने उल्लेख छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रू.१ करोड ७५ लाख ५८ हजार, नियमित गर्नुपर्ने रू.४ करोड ९४ लाख ९४ हजार बेरुजु र पेस्की बाँकी रू.७८ करोड ३७ लाख २२ हजारसमेत रू.८५ करोड ७ लाख ९४ हजार बेरुजु औंल्याइएकोमा फर्स्यौंट गरेको पाइएन । लेखापरीक्षण प्रतिवेदन नियम अनुसार कार्यान्वयन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा विनियोजन अनुसार खर्च गर्न नसकेको, लक्ष्य अनुसार राजस्व प्राप्त हुन नसकेको, घोषित नीति तथा कार्यक्रम पूर्णरुपमा कार्यान्वयन हुन नसकेको, समयमा बजेट समर्पण नभएको, वर्षको अन्तमा रकमान्तर गरेको, बहुवर्षिय आयोजनाको बजेट व्यवस्थापन हुन नसकेको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, बेरुजुको एकीकृत लगत तयार नगरेको, सरकारी सम्पत्तिको अभिलेख अद्यावधिक नभएको लगायतका व्यहोरा औंल्याइएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजु -** मन्त्रालय र मातहतसमेतका ४ निकायको यो वर्ष रू.१३ लाख ४० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ लाख ४३ हजार फर्स्यौंट तथा रू.१ लाख ४३ हजार थप भई रू.१३ लाख ४० हजार बेरुजु बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश भित्रको कृषि, पशु विकास तथा खाद्य सुरक्षासम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, कृषि तथा पशुपन्छीजन्य रोग कीरा एवम् महामारी नियन्त्रण, कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्धन, कृषि तथा पशु व्यवसायको यान्त्रिकीकरण, उद्योग दर्ता अनुमति नवीकरण एवम् खारेजी, करार, साझेदारी र एजेन्सीसम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन, सङ्घसँगको समन्वयमा कम्पनी स्थापनासम्बन्धी नीति, कानुन तर्जुमा तथा कार्यान्वयन र नियमन, औद्योगिक विवाद समाधान लगातका कार्यहरू रहेका छन् ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ४६ सरकारी कार्यालयको निम्नानुसार रू.२ अर्ब ७ करोड ७१ लाख २ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजश्व	धरौटी	अन्य	जम्मा
१९५५५३०	८६३००	३३७०१	१५७१	२०७७१०२

उल्लिखित लेखापरीक्षण रकममा सामाजिक विकास मन्त्रालयबाट खर्च गरेको रू.२१ लाख ८ हजारसमेत समावेश छ । त्यसैगरी साबिकको उद्योग, कृषि तथा सहकारी मन्त्रालयबाट खर्च भएको रू.२२ लाख १६ हजार आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा समावेश गरिएकोले यसमा समावेश छैन ।

२. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ११६ मा विभागीय मन्त्रीको जिम्मेवारी र नियम ११९ मा लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीसम्बन्धी व्यवस्था छ । यो वर्ष मन्त्रालय र मातहत ४६ निकायको सुरु विनियोजित रु.२ अर्ब ९५ करोड १६ लाख ८२ हजारमा रकमान्तरबाट घटाई अन्तिम बजेट रु.२ अर्ब ४९ करोड ९ लाख ५७ हजार कायम भएकोमा रु.१ अर्ब ९३ करोड ९३ लाख ७८ हजार खर्च भएको छ । खर्चमध्ये चालुतर्फ रु.१ अर्ब ७६ करोड ०३ लाख ५५ हजार (९०.७६ प्रतिशत) र पुँजीगततर्फ रु.१७ करोड ९० लाख २३ हजार (९.२३ प्रतिशत) खर्च भएको छ । अन्तिम बजेटको तुलनामा चालु खर्च ७७.१६ प्रतिशत र पुँजीगत खर्च ८५.४१ प्रतिशत हुन आउँछ भने सुरु विनियोजित बजेटको तुलनामा चालु खर्च ६५.२३ प्रतिशत र पुँजीगत खर्च ७०.७५ प्रतिशत हुनुले वित्तीय जिम्मेवारी पूर्ण पालना भएको देखिएन । बजेट बनाउँदा कार्यान्वयनको सुनिश्चितता नहुने, सञ्चालन हुन नसक्ने कार्यक्रममा बजेट व्यवस्था गर्ने, वर्षान्तमा रकमान्तर गर्ने, समयमा बजेट समर्पण नगर्ने लगायतका स्थितिले जवाफदेहिता पालनामा कमजोर देखिएको छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नुपर्दछ ।

३. **नीति तथा कार्यक्रम -** कृषि क्षेत्रको समग्र विकासका लागि प्रदेशिक कृषि विकास रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने भनिएकोमा यस्तो रणनीति तयार नगरेको, कृषि तथा पशुधन बीमा र सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई थप प्रभावकारी बनाउने नीति अनुरुप बाली तथा पशुधनको बीमालाई सघन रूपमा सञ्चालन गर्न स्थानीय तह र बीमा कम्पनीहरूसँग समन्वय गरी बाली तथा पशु बीमालाई अभियानका रूपमा प्रवर्धन गर्ने कार्यक्रम रहेकोमा सो कार्यक्रम नभएको, साना किसानलाई

कृषि व्यवसाय प्रवर्धन गर्न बैंक तथा वित्तीय संस्थाहरूबाट प्रदान गरिने कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराउन बजेट व्यवस्था गरेपनि उक्त कार्यक्रम सञ्चालन नगरेको र प्रदेश उद्योग बाणिज्य महासङ्घ कृषि उद्यम केन्द्रसँगको सहकार्यमा कृषि उत्पादनमा बृद्धि कार्यक्रम सम्पन्न गरेको देखिएन।

४. **आवधिक योजना कार्यान्वयन** - कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) अनुसार आवधिक योजनाको अन्त्यसम्म कृषि भूमिको उत्पादकत्व ४.५ मेट्रिक टन प्रतिहेक्टर पुऱ्याउने लक्ष्य रहेकोमा ३.४९ मेट्रिकटन प्रतिहेक्टर पुगेको, खाद्यान्न उत्पादन ३ हजार १५० हजार मेट्रिक टन पुऱ्याउने लक्ष्य रहेकोमा हालसम्म २ हजार ९४३ हजार मेट्रिक टन पुगेको, पशुपंक्षीजन्य उत्पादन १०१२ हजार मेट्रिकटन पुऱ्याउने लक्ष्य रहेकोमा ६५३ हजार मेट्रिक टन पुगेको, तुलनात्मक लाभ भएका बालीको उत्पादनमा मूल्य अभिवृद्धि ८५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ३३ प्रतिशत पुगेको कृषि तथा पशुसेवा प्रसारको पहुँचमा बृद्धि २२.४ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा १६ प्रतिशत पुगेको, दुधमा मूल्यवृद्धि भएर जाने परिमाणको अंश ५२ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ४७ प्रतिशत पुगेको, प्राङ्गारिक कृषिको अनुपात २.३५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २.१४ प्रतिशत पुगेको देखिन्छ । त्यसैगरी कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान २३.६१ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा १६.८ प्रतिशत पुगेको, औद्योगिक लगानी वार्षिक वृद्धि १३ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ११ प्रतिशत पुगेको, औद्योगिक क्षेत्र तथा कोरिडोर स्थापना ५ पुऱ्याउने लक्ष्य रहेकोमा १ मात्र स्थापना भएको, स्थानीय कच्चा पदार्थमा आधारित उद्योग ५० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २३ प्रतिशत पुगेको, उद्यमशील सीपयुक्त जनशक्ति उत्पादन ५० हजार पुऱ्याउने लक्ष्य रहेकोमा ३० हजार पुगेको खानी क्षेत्रको पहिचान ५ पुऱ्याउने लक्ष्य रहेकोमा २ पुगेको, व्यापारिक संस्था वृद्धि १ लाख ५० हजार पुऱ्याउने लक्ष्य रहेकोमा १ लाख ७ हजार ३ सय पुगेको व्यापारिक संस्थामा संलग्न व्यक्ति २ लाख ५० हजार पुऱ्याउने लक्ष्य रहेकोमा २ लाख ६ हजार १ सय पुगेको देखिन्छ । मन्त्रालयले आवधिक योजनाले लिएको लक्ष्य प्राप्त हुने गरी प्रगति हासिल गर्नुपर्दछ ।

५. **कृषि क्षेत्रमा अनुदान** - प्रदेश कृषि व्यवसाय प्रवर्धन अनुदान ऐन, २०७७ को दफा ३ बमोजिम कृषि तथा पशुपंक्षीजन्य वस्तु उत्पादन, प्रशोधन, बजारीकरणलगायत निर्यात प्रवर्धनमा अनुदान उपलब्ध गराउने र सो ऐनको दफा १४ मा त्यस्ता अनुदानहरूको अनुगमन गर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयबाट रू.१ करोड ९० लाख २४ हजार, कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरूबाट रू.४७ करोड ९ लाख १५ हजार तथा पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय र मातहतका कार्यालयहरूबाट रू.३३ करोड २७ लाख ३४ हजारसमेत रू.८२ करोड २६ लाख ७३ हजार अनुदान उपलब्ध गराएको छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेश अन्तर्गतका १४ जिल्लाका २१ हजार ९४५ महिला र २८ हजार ७८८ पुरुष गरी ५० हजार ७३३ जना प्रत्यक्ष लाभान्वित भएको जनाएको छ । उक्त अनुदान खाद्यान्न भण्डारण गृह निर्माण, प्राङ्गारिक मल, चाक्लाबन्दी खेती कार्यक्रम, व्यावसायीक फलफूल बगैंचा स्थापना सहयोग, युवा लक्षित च्याउ, मह, तरकारी उत्पादन, नमूना कृषि, मकैबाली प्रवर्धन, प्राङ्गारिक खेती, तेलहन बाली प्रवर्धन, मासुजन्य उद्योग स्थापना, बोयर बोका खरिद तथा वितरण, दुग्ध उत्पादन अनुदान, यन्त्र उपकरण खरिद तथा वितरण लगायतका कार्यक्रमहरूमा वितरण गरेको छ । ऐनको दफा ३(२) अनुसार एक आर्थिक वर्षमा एउटा कामका लागि मात्र अनुदान उपलब्ध गराउने व्यवस्था र दफा १४ अनुसारको अनुदान अनुगमन गर्ने कार्यविधि, सूचक तथा संयन्त्र तयार गरेको छैन । अनुगमन कार्यविधि, सूचक तथा संयन्त्रको व्यवस्था गरी अनुदानको नियमित रूपमा अनुगमन गर्नुपर्दछ ।

६. **सहकारी** - प्रदेश सहकारी ऐन, २०७६, प्रदेश सहकारी नियमावली, २०७७, सहकारी सङ्घ, संस्था एकीकरणसम्बन्धी कार्यविधि, २०७७, सहकारी शिक्षा, तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७, सहकारी सङ्घ/संस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षणसम्बन्धी मापदण्ड, २०७८ र सहकारी क्षेत्रमा प्रदान गरिने पुरस्कारसम्बन्धी मापदण्ड, २०७९ जारी गरिएको छ । सहकारी रजिष्ट्रारको कार्यालय सुनसरीले उपलब्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०७६।७७ मा कार्यालयको स्थापना भएपछि हालसम्म बचत तथा ऋण सहकारी संस्था ४४७, बहुउद्देश्यीय सहकारी संस्था १८१, कृषि सहकारी संस्था २३८, दुग्ध सहकारी संस्था २९, सञ्चार सहकारी संस्था १९, सहकारी सङ्घ ६३, विशिष्टिकृत सङ्घ ४ र विविध सहकारी संस्था ८० गरी जम्मा १ हजार ६१ सहकारी सङ्घ/संस्थाहरूको दर्ता भएकोमा यी संस्थाहरूले गरेका कारोबारहरूको अद्यावधिक अभिलेख राखेको छैन । कार्यालयले नियमित रूपमा सहकारी संस्थाहरूको अभिलेख तथा नियमन सहकारी कानुन अनुसार गर्नुपर्दछ ।

७. **अनुगमन मूल्याङ्कन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ ले प्रत्येक मन्त्रालयको कार्य विभाजनमा आफू र अन्तर्गत निकायको समग्र कार्य सञ्चालन व्यवस्था र प्रक्रियाको अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याको समाधान गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट अनुगमनका कार्य गरेको भए पनि एकीकृत अभिलेख तयार गरी मूल्याङ्कन गरेको देखिएन । वित्तीय प्रशासनलाई सबल बनाउन, जिम्मेवारी र जवाफदेहिता परिपालनामा अभिवृद्धी ल्याउन, सेवा प्रवाहलाई जनमुखी एवम् प्रभावकारी बनाउन, पूर्वाधार क्षेत्रको विकास गर्न तथा लक्षित कार्यक्रमहरू सफल तुल्याई आम नागरिकको जीवनस्तरमा सुधार ल्याउनका लागि वस्तुनिष्ठ अनुगमन गरेको देखिएन ।

कृषि ज्ञान केन्द्रहरू

८. **उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिमार्फत कार्य गराई भुक्तानी दिँदा लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, सुनसरीले ३ कृषि फर्मलाई वीउ तथा खाद्यान्न भण्डार निर्माण वापत अनुदान दिने प्रयोजनको लागि तयार गरेको लागत अनुमानको दर विश्लेषणमा निर्माण सामग्रीको मूल्य अभिवृद्धि कर समावेश गरेको र पुनः सम्पूर्ण निर्माण लागतमा एकमुष्ट मूल्य अभिवृद्धि कर रकम जोडेर सोही लागतमा सम्झौतागरी भुक्तानी दिएको छ । निर्माण सामाग्रीको आइटम दरमा र पुनः सम्पूर्ण रकममा एकमुष्ट मूल्य अभिवृद्धि कर रकम समावेश गरी सोहि बमोजिम भुक्तानी दिई बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.९ लाख १२ हजार असुल गर्नुपर्दछ ।

त्यस्तै, कृषि ज्ञान केन्द्र मोरङ्गले, ३ कृषि फर्मलाई विउ तथा खाद्यान्न भण्डार, मेशिन हल लगायत निर्माण वापत अनुदान दिने प्रयोजनको लागि तयार गरेको लागत अनुमानको दर विश्लेषणमा निर्माण सामाग्रीको मूल्य अभिवृद्धि कर समावेश गरेको र पुनः सम्पूर्ण निर्माण लागतमा एकमुष्ठ मूल्य अभिवृद्धि कर रकम जोडेर सोही लागतमा सम्झौता गरी भुक्तानी दिएको छ । निर्माण सामग्रीको आइटम दरमा र पुनः कुल रकममा एकमुष्ट मूल्य अभिवृद्धि कर रकम समावेश गरी भुक्तानी गर्दा बढी भुक्तानी भएकोले रु.१४ लाख ४७ हजार असुल गर्नुपर्दछ ।

भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरू

९. **बाखा ब्लक विकास कार्यक्रम** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, व्यवसायिक कृषि उत्पादन केन्द्र बाखा व्लक विकास कार्यक्रम सञ्चालन गर्न भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ

केन्द्र, संखुवासभा र एक कृषि सहकारी संस्था बीच भएको सम्झौतामा २ सय ५० स्थानीय खरी जातको बाख्रा खरिद गर्नुपर्ने, बाख्राको बीमा अनिवार्य गर्नुपर्ने र परियोजना सञ्चालन पूर्वको, परियोजना सञ्चालन हुँदै गरेको र परियोजना सम्पन्न भैसकेपछिको फोटोहरू संलग्न राखी भुक्तानीको लागि पेश गर्नुपर्ने उल्लेख छ । कार्यक्रमका लागि उक्त सहकारीलाई रू. २० लाख अनुदान भुक्तानी दिएकोमा सहकारीले विभिन्न कृषि फर्मसँग प्रति गोटा रू.९ हजार ५ सयका दरले २ सय ५० बाख्रा खरिद गरेकोमा उक्त बाख्रा तोकिएको जातको भएको प्रमाण संलग्न नगरेको, बीमा नगरेको र परियोजना सञ्चालनको फोटो संलग्न नगरेको अवस्था छ । अनुदान वितरण गर्दा संझौतामा उल्लिखित शर्तहरू पूर्णरूपमा पालना गर्नुपर्दछ ।

१०. **व्लक कार्यक्रमको निरन्तरता** - भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, धनकुटाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत यस आर्थिक वर्षमा बंगुर तथा बाख्रा व्लक कार्यक्रम सञ्चालनका लागि तीन कृषक समुहसँग सम्झौता गरी खोर निर्माण तथा कृषि औजार उपकरण खरिद गर्न रू.५५ लाख ८२ हजार अनुदान भुक्तानी दिएको छ । वितरण गरिएका सामानहरू कृषकहरूले बुझेको भरपाई पेश भएतापनि हस्तान्तरण भएका सामानहरू सदुपयोग भए नभएको अभिलेख राखेको छैन । अनुदानको प्रभावकारी उपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी मूल्याङ्कन गर्नुपर्दछ ।

११. **दुध सङ्कलन र बिक्री वितरण** - प्रदेश कृषि व्यवसाय प्रवर्धन अनुदान मापदण्ड, २०७८ मा सहकारी संस्थाहरूलाई दैनिक ५०० लिटर दुध बिक्री गरेको तथा कृषकले २०० दिनसम्म दुग्ध सहकारी संस्थालाई दुध बिक्री गरेको आधारमा प्रति लिटर रू.२ अनुदान दिने व्यवस्था छ । भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, धनकुटाले यो वर्ष ३१ कृषक सहकारी तथा डेरी उद्योगलाई ९७ लाख ५१ हजार लिटर दुध सङ्कलन तथा बिक्रीबापत रू.१ करोड ९५ लाख २ हजार अनुदान दिएको छ । सोमध्ये ५ दुग्ध सहकारी तथा डेरी उद्योगलाई मापदण्ड पूरा नभएको अवस्थामा रू.१६ लाख ३७ हजार अनुदान दिएको छ । खरिद गर्ने दुग्ध सहकारी संस्थाहरूले उपलब्ध गराएको विवरणको आधारमा सो अनुदान सम्बन्धितलाई दिने गरेको पाइयो । अनुदान प्रदान गर्दा मापदण्डको पालना हुनुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा तलबी प्रतिवेदन पारित नभएको, दरबन्दी अनुसार पदपूर्ति नगरेको, अनुदान रकमको अनुगमन नगरेको, समायोजन ग्रेड बढी भुक्तानी दिएको, कार्यसम्पादनलाई प्रगतिसँग आवद्ध नगरेको, बेरुजुको लगत अद्यावधिक नगरेको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु** - मन्त्रालय र मातहतसमेतका ३९ निकायको यो वर्ष रू.२ करोड ३२ लाख ४३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१९ लाख ७८ हजार फर्स्यौट भई रू.२ करोड १२ लाख ६५ हजार बेरुजु बाँकी रहेको छ । सोमध्ये रू.६० हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश भित्रको प्रदेशस्तरको खानेपानी, सिँचाइ, ऊर्जा तथा जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन, निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धनसम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन, सबैलाई स्वच्छ खानेपानी उपलब्धता र स्वच्छ खानेपानीमा पहुँचको सुनिश्चतता, ढल निकास तथा सरसफाइ व्यवस्थापन गर्ने लगायतका कार्यहरू रहेका छन् ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतका २५ सरकारी कार्यालयको निम्नानुसार रू.६ अर्ब २९ करोड ३ लाख ३० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
५५४२१४६	१७३६१	७२५९३०	४८९३	६२९०३३०

२. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ मा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने व्यहोरा उल्लेख छ। मन्त्रालयको संस्थागत व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता पालनासम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तीय सूचना प्रणाली उपयोगको अवस्था कमजोर रहेको, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, एकद्वार सेवा प्रणाली कार्यान्वयनमा नआएको, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्वन नगरेको तथा सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर परीक्षणको स्थिति कमजोर रहेको छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नुपर्दछ ।

३. **नीति तथा कार्यक्रम कार्यान्वयन** - सिँचाइ क्षेत्रमा ४३ हजार हेक्टर जमिन सिंचित गर्ने लक्ष्य बमोजिम करिब ७१ प्रतिशत काम सम्पन्न भएको र यो वर्ष ८ हजार ४ सय ७५ हेक्टर क्षेत्रफलमा थप सिँचाइ सुविधा पुऱ्याउने, प्रत्येक नागरिकलाई धाराको खानेपानी सेवा पुऱ्याउने लक्ष्य हासिल गर्न एक घर एक धाराको अवधारणा अन्तर्गत सञ्चालित खानेपानी आयोजनालाई निरन्तरता दिइने, जलविद्युत उत्पादनमा निजी क्षेत्र तथा स्थानीय समुदायलाईसमेत लगानी गर्न आकर्षित गर्ने, सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा मध्यपहाडी जिल्लाका ५९ स्थानीय तहमा साना सिँचाइ योजना सञ्चालन गर्ने, स्वदेशी तथा वैदेशिक लगानीलाई आकर्षित गर्दै २० मेघावाटसम्मका जलविद्युत तथा सौर्य विद्युत आयोजना सञ्चालन गर्ने लगायत कार्यक्रम कार्यान्वयन गरेको देखिएन ।

४. **आवधिक योजना कार्यान्वयन** - कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा गुणस्तरीय पूर्वाधार विकास गरी खानेपानी तथा सरसफाइ सुविधा विस्तार, सिंचित क्षेत्रको विस्तार, विद्यमान सिँचाइ आयोजनाको पूर्ण उपयोग, व्यवस्थित सिँचाइ प्रणालीलाई सुदृढीकरण तथा जल उत्पन्न प्रकोप न्यूनीकरण गर्दै नदी कटान तथा बाढी पहिरोजन्य क्षति कम, प्रदेशमा विद्युत

उत्पादन, प्रसारण र वितरण क्षमता वृद्धि गर्ने लगायतका उद्देश्य रहेको देखिन्छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्षसम्म जलउत्पन्न प्रकोप न्यूनीकरण अन्तर्गत १ हजार ५०० हेक्टर जमिनलाई संरक्षण गर्ने लक्ष्य रहेकोमा १ हजार २५० हेक्टर जमिनलाई संरक्षण गरेको, जलबिद्युत उत्पादन जडित क्षमता १ हजार ५०० मेगाबाट लक्ष्य रहेकोमा हालसम्म ६५० मेगाबाट प्रगति देखिएको, सिंचित क्षेत्र विस्तार ३.४५ लाख हेक्टर लक्ष्य रहेकोमा ३.११ लाख हेक्टर विस्तार भएको देखिन्छ। मन्त्रालयले आवधिक योजनाले लिएको लक्ष्य प्राप्त हुने गरी प्रगति हासिल गर्नुपर्दछ ।

५. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले रू.२८ लाख ५० हजार, खानेपानी तथा सरसफाइ डिभिजन भोजपुरले मात्र रू.९ करोड ३४ लाख ४० हजार, खोटाङ्गले रू.१ करोड ९१ लाख ११ हजार, झापाले रू.१ करोड ६६ लाख ८४ हजार, सुनसरीले रू.३ करोड २५ लाख ३४ गरी रू.१६ करोड ४६ लाख २१ हजारको निर्माण, मर्मत सम्भार, फर्निचर तथा कार्यालय सामान, पाइप तथा फिटिङ्सका सामान प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको छ । सार्वजनिक खरिद ऐन कानुन अनुसार प्रतिस्पर्धा गराई खरिद गर्नुपर्दछ ।

६. **सोलार सेट खरिद तथा वितरण -** प्रदेश सरकारको विपन्न वर्ग लक्षित सौर्य ऊर्जा उज्यालो कार्यक्रम अन्तर्गत वितरणका लागि ६० वाटको ८०० थान सोलार जडानसहित खरिद गर्न रू.२ करोड ४० लाख ५२ हजारको लागत अनुमान रहेकोमा एक आपूर्तिकर्तालाई रू.१ करोड ६८ लाख ८१ हजार भुक्तानी गरेको छ । कोशी प्रदेश अन्तर्गतका ९ पालिका तथा वडाबाट सोलार सेट वितरण गर्दा सङ्घीय बजेटबाट दोहोरो नभएको तथा कार्यविधि अनुसार लाभग्राही छनोट गरी वितरण गरेको सम्वन्धमा अनुगमन प्रतिवेदनमा खुलाएको देखिएन ।

७. **विद्युतीय चुल्हो खरिद तथा वितरण -** सङ्घीय सरकारबाट राष्ट्रिय ग्रामिण तथा नवीकरणीय ऊर्जा प्रविधि जडान कार्यक्रमका लागि रू.१ करोड विनियोजन भएकोमा मन्त्रालयले १६ एम्पियर क्षमताको विद्युतीय चुलो खरिद गरी प्रदेश सरकार अन्तर्गतका मन्त्रालयहरू र मातहतकासमेत ४४ कार्यालयमा प्रयोग गर्ने गरी मन्त्रीस्तरीय निर्णयबाट एक सप्लायर्ससँग खरिद गरी वितरण गरेको छ । विद्युतीय चुलो वितरण गर्ने कार्यविधि नबनाई कार्यालय प्रयोजनार्थ हस्तान्तरण गर्ने मन्त्रीस्तरीय निर्णय गरेर प्रदेश सरकार अन्तर्गतका ४४ निकायका पदाधिकारीले प्रयोग गर्ने गरी वितरण गरेकोमा सोको अभिलेख राखेको छैन । कार्यालय प्रयोजनको लागि खरिद गर्ने निर्णय गरे तापनि सम्बन्धित कार्यालयको सट्टा जनप्रतिनिधि र कर्मचारीहरूलाई वितरण गर्दा बजेटको उद्देश्य विपरीत भएको सम्बन्धमा सुनिश्चित हुन सकिएन । यस्ता वितरणमूखी कार्यक्रम नियन्त्रण हुनुपर्दछ ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू

८. **पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा पुर्व निर्धारित क्षतिपूर्ति सम्बन्धि व्यवस्था रहेको छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, खोटाङ्गले ४ योजना २०७९ पौष मसान्त भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायीले सम्झौता गरेकोमा पटक पटक म्याद थप गर्दासमेत निर्माण कार्यसम्पन्न नगरेको, हर्जाना बुझाउनबाट छुटकारा पाउने उद्देश्यले निर्माण काम सम्पन्न हुनु भन्दा अगाबै निवेदन दिने गरेको, कार्यालयले अधिकांश ठेक्काको नापी किताब

प्राविधिक मूल्याङ्कन एवम् सम्बन्धित कागजातमा काम सम्पन्न भएको मिति उल्लेख नगरेकोले २०८० आषाढ मसान्तमा अधिकांश रकम भुक्तानी गर्दा गोश्वरा भौचरसँग पेश भएका कागजात अनुसार निर्माण व्यवसायीले समयमै काम सम्पन्न गरेका थिए भन्न सकिने अवस्था छैन। म्याद भित्र काम सम्पन्न नगरेको ४ ठेक्काको सम्झौता रकम रू.१४ करोड ७४ लाख २२ हजारको पूर्वनिर्धारित क्षतिपूर्ति रू.१ करोड ३१ लाख ३३ हजार असुल गरेको छैन । सम्झौता अनुसार समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

९. **सीमाभन्दा बढीको कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा मूल्य अभिवृद्धि कर, कन्टिन्जेन्सी र जनसहभागिताको अंशसमेत रू.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्षभित्र सम्पन्न गर्न सकिने निर्माण कार्य मात्र उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन, झापाले एक करोड भन्दा बढीको ६ योजनाको निर्माण कार्य उपभोक्ता समितिमार्फत् गराई रू.१० करोड २७ लाख ७० हजार भुक्तानी गरेको छ । विगत वर्षमासमेत उल्लिखित सीमाभन्दा बढीको निर्माण कार्य उपभोक्ता समितिमार्फत् गरेकोमा यस वर्ष पनि सुधार भएको देखिएन । नियमको व्यवस्था पालना गरी सार्वजनिक निर्माण कार्य गराउनुपर्दछ ।

१०. **योजना फरफारक -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले सम्झौता गरिसके पछि सो काम आफै गर्नुपर्ने र गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्ने व्यवस्था छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन, मोरङ्ग बुढी केशलिया खोला नियन्त्रण कार्य बुढीगंगा गाउँपालिका-५ मालहट्टीको नदी नियन्त्रण सम्बन्धी कार्यको लागि उपभोक्ता समितिसँग रु.३१ लाख ५७ हजारमा सम्झौता गरेकोमा ७ आईटममध्ये सबै आइटममा आंशिक परिमाणको काम गरेको प्रमाणको आधारमा रु.२१ लाख ३४ हजार भुक्तानी गरेको छ । सो पश्चात निर्माण कार्य अधुरो रहेको छ। सम्झौतानुसार काम नगर्ने उपभोक्ता समितिलाई कानुन बमोजिम कारबाही गर्नुपर्दछ ।

११. **पेश्की फर्स्यौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधि भित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेस्की फर्स्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम ३ बमोजिमको बैङ्क जमानत जफ्त गरी पेस्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन, सुनसरीले सर्दु नदी नियन्त्रण ठेक्काको सम्झौताको विशेष शर्तको बुँदा नं ५७.३ मा सम्झौताको ८० प्रतिशत समयावधि भित्र पेस्की फर्स्यौट गरी सक्नुपर्नेमा एक निर्माण व्यवसायीलाई रु.९८ लाख ३ हजार पेस्की दिएको छ । सम्झौताको शर्त अनुसार ८० प्रतिशत समयावधि सम्पन्न हुँदासम्म उक्त पेस्की बाँकी रहेको र अग्रिम भुक्तानी जमानतको म्यादसमेत समाप्त भैसकेकोले कानुन बमोजिम कारबाही गर्नुपर्दछ ।

१२. **सामान खरिद -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९९(५) मा कार्यालयको आवश्यकता भन्दा बढी हुने सम्पत्ति तथा जिन्सी मालसामान खरिद गर्नु गराउनु हुँदैन भन्ने व्यवस्था छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन, सुनसरीले रू.३८ लाख १४ हजारको ग्याबियन जाली, जलस्रोत तथा सिँचाइ विकास डिभिजन, झापाले रू.२७ लाख ५७ हजारको

पाइप तथा ग्याबियन जाली र जलस्रोत तथा सिँचाइ विकास डिभिजन, ईलामले रू.२१ लाख ४८ हजारको एच.डि.पि पाइप तथा ग्याबियन बक्ससमेत रू.८७ लाख १९ हजारको सामान खरिद गरेकोमा प्रयोग नभई मौज्दात रहेको छ ।

१३. **बिस्तृत आयोजना प्रतिवेदन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ मा निर्दिष्ट गरेका उद्देश्य, नीति तथा कार्यक्रमको आधारमा बजेट प्रस्ताव तयार गरी खर्च गर्ने उल्लेख छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, खोटाङ्गले यो वर्ष अध्ययन अनुसन्धान परामर्श सेवामा बजेट बिनियोजन नभएको भएतापनि योजनामा बिनियोजन भएको रकमबाट बिभिन्न १५ योजनाहरूको बिस्तृत आयोजना प्रतिवेदन तयार गरी रू.६० लाख १ हजार खर्च गरेको छ । गत विगतको प्रतिवेदन अभिलेख, आवश्यक्ता र औचित्य पुष्टि हुने गरी अध्ययन सर्वेक्षणको कार्य गर्नुपर्दछ ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरू

१४. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) क मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा त्यस्तो काम परामर्श सेवाबाट खरिद गर्न सकिने व्यवस्था छ । यो वर्ष योजनाको अध्ययन परामर्शका लागि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, पाँचथरले ८८ योजनाको रू.५ करोड १६ लाख ४९ हजार, ओखलढुङ्गाले १३ योजनामा रू.२ करोड २६ लाख ९ हजार, सुनसरीले १४ योजनाहरूमा रू.१ करोड ५१ लाख २३ हजार, झापाले ११ योजनाहरूको लागि रू.१ करोड ४८ लाख ८५ हजारसमेत रू.२२ करोड ९९ लाख ९ हजार खर्च गरेका छन् । कार्यालयमा उपलब्ध जनशक्तिबाट सम्पन्न हुन नसक्ने अवस्थामा मात्र बाह्य परामर्शदाताबाट प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्दछ ।

१५. **घटी पाइप जडान** - सार्वजिनक खरिद नियमावलीको नियम १२३ उपनियम १ को खण्ड (ख) बमोजिम नापजाँच पश्चात नापी किताबमा भएको वास्तविक कार्यसम्पादन परिमाणका आधारमा मात्र मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्यवस्था छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, खोटाङ्गले १८ खानेपानी आयोजनाको लागि जिन्सी खातामा रू.३ करोड ६३ लाख ८८ हजारको ४ लाख २७ हजार १३२ मिटर पाइप खर्च लेखेकोमा पेश भएको नापी किताबबाट ३ लाख ८२ हजार ५२७ मिटर पाइप जडान भएको र रु.३१ लाख ४९ हजार मूल्यका ४४ हजार ५४५ मिटर पाइप जडान भएको नापी किताब पेश नभएकोले उक्त पाइप जडान हुनुपर्दछ ।

१६. **नापी किताबमा जडान** - पाइप तथा फिटिङ्ग/औजारको गत विगतको मौज्दातबाट अपुग हुने परिमाण यकिन गरी अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान भए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्दछ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, झापाले रू.१ करोड ९५ लाख ४५ हजार मूल्यका २२ हजार ८७६ मिटर, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, ओखलढुंगाले रू.५० लाख १५ हजार मूल्यका ११ हजार ९०४ मिटर, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सुनसरीले रू.३ करोड ५८ लाख ५२ हजार मूल्यका १ लाख ६७ हजार ९४९ मिटरसमेत ७ कार्यालयको रू.७ करोड १० लाख ८२ हजार मूल्यका ३ लाख २५ हजार १७१ मिटर पाइप जिन्सी खाताबाट खर्च लेखेकोमा नापी किताबमा जडान भएको देखिएन।

त्यस्तै, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, भोजपुरले गत विगतदेखि नै फिटिङ्गसका सामाग्रीहरू नापी किताबमा नदेखाई विभिन्न योजनालाई भुक्तानी गर्ने गरेको छ । गत वर्ष सम्मको मौज्दात तथा यस वर्ष खरिदसमेत रु.३ करोड ३८ लाख १६ हजार बराबरको फिटिङ्गसको सामानहरू मौज्दात रहेको विवरण प्राप्त भएको छ । नापी किताबमा नचढेको रू.१ करोड ३६ लाख ८९ हजारको फिटिङ्गस सामान जडान भएको सुनिश्चित हुनपर्दछ ।

१७. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले बिल भुक्तानी गर्दा सम्झौताको शर्त बमोजिम प्राविधिक नापजाँच भएको वास्तविक परिमाणको मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, पाँचथरले लुम्फावुङ्ग नवमीडाँडा लिफ्टिङ्ग खानेपानी योजना निर्माणमा भेरियसन नगरी एक निर्माण व्यवसायीलाई सम्झौताको बिल अफ क्वान्टिटीमा उल्लिखित परिमाण भन्दा रू.२३ लाख २८ हजार बढी भुक्तानी गरेको छ । भेरिएशन आदेश बेगर बिल अफ क्वान्टिटी भन्दा वढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

१८. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, पाँचथरले एक निर्माण व्यवसायीलाई सम्झौता अनुसार रू.३ लाख ८८ हजार मूल्य समायोजन भुक्तानी गर्नुपर्नेमा ऋणात्मक मूल्य समायोजन नगरी धनात्मक समायोजन मात्र जोडजम्माबाट रू.१६ लाख १९ हजार भुक्तानी गरेकोले रू.१३ लाख ९१ हजार बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ।

१९. **पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी पूर्व निर्धारित क्षतिपूर्ति लाग्ने व्यवस्था छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, पाँचथरले एक खानेपानी आयोजना निर्माण २०७७।३।२५ भित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रू.४ करोड ५८ लाख ३२ हजारमा सम्झौता गरेको छ । कार्यालयले प्रथम पटक कोभिड-१९ को प्रभावले म्याद थप गर्नुपर्ने अवस्था निर्माण व्यवसायीको निवेदनको आधारमा मन्त्रिपरिषद्को निर्णय बमोजिम बढिमा २०७८ चैत्र मसान्तसम्म म्याद कार्यालय प्रमुखबाट म्याद थप गर्न सकिने व्यवस्था गरेकोमा कार्यालय प्रमुखबाट २०७९।०३।२५ सम्म ७३० दिन म्याद गरेको छ । सो पश्चात उक्त सम्झौताको म्याद थप नभएकोमा २०७९।७।३० मा कार्य स्वीकार भएको देखिन्छ । मिति २०७९।३।२५ देखि २०७९।७।३० सम्म थप १२० दिनको रू.२४ लाख ३३ हजार पूर्व निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्दछ ।

२०. **गत वर्षको भुक्तानी -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(१३) मा स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति वा फर्मसँग भएको सम्झौता बमोजिमको रकम भुक्तानी गर्न चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा भुक्तानी बाँकीको विवरण तयार गरी प्रदेश लेखा इकाइ कार्यालयबाट प्रमाणित भएको आधारमा भुक्तानी दिन मिल्ने व्यवस्था छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, पाँचथरले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारीका आधारमा विभिन्न ४३ योजनाको

रू.२ करोड ९७ लाख १५ हजार भुक्तानी गरेको छ । कार्यालयले तोकिएको समयमा नै योजना सञ्चालन गरी भुक्तानी गर्नुपर्नेमा आगामी वर्षको लागि दायित्व सिर्जना गरेको मनासिव देखिदैन। बजेट सँगै प्राप्त हुने निर्देशन र कार्यक्रम अनुसार तोकीएको समयमा कार्यान्वयन गरी सोही अवधिमा भुक्तानी गर्नुपर्दछ ।

२१. **जटिल प्रकृतिको कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, खोटाङ्गले १० योजनाको फेरोसिमेन्ट ट्याङ्क, खानेपानी लिफ्ट आयोजना, विद्युतीकरण, सम्पवेल निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने रू.२ करोड ६० लाख ७९ हजारको संरचना निर्माण कार्य र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, झापाले एक योजनामा रू.१ करोड ३० लाख ९८ हजारको कार्य उपभोक्ता समितिबाट गराएको छ ।

डिभिजन कार्यालय, खोटाङ्गले लागत अनुमान रू.५० लाख ५९ हजार आरसीसी ट्याङ्की निर्माणसहितको रू.१ करोड २३ लाख ३४ हजारको उपभोक्ता समितिबाट गराई रू.९५ लाख ९७ हजार भुक्तानी दिंदा आरसीसी ट्याङ्कीको निर्माण एक कन्स्ट्क्सनबाट गराई रू.२६ लाख ९ हजार भुक्तानी गरेकोले बचत रकम रू.२४ लाख ४९ हजार असुल गर्नुपर्दछ । खरिद नियमावली बमोजिम जटिल प्रकृतिका कार्य प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्दछ ।

२२. **थप आयोजना -** खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, ओखलढुंगाको यो वर्षसम्म प्रदेशतर्फका खानेपानी तथा सरसफाइ सम्बन्धि १२५ आयोजनाको कुल लागत रू.९ अर्ब ७५ करोड २४ लाखमध्ये रू.१ अर्ब ११ करोड ६० लाख खर्च गरी रू.८ अर्ब ६३ करोड ६३ लाख दायित्व बाँकी रहेको छ । विगतका ८० खानेपानी आयोजनाहरू कार्य सम्पन्न नहुँदै यो वर्षमा ४५ थप नयाँ आयोजना कार्यान्वयनमा ल्याई उक्त आयोजनाहरूको लागत रू.२ अर्ब १७ करोड ११ लाखमध्ये रू.४ करोड ९० लाख २२ हजार खर्च भई रू.२ अर्ब १२ करोड २१ लाखको कार्य बाँकी रहेको छ । त्यसैगरी डिभिजन कार्यालय, झापा अन्तर्गत झापा जिल्लाका १०९ आयोजनाको लागत अनुमान रू.४ अर्ब १० करोड ६१ लाख रहेकोमध्ये यो वर्षसम्म रू.५९ करोड ३६ लाख ७३ हजार मात्र खर्च गरी रू.३ अर्ब ५१ करोड २५ लाखको कार्य गर्न बाँकी रहेको छ। कार्यान्वयनमा ल्याएका आयोजनाहरूमा पर्याप्त बजेट व्यवस्थापन गरी आयोजना सञ्चालन गर्ने गरी सुधार गर्नुपर्दछ ।

२३. **उपभोक्ता समितिमार्फत् खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा मूल्य अभिवृद्धि कर, कन्टिन्जेन्सी र जनसहभागिताको अंशसमेत रू.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्षभित्र सम्पन्न गर्न सकिने निर्माण कार्य मात्र उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, धनकुटाले रू.१ करोड ९३ लाख ८३ हजार, भोजपुरले ७१ लाख ३ हजार, सुनसरीले रू.१ करोड ९ लाख ६८ हजार, झापाले रू.७६ लाख ३९ हजारसमेत ५ कार्यालयले कुल रू.४ करोड ८२ लाख ५४ हजार उपभोक्ता समितिमार्फत खरिद गरी भुक्तानी गरेकोमा यस्ता पाइप फिटिङ्स सामग्री कार्यालयमा जिन्सी दाखिलासमेत भएको पाईएन। खरिद कानुन बमोजिम पाइप खरिद कार्य प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा दरबन्दी अनुसार पदपूर्ति नभएको, एकीकृत आर्थिक विवरण तयार नगरेको, कार्यसम्पादन करार नगरेको, दिगो विकास लक्ष्य उल्लेख गरी कार्यक्रम स्वीकृत नगरेको, सोझै खरिद गरेको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - मन्त्रालय र मातहतसमेतका २५ निकायको यो वर्ष रू.४४ करोड ३ लाख ६५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१७ करोड ८८ लाख ८१ हजार फर्स्यौंट तथा रू.१२ लाख ६८ हजार थप भई रू.२६ करोड २७ लाख ५२ हजार बेरुजु बाँकी रहेको छ । सोमध्ये रू.१ करोड ५ लाख १६ हजार म्याद नाघेको पेस्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा पर्यटन, वन, वन्यजन्तु, वन पैदावर, भू-संरक्षण, जलवायु परिवर्तन, वातावरण र जैविक विविधतालगायत विषयक्षेत्रका ४१ वटा कार्यविवरणहरूको कार्यान्वयनका लागि नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन गर्ने रहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत २४ सरकारी कार्यालयको निम्नानुसार रू.२ अर्ब ८१ करोड ९७ लाख ७१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजश्व	धरौटी	अन्य	जम्मा
२३०८३५२	८४०१४	१७८०४३	२४९३६२	२८१९७७१

उल्लिखित लेखापरीक्षण रकममा साबिकको पर्यटन तथा संस्कृति मन्त्रालयको विनियोजन खर्च रू.८६ करोड ६१ लाख ८१ हजार, राजश्व रू.२५ लाख ८२ हजार र धरौटी रू.६ करोड ८५ लाख ५५ हजार समावेश छ ।

२. **कानुन निर्माण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा मन्त्रालयले वन. वातावरण तथा पर्यटनसम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन गर्ने उल्लेख छ । प्राप्त विवरण अनुसार मन्त्रालयसँग सम्बन्धित ३ ऐन, २ नियमावली, २ कार्यविधि र १ मार्गदर्शनसमेत कुल ८ कानुन तथा कार्यविधिहरू निर्माण भई कार्यान्वयनमा रहेका छन् । त्यस्तै, वन, वातावरण तथा भू-संरक्षण नीति, वन क्षेत्रको रणनीतिक योजना, प्रदेश वन नियमावलीजस्ता कानुन निर्माण गरेको छैन ।

३. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ देखि ५७ मा जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवम् लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने व्यवस्था छ । यस वर्ष मन्त्रालय (साबिक पर्यटन तथा संस्कृति मन्त्रालयसमेत) र मातहतसमेत गरी २४ निकायको सुरु विनियोजित रू.२ अर्ब ९७ करोड ०४ लाख ०३ हजारमा रकमान्तरबाट घटी भई अन्तिम बजेट रू.२ अर्ब ९४ करोड ३१ लाख ८८ हजार कायम भएकोमा रू.२ अर्ब ३० करोड ८३ लाख ५२ हजार खर्च भएको छ। खर्चमध्ये चालुतर्फ रू.९० करोड ०३ लाख ५८ हजार (३९ प्रतिशत) र पुँजीगततर्फ रू.१ अर्ब ४० करोड ७९ लाख ९४ हजार (६१ प्रतिशत) खर्च भएको छ । अन्तिम बजेटको तुलनामा चालु खर्च ७९.४७ प्रतिशत र पुँजीगत खर्च ७७.७८ प्रतिशत हुन आउँछ भने सुरु विनियोजित बजेटको तुलनामा चालु खर्च ७६.६२ प्रतिशत र पुँजीगत खर्च ७८.४३ प्रतिशत हुनुले वित्तीय जिम्मेवारी पालना भएको देखिएन । बजेट बनाउँदा कार्यान्वयनको सुनिश्चितता नहुने, सञ्चालन हुन नसक्ने कार्यक्रममा बजेट व्यवस्था गर्ने, वर्षान्तमा रकमान्तर गर्ने, समयमा बजेट समर्पण नगर्न लगायतका

स्थितिले जवाफदेहिता पालनामा कमजोर देखिएको छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नुपर्दछ।

४. **नीति तथा कार्यक्रम र बजेट -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यबीच तादात्म्यता गर्ने जिम्मेवारी सम्बन्धित विषयगत मन्त्रालयको हो । यो वर्ष वन तथा वातावरणतर्फ तीनजुरे-मिल्के-जलजले र झापा जिल्लाको जलथल वनक्षेत्रलाई नमुना संरक्षण क्षेत्रको रूपमा व्यवस्थापन, बहुमूल्य जडीबुटी तथा गैरकाष्ठ वन पैदावरको संरक्षण र खेती विस्तार, विकास आयोजनाको सबै चरणमा वातावरणीय पक्षलाई आन्तरिकीकरण, नदीजन्य पदार्थको अधिक र अव्यवस्थित दोहन नियन्त्रण, सहरी तथा बजार क्षेत्र, राजमार्ग र नदी आसपासका क्षेत्रमा प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित, पर्यापर्यटनमा आधारित पर्यटकीय गन्तव्य स्थलहरूको विकास, मुन्धुम पदमार्गको बाँकी निर्माण कार्य सम्पन्न, किराँत संस्कृतिसँग जोडिएको सप्तकोशी नदीमा अवस्थित खुवालुङ्गको संरक्षण तथा प्रवर्धन गर्ने लगायतका नीति तथा कार्यक्रम रहेका छन् । उपर्युक्त नीति तथा कार्यक्रमहरू कार्यान्वय गर्ने गरी बजेट विनियोजन भएको देखिएन ।

बजेट वक्तव्यमा उल्लेख भएकामध्ये प्रादेशिक पर्यटन गुरुयोजना निर्माण, प्रदेशस्तरीय पर्यटकीय गन्तव्यहरूको प्रवर्धन तथा प्रचारप्रसारका लागि डिजिटल पोर्टल र मोवाइल एप्स निर्माण, मुन्धुम पदमार्गको निर्माण, बराहक्षेत्रमा तीन जिल्ला जोड्ने गरी झोलुङ्गे पुल निर्माण, १७ लाख विरुवा उत्पादन तथा वितरण गर्नुका साथै २०० हेक्टर खाली वन क्षेत्रमा वृक्षारोपण, सहरी तथा बजार क्षेत्र, राजमार्ग र क्षेत्रगत तथा प्रजातिगत जैविक विविधता अभिवृद्धि गर्ने लगायतका कार्यक्रम कार्यान्वयनमा आएको देखिएन । अतः नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमलाई बजेट वक्तव्यमा समावेश गर्ने तथा बजेटले समावेश गरेका कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

५. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण, कार्यान्वयन र नियमन, पर्यटन पूर्वाधारको विकास र प्रवर्धन, पर्यटकीय गन्तव्य स्थलको पहिचान र प्रवर्धन, प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, वन्यजन्तु र वन पैदावार ओसारपसारसम्बन्धी नियमन र अपराध नियन्त्रण, वन, वनस्पति, वन्यजन्तु र जैविक विविधतासम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन, संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, जडीबुटी खेती प्रविधि प्रवर्धन, विस्तार र बजारीकरण, वन अतिक्रमण र वन डढेलो नियन्त्रण तथा रोकथामसम्बन्धी नीति, समन्वय र सहयोग, भू तथा जलाधार संरक्षण, वृक्षारोपण तथा संभारसम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमनलगायत कार्यक्षेत्र तोकिएकोमा कार्यान्वयन अवस्था देखिने गरी प्रगति प्रतिवेदन तयार गरेको छैन । नियमावलीमा तोकिए बमोजिम मन्त्रालयको कार्य जिम्मेवारी पूरा गर्नुपर्दछ।

६. **आवधिक योजना कार्यान्वयन -** प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) मा वन क्षेत्रको विकास तथा दिगो व्यवस्थापन गर्दै वातावरण, जैविक विविधता तथा जलाधारको संरक्षण गर्नु, वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गरी समुदायलाई न्यायोचित वितरण सुनिश्चत गर्नु, उच्च मूल्य जडीबुटी र गैह्र काष्ठ वनपैदावारको उत्पादन र मूल्य अभिवृद्धि गरी निर्यात प्रवर्धन गर्नु लगायतका उद्देश्य रहेका छन् । उद्देश्य प्राप्तिको लागि लिएका रणनीति तथा कार्यनीतिको कार्यान्वयनबाट कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान १.७५ पुगेको, वनले ढाकेको क्षेत्रफल वृद्धि भई ४८.९६ प्रतिशत पुगेको, जैविक विविधता संरक्षण भएको वनको क्षेत्रफल ६ हजार १३६ वर्ग किलोमिटर,

सामुदायिक वनको क्षेत्रफल ४ लाख ५२ हजार हेक्टर, गैह्र काष्ठ वनपैदावार तथा उच्च मूल्यका जडीबुटी उत्पादन १ करोड ९१ लाख १५ हजार किलोग्राम, काठ २ करोड ४१ लाख ८५ हजार घनफिट उत्पादन भएको देखिन्छ । त्यसैगरी, मन्त्रालयअन्तर्गत् वनपैदावार बिक्रीबाट रू.१५ करोड ११ लाख ९५ हजार, गैह्र काष्ठ वन पैदावरबाट रू.२९ लाख १९ हजार, मूल्य अभिवृद्धि करबाट रू.८१ करोड ९८ लाख ८४ हजार र अन्य आयबाट रू.१५ करोड २५ लाखसमेत रू.१ अर्ब १२ करोड ६४ लाख ९८ हजार सङ्कलन भएको छ। हालसम्म विरुवा उत्पादन/खरिद संख्या ४३ लाख ४७ हजार भएको तथा वृक्षारोपण १६५.०२ हेक्टर क्षेत्रफलमा भएको देखिन्छ । हरितगृह उत्सर्जनमा कमी (प्रतिशत), वायु प्रदुषणको मात्रा $\mu g/m^3$, जलवायु अनुकूलन योजना कार्यान्वयन स्थानीय तह, जलवायु परिवर्तनसम्बन्धी पठनपाठन हुने विद्यालयसँग सम्बन्धित तथ्याङ्क प्राप्त हुन सकेन। मन्त्रालयले आवधिक योजनाले लिएको लक्ष्य प्राप्त हुने गरी प्रगति हासिल गर्नुपर्दछ ।

७. **वन अतिक्रमण -** वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६८ मा कार्यविधि बनाई वन कार्यालयले वन अतिक्रमण हटाउनुपर्ने व्यवस्था छ । यस मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेशअन्तर्गत् १३ हजार ३७७ हेक्टर वन क्षेत्र अतिक्रमणमा रहेको अभिलेख छ ।

८. **काठ दाउरा बिक्री -** वनपैदावर सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ को बुँदा नं. १८ मा आफूले सङ्कलन गरी घाटगद्दी गरेको काठदाउरा सम्बन्धित निकायले सदुपयोगको व्यवस्था गर्नुपर्ने उल्लेख छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेशअन्तर्गत् गत वर्षको काठ दाउराको मौज्दात २ लाख ११ हजार ७५२ घन फिट रहेकोमा यो वर्ष १ लाख ११ हजार ५०६ घन फिट सङ्कलन भई ३ लाख २३ हजार २५८ घन फिट काठ दाउरा मौज्दात रहेको छ । मन्त्रालयको विवरण अनुसार १ लाख ३९ हजार ५४४ घन फिट काठ दाउरा लिलाम बिक्री गरी रू.१ करोड ४१ लाख ६४ हजार राजश्व आम्दानी भएको छ । सङ्कलन गरिएको काठ दाउरामध्ये करिब रू.८ करोड ३ लाख ५६ हजारको १ लाख ८३ हजार ७१४ घन फिट मौज्दात रहेको छ । लामो समयसम्म घाटगद्दी स्थलमा काठ दाउरा रहँदा सोको गुणस्तर र उपयोगितामा ह्रास आउने हुँदा लिलाम बिक्री गरी राजश्व आम्दानी गर्नुपर्दछ ।

९. **विरुवाको उत्पादन तथा मौज्दात -** मन्त्रालयबाट प्राप्त विवरण अनुसार गत वर्षमा उत्पादन भई मौज्दातमा रहेका विभिन्न जातका एक वर्षे तथा बहुवर्षीय ३ लाख ९७ हजार १३८ विरुवा र यस वर्ष उत्पादन भएका ४३ लाख ९० हजार ८२२ विरुवासहित ४७ लाख ८७ हजार ९६० मध्ये विभिन्न व्यक्ति, वन उपभोक्ता समूह तथा विभिन्न सङ्घ संस्थाले वृक्षारोपणको लागि २३ लाख ३५ हजार ७९९ विरुवा लगेको र कार्यालयमा २४ लाख ५२ हजार १६१ मौज्दात रहेको छ । यो वर्ष विरुवा उत्पादनमा रू.२ करोड ३८ लाख ७३ हजार ८०५ खर्च भएको छ । उत्पादित विरुवालाई लक्ष्य अनुसार वृक्षारोपण गर्नुपर्दछ ।

१०. **सरकारी सम्पत्तिको अभिलेख -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७८ (६) मा मन्त्रालयले आफ्नो र मातहत कार्यालयको सम्पत्ति तथा दायित्वको अभिलेख राखी वार्षिक विवरण असोज मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार मन्त्रालयको सम्पत्ति रू.२१ करोड २८ लाख ४७ हजार रहेको छ । साबिकको पर्यटन तथा संस्कृति मन्त्रालयको रू.२ करोड ५६ लाख ४८ हजारको सम्पत्ति रहेकोमा मन्त्रालयले आम्दानी बाँधेको देखिएन । सार्वजनिक सम्पत्ति

व्यवस्थापन प्रणाली (पाम्स) बाट तयार गरेको विवरणमा सबै सम्पत्तिहरू समावेश हुन नसकेको, मन्त्रालय घटबढ हुँदासमेत पुरानै मन्त्रालय अनुसार विवरण तयार गरेको, मूल्य नखुल्ने सम्पत्तिको मूल्य रू.१ राखेको, कार्यालय रहेको घरजग्गा नामसारी नभएको लगायतका व्यहोरा देखिएका छन् । मन्त्रालयले सम्पत्तिको यथार्थ विवरण तयार गर्नुपर्दछ ।

११. **धरौटी** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६८ मा प्रयोजन समाप्त भएको धरौटी रकम म्याद तोकिएको भए सोही म्यादभित्र र म्याद नतोकिएको भए ३० दिनभित्र निर्णय गरी राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय ताप्लेजुङ्ग, पाँचथर र मोरङ्गबाट प्रयोजन समाप्त भएको र नामनामेसी नखुलेको धरौटी रू.१ करोड २६ लाख ४२ हजार विगत वर्षदेखि जिम्मेवारी सार्दै आएकोमा राजश्व खातामा दाखिला गर्नुपर्दछ।

पर्यटन विकास आयोजना

१२. **डण्डीको बढी खपत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । आयोजनाले सन्थाल संग्रालय पूर्वाधार निर्माण, जहदा-७ मोरङ्गलाई भुक्तानी गरेकोमा फलामे डण्डीको परिमाण बार ब्याण्डिङ सेड्युलमा बारको संख्या, लम्बाई र प्रति मिटर/वजन (किलोग्राम) को गुणाङ्कको आधारमा गणना गर्दा डण्डीको खपत परिमाण ३ हजार ६ सय २२ किलोग्राम हुनुपर्नेमा १६ हजार २ सय ४९ किलोग्राम डण्डी खपत भएको पाइयो । गणना फरक परिमाण १२ हजार ६ सय २७ किलोग्राम डण्डीको रू.१६ लाख ५८ हजार असुल हुनुपर्दछ ।

१३. **बढी मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २(ख) अनुसार सम्झौतामा उल्लेख गरी मूल्य समायोजन गणना एवम् भुक्तानी दिनुपर्ने व्यवस्था छ। आयोजनाले नेपाल राष्ट्र बैंकको थोक मूल्य सूचकाङ्क र राष्ट्रिय तलब/ज्यालादर सूचकाङ्कभन्दा फरक श्रम, सामग्री र उपकरणको मूल्य सूचीलाई आधार लिई यो वर्ष मुसाफिर खाना भवन निर्माण कार्यमा एक निर्माण व्यवसायीलाई मूल्य समायोजन रू.८५ लाख ९२ हजार भुक्तानी दिनुपर्नेमा रू.१ करोड २ लाख १३ हजार भुक्तानी दिएकोले बढी भुक्तानी भएको रू.१६ लाख २१ हजार असुल हुनुपर्दछ।

डिभिजन वन कार्यालयहरू

१४. **क्षतिपूर्ति तथा वृक्षारोपण** - वन ऐन, २०७६ को दफा ४२ मा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालनको लागि वन क्षेत्र उपलब्ध गराउँदा जति वन क्षेत्र प्रयोग गर्नुपर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा वृक्षारोपण गरी वन विकास गर्नुपर्ने र वृक्षारोपणको लागि जग्गा उपलब्ध नभएमा वन विकासको लागि आवश्यक पर्ने रकम आयोजनाले ऐनले तोकेको कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। वन नियमावली, २०७९ मा उल्लिखित कबुलियती वनको लागि तोकिएको दस्तुर बराबरको रकम आयोजनाले वार्षिकरूपमा प्रत्येक आर्थिक वर्ष सुरु भएको दुई महिनाभित्रै सम्बन्धित जिल्ला वन कार्यालयमार्फत् राजस्व खातामा जम्मा गर्नुपर्ने, स्थायीरूपमा प्रयोग गरेको जग्गाबापत सट्टा जग्गा उपलब्ध गराउनुपर्ने, कटान भएका रूख संख्याको आधारमा १ रुख वरावर २५ रुखका दरले वृक्षारोपण गरी ५ वर्षसम्म हुर्काई वनलाई हस्तान्तरण गर्नुपर्ने लगायतका पक्षहरूको कार्यान्वयन

लिजमा लिने पक्षले गर्नुपर्दछ । क्षतिपूर्ति तथा वृक्षारोपण सम्बन्धमा देखिएका व्यहोराहरू देहाय बमोजिम रहेका छन्:

१४.१. डिभिजन वन कार्यालय, पाँचथरले उपलब्ध गराएको विवरण अनुसार तल्लो हेवा खोला, कावेली ए जलविद्युत आयोजना र कावेली करिडोर १३२ के.भि.ए. प्रसारण लाईनलगायत ३ वटा आयोजनाहरूले वन क्षेत्रको उपयोग गरेबापत वनलाई हालसम्म सट्टा जग्गा उपलब्ध गराएको पाइएन । योजना निर्माण क्षेत्रमा कटान गरिएका ३ हजार ५२ रूखबापत प्रति रुख २५ विरुवाको दरले वृक्षारोपण गरी हस्तान्तरण गरेको देखिएन ।

१४.२. डिभिजन वन कार्यालय, धनकुटा र एक सिमेन्ट प्रा.लि.बीच भएको सम्झौता बमोजिम आयोजनाले खानी सञ्चालन हुने ४ हेक्टर क्षेत्रफल जग्गा बराबर सम्बन्धित जिल्लाको राष्ट्रिय वन क्षेत्रसँगै जोडिएको निजी जग्गा जिल्ला वन कार्यालयको नाममा ५ वर्षभित्र खरिद गरी रजिष्ट्रेशनसमेत पास गरी सो जग्गामा वृक्षारोपण र ५ वर्षसम्म स्याहार, संभार र संरक्षण गरी सम्बन्धित जिल्ला वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । उक्त प्रा.लि.ले हालसम्म सम्झौता बमोजिम ४ हेक्टर जमिन खरिद गरी रजिष्ट्रेशन पास गर्नुपर्नेमा सम्झौता भएको १० वर्ष समाप्त भैसक्दासमेत रजिष्ट्रेशन पास गरेको देखिएन ।

१४.३. डिभिजन वन कार्यालय, सोलुखुम्बुको ९ सामुदायिक वनको ५१.४२ हेक्टर जग्गा ६ हाइड्रोपावर कम्पनी, ३ विद्युत प्रसारण लाईन र सोलुदुधकुण्ड नगरपालिकाले सडक खोल्ने कामको लागि उपयोग गर्ने सम्झौता भई जग्गा उपलब्ध गराएको छ । वन विभाग, सम्बन्धित आयोजना र स्थानीय तहबीच भएका सम्झौता अनुसार कुल १०८.२९ हेक्टर क्षेत्रफलमा कटान हुने ५ हजार ३ सय ८५ वटा रुखबापत १ लाख ७३ हजार २ सय ३८ विरुवा रोपण गरी ५ वर्षसम्म स्याहार र सम्भार गरी उक्त आयोजना र स्थानीय तहबाट डिभिजन वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने सर्त रहेको भएतापनि सम्झौतामा उल्लिखित सर्तहरू कार्यान्वयन भएको देखिएन ।

१४.४. डिभिजन वन कार्यालय, उदयपुर (त्रिवेणी) अन्तर्गत् २ सिमेन्ट उद्योग र १ सडक आयोजनाले सम्झौताको सर्त तथा वन ऐन, २०७६ अनुसार तिर्नुपर्ने दस्तुर तिरेको देखिएन ।

माथि उल्लिखित विषयहरुको सम्बन्धमा वन ऐन तथा नियमावली अनुसार गर्नु गराउनुपर्दछ ।

१५. **राँके रवि भेडेटार सडक आयोजना -** वन ऐन, २०७६ को दफा ४२ अनुसार प्रवर्धक सडक विभागलाई राँके-रवि-भेडेटार सडक (१०१-२६७ कि.मी.) स्तरोन्नतिसहित राइट अफ वेको निर्माण गर्न तथा उक्त सडकका आवश्यक संरचनाहरू निर्माण गर्न धनकुटा जिल्लाको २२.४४ हेक्टर वन क्षेत्रमा पर्ने २ हजार १५७ रुख हटाउन स्वीकृति दिने नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।११।११ को निर्णय अनुसार सम्झौता बमोजिमका सर्तहरूमा सो वन क्षेत्र प्रयोग गर्न वन तथा भू-संरक्षण विभाग र सडक विभागबीच २०७७।११।२० मा सम्झौता भएको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

१५.१. सम्झौताको बुँदा नं. ३ मा वन ऐन, २०७६ को दफा ४२ बमोजिम उक्त सडक आयोजनाले प्रयोग गर्ने वन क्षेत्रको ४२.९८ हेक्टर क्षेत्रफल जग्गा धनकुटा, पाँचथर र इलाम वा सोको छिमेकी जिल्लामध्ये कुनै एक जिल्लामा पर्नेगरी राष्ट्रिय वनसँग जोडिएको समान भौगोलिक र पारिस्थितिकीय

क्षेत्रको प्रतिनिधित्व हुने निजी जग्गा खरिद गरी वन तथा भू-संरक्षण विभागको नाममा रजिष्ट्रेशन पास गरिदिनु पर्ने उल्लेख छ । सम्झौताका सर्त बमोजिम हालसम्म जग्गा प्राप्त भएको देखिएन ।

१५.२. सम्झौताको सर्त नं. ५ मा आयोजनाको सडक अधिकार क्षेत्रले चर्चेको क्षेत्रभित्र हटाउनुपर्ने लगत पेश भएका जम्मा ३ हजार ४५४ रुखहरूमध्ये धनकुटामा २ हजार १५७, पाँचथरमा ८०५ र इलाममा ४९२ रुख आयोजनाले आफ्नै खर्चमा सम्भव भएसम्म बजार माग बमोजिमको गोलिया एवम् काठदाउरा कटान मुछान गरी सुरक्षित घाटगद्दी हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयबाट उपलब्ध विवरण अनुसार सो रुखहरूमध्ये हालसम्म धनकुटामा १ हजार ९४७, पाँचथरमा ७८२ रूखहरू कटान भै घाटगद्दी गरेको देखिन्छ । घाटगद्दी गरिएको काठदाउरालाई कानुन बमोजिम व्यवस्थापन गर्नुपर्दछ ।

१५.३. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार सडक निर्माण क्रममा हटाइने रुखहरूको सट्टा १:२५ अनुपातमा कार्यालयले तोकेको स्थानमा वृक्षारोपण गरी ५ वर्षसम्म स्याहार संभार गरेपश्चात् कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । आयोजनाबाट सडक क्षेत्रमा क्षति भएका ३ हजार ४५४ रुखको २५ गुणाले हुन आउने ८६ हजार ३५० विरुवा प्रति हेक्टर १ हजार ६०० का दरले कुल ५३.९७ हेक्टर क्षेत्रफलमा कार्यालयले तोकेको स्थानमा वृक्षारोपण गर्नुपर्नेमा हालसम्म पनि वृक्षारोपण कार्य गरेको पाइएन । वन ऐन तथा नियमावली अनुसार गर्नु गराउनुपर्दछ ।

१६. **कोशी कोरिडोर प्रसारण लाइन -** नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४।१२।२७ को निर्णय अनुसार कोशी कोरिडोर २२० केभी प्रसारण लाइन (इनरुवा-वसन्तपुर-तुम्लिङटारसम्म १०५ कि.मी. विद्युत प्रसारण लाइन) आयोजनाको राइट अफ वे भित्र टावरहरू निर्माण गर्न सुनसरी, धनकुटा, तेह्रथुम र संखुवासभा जिल्लाका वन क्षेत्रको जम्मा १०७.८० हेक्टर (स्थायी ११.१६ हेक्टर र अस्थायी ९६.६५ हेक्टर) जग्गा २२ वर्ष अवधिसम्मका लागि भोगाधिकार उपलब्ध गराउने र उक्त क्षेत्रमा रहेका ४ लाख १३ हजार ६७ रुख विरुवाहरू हटाउन दिएको अनुमति कार्यान्वयन भएको छैन । आयोजना निर्माण क्षेत्रबाट हटाउनु पर्ने रुखहरूको सट्टामा १:२५ का दरले १ करोड ३ लाख २६ हजार विरुवाहरू वन कार्यालयले तोकेको क्षेत्रमा आयोजनाले आफ्नै खर्चमा २ वर्षभित्र वृक्षारोपण गरी पाँच वर्षसम्म हुर्काइ बढाई वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको देखिएन । वन ऐन तथा नियमावली अनुसार गर्नु गराउनुपर्दछ ।

१७. **सोलु कोरिडोर -** वन ऐन, २०४९ को दफा ६८ बमोजिम नेपाल विद्युत प्राधिकरणद्वारा निर्माण प्रस्ताव गरिएको करिडोरको राईट अप वेसहित केही टावर संरचनाहरू निर्माण गर्न ओखलढुंगा र सोलुखुम्बु जिल्लामा परेका १५ सामुदायिक वनसहितको राष्ट्रिय वन क्षेत्रको १७.६४ हेक्टर (स्थायी ०.५३ हेक्टर र अस्थायी १७.११ हेक्टर) जग्गा २५ वर्षसम्म भोगाधिकार प्रयोग गर्न दिई त्यहाँ रहेका विभिन्न प्रजातीका ५ हजार २७९ रुख विरुवाहरू हटाउन स्वीकृत दिने र आयोजनाले जग्गा सट्टा भर्ना पास गरिदिनु पर्ने उल्लेख छ । आयोजनाले हालसम्म सम्झौता बमोजिम ०.५३ हेक्टर जमिन खरिद गरी रजिष्ट्रेशन पास गर्नुपर्नेमा सम्झौता भएको ४ वर्ष समाप्त भैसक्दासमेत जग्गा खरिद गरी हस्तान्तरण गरेको देखिएन । वन ऐन तथा नियमावली अनुसार गर्नु गराउनुपर्दछ ।

१८. **विकास शुल्क -** वन नियमावली, २०७९ को नियम १०५ मा मुनाफा प्राप्त गर्न सुरु भएपछि १ प्रतिशत रकम विकास शुल्कबापत कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, सोलुखुम्बुको कार्यक्षेत्रमा पर्ने २ वटा हाईड्रोपावर कम्पनीको मुनाफा रू.८९ करोड ४६ लाख ८२ हजारको १ प्रतिशतले हुन आउने वातावरणीय सेवा शुल्कबापत रू.८९ लाख ४७ हजार दाखिला भएको छैन । उक्त रकम असुल हुनुपर्दछ ।

१९. **हात्ती द्वन्द न्यूनीकरण** - यस वर्ष डिभिजन वन कार्यालय, झापा र एक सहकारी संस्थाबीच वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यको लागि १७ हेक्टर जमिनमा सेटरिया विरुवा लगाउने कार्यको लागि २०८०।३।१० गतेसम्ममा सम्पन्न गर्ने गरी २०७९।६।२४ मा सम्झौता गरेको छ । सम्झौतामा आयोजनाको लागत रू.६० लाख ७५ हजारमध्ये कार्यालयले रू.५० लाख अनुदान उपलब्ध गराउने उल्लेख छ । सम्झौताको लागत अनुमान अनुसार १७ हेक्टर जमिनमा २० र ८० सेन्टिमिटरको अन्तरमा विरुवा रोप्नको लागि १० लाख ६२ हजार ५०० खाडल खन्ने कार्यको लागि १ हजार १९० श्रमिक लाग्ने र उक्त खाडलमा १/१ विरुवा रोपण गर्नको लागि १० लाख ६२ हजार ५०० विरुवा आवश्यक पर्नेमा कार्यालयले तयार पारेको जाँचपास अनुसार संस्थाले ३ लाख विरुवा मात्र खरिद गरी रोपण कार्य गरेको देखियो । उपलब्ध नर्म्स अनुसार खरिद गरिएको विरुवाले ४.८ हेक्टरमा मात्र रोपण कार्य गर्न सकिने देखिन्छ भने बाँकी १२.२ हेक्टर जमिनमा रोपण कार्य हुने देखिदैंन । कार्यालयले बाँकी १२.२ हेक्टर जमिनमा रोपण कार्यको लागि खाडल खन्ने, जमिन सफा गर्ने, रेखाङ्कन गर्ने र रोपण गर्ने कार्यका लागि १ हजार ५४९ श्रमदिनको प्रति श्रमिक दैनिक रू.६५० का दरले हुन आउने रू.१० लाख ७ हजार भुक्तानी गरेकोमा उक्त क्षेत्रफलमा रोपण कार्य पूरा भएको भनी विश्वस्त हुन सकिएन । यस सम्बन्धमा रोपण गरेको विरुवाबाट नै ३ महिनामा थप विरुवा उत्पादन हुने र सोही विरुवा बाँकी खाडलमा रोपण हुने उल्लेख गरेपनि फिल्ड परीक्षण गरी रोपण कार्य पूरा भएको प्रमाणसहित कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

२०. **राजस्व दाखिला** - वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ को बुँदा ४६(३) मा काठ दाउराको बिक्री सदर भएको मितिले सात दिनभित्र डिभिजन वन कार्यालयले स्वीकृत वा अस्वीकृत गर्नुपर्ने तथा स्वीकृत भएको अवस्थामा स्वीकृत भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र सकारकर्ताले रकम दाखिला गरिसक्नुपर्ने उल्लेख छ । डिभिजन वन कार्यालय, मोरङ्गले काठ दाउरा लिलामसम्बन्धी २०७८।५।७ को सूचनाबाट छनोट भएको एक प्रा.लि.को बोलपत्र स्वीकृत गरेकोमा उक्त प्रा.लि.ले तोकिएको समयभित्र विभिन्न ८ थान लिलामीबापतको राजस्व, सङ्कलन खर्च र मूल्य अभिवृद्धि करसमेत रू.१ करोड ५ लाख ११ हजार राजश्व हालसम्म दाखिला भएको छैन । कानुन बमोजिम हुनुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन नभएको, आवधिक योजनाको लक्ष्य अनुसार प्रगति नभएको, आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, तलबी प्रतिवेदन पारित नभएको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, वृक्षारोपणको अभिलेख अद्यावधिक नभएको, नर्म्स भन्दा बढी भुक्तानी भएको, तोकिएको समयमा वृक्षारोपण गरी हस्तान्तरण नगरेको, अनुदानको अनुगमन नगरेको लगायतका व्यहोरा औंल्याइएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजु** - मन्त्रालय र मातहतसमेतका २४ निकायको यो वर्ष रू.६ करोड ७६ लाख २९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.३५ लाख ८८ हजार फर्स्यौंट भई रू.६ करोड ४० लाख ४१ हजार बेरुजु बाँकी रहेको छ । सोमध्ये रू.६ लाख ६४ हजार म्याद नाघेको पेस्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम साबिकको सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालयलाई मन्त्रिपरिषद्को २०७९।११।१७ को निर्णय अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालय कायम गरेको छ । मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशभित्रको ग्रामीण तथा सहरी विकास योजना तर्जुमा, ग्रामीण तथा सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार, ग्रामीण तथा सहरी आवास/भवनसम्बन्धी योजनाहरूको कार्यान्वयन, निर्देशन र नियमन, प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्धन, आदिवासी, सीमान्तकृत, गरिब, लोपोन्मुख, जेष्ठ नागरिक लक्षित आवाससम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन, फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई प्राविधिक सहयोग र समन्वयलगायत रहेका छन्।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १४ सरकारी कार्यालयको निम्नानुसार रू.१२ अर्ब ५७ करोड ७३ लाख २१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१०७४९६३०	७८५८५	१४१९०२९	३३००७७	१२५७३२१

२. **कानुन तर्जुमा -** कार्यक्षेत्र बमोजिमका नीति, ऐन, कानुन बनाई कार्यान्वयन गर्नुपर्दछ । प्रदेश भवन ऐन, प्रादेशिक सडक यातायात गुरूयोजना, भौतिक पूर्वाधार निर्माण तथा प्रादेशिक लोकमार्ग कार्यान्वयन सम्वन्धि ऐन तथा आवश्यक मापदण्डहरू तयार भएको छैन। आवश्यकता र औचित्यताका आधारमा प्रदेश कानुनहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

३. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ देखि ५७ मा जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवम् लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने व्यवस्था छ । मन्त्रालय र मातहतको लागि सुरू विनियोजित बजेट रू.१२ अर्ब ८८ करोड ९६ लाख ६ हजार रहेकोमा रकमान्तरबाट थप भई रू.१४ अर्ब ७५ करोड २७ लाख ७० हजार अन्तिम बजेट कायम भएकोमा रू.१० अर्ब ७४ करोड ९६ लाख २८ हजार (७२.८७%) खर्च भएको देखिन्छ । खर्चमध्ये चालुतर्फ रू.३४ करोड ४२ लाख ६४ हजार विनियोजन भएकोमा रू.२३ करोड ४३ लाख ७४ हजार (६८.०८%) तथा पुँजीगततर्फ रू.१४ अर्ब ४० करोड ८५ लाख ६ हजार विनियोजन भएकोमा रू.१० अर्ब ५१ करोड ५२ लाख ५४ हजार (७२.९८%) खर्च भएको छ । बजेट बनाउँदा कार्यान्वयनको सुनिश्चितता नहुने, सञ्चालन हुन नसक्ने कार्यक्रममा बजेट व्यवस्था गर्ने, वर्षान्तमा रकमान्तर गर्ने, समयमा बजेट समर्पण नगर्ने लगायतका स्थितिले जवाफदेहिता पालनामा कमजोर देखिएको छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नुपर्दछ ।

४. **कार्य जिम्मेवारी -** कोशी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को अनुसूची-२ मा प्रदेश भित्रको ग्रामीण तथा सहरी विकास योजना तर्जुमा, ग्रामीण तथा सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार, ग्रामीण तथा सहरी आवास भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र नियमन गर्ने, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक पूर्वाधार निर्माण र व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन लगायतका कार्यक्षेत्र तोकिएको छ। मन्त्रालयले रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, प्रदेश लोकमार्गसम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, तथ्याङ्क व्यवस्थापन, प्रदेशको राजधानी शहरको विकास योजना तर्जुमा, कार्यान्वयन र संयोजन लगायतका कार्यहरू कार्यान्वयन गर्न सकेको छैन । नियमावलीमा तोकिए बमोजिम मन्त्रालयले कार्य जिम्मेवारी पूरा गर्नुपर्दछ ।

५. **आवधिक योजना कार्यान्वयन -** कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७५।७६-२०८०।८१) मा मन्त्रालयको कार्य जिम्मेवारी बमोजिम ७ क्रियाकलापको लागि ३७ लक्ष्य तोकिएकोमा देहाय बमोजिम प्रगति हासिल भएको विवरण प्राप्त भएको छ।

क.सं.	नतिजा सूचक	इकाई	२०७५/७६ को यथार्थ	२०७९/८० को लक्ष्य	२०७९।८० सम्मको यथार्थ	प्रगति प्रतिशत
१	स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण	कि.मी.	१०	४००	१६९.६८	४२.४२
२	अन्य थप सडक निर्माण	कि.मी.	१५.७१	१५०	२५४.५३	१६९.६९
३	निर्माण गुणस्तर परीक्षण प्रयोगशाला	संख्या	०	८	६	७५
४	कालोपत्रे सडकमा स्तरोन्नति	कि.मी.	२६.१८	४३०८	४२४.२१	९.८५
५	खण्डा स्मिथ सडकमा स्तरोन्नति	कि.मी.	१२८.९	६५८३	२५९.३९	३.९४
६	सडक मर्मत सम्भार	कि.मी.	६०१	५००	२०४.११	४०.८२
७	सडक पुल निर्माण	संख्या	१०	३५	१९	५४.२९
८	सडक फुटपाथ निर्माण	कि.मी.	१०	१५०	२२३	१४८.६७
९	झोलुङ्गे पुल निर्माण	गोटा	७	२१००	५४	२.५७

मन्त्रालयले स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माणमा यो वर्षसम्म १६९.६८ किलोमीटर, कालोपत्रे सडकमा स्तरोन्नति ४ हजार ३०८ किलोमीटर गर्ने लक्ष्य राखेकोमा ४२४.२१ किलोमीटर मात्र सम्पन्न गरी ९.८५ प्रतिशत, खण्डा स्मिथ सडकमा स्तरोन्नति यो वर्षसम्म ६ हजार ५८३ किलोमीटर गर्ने लक्ष्य राखेकोमा २५९.३९ किलोमीटर सम्पन्न गरी ३.९४ प्रतिशत प्रगति हासिल गरेको छ । झोलुङ्गेपुल निर्माणतर्फ २ हजार १०० पुल निर्माण गर्ने लक्ष्यमध्ये ५४ मात्र सम्पन्न गरी २.५७ प्रतिशत प्रगति गरेको छ । मन्त्रालयले सो बाहेक अन्य लक्ष्यको प्रगति विवरण तयार गरेको छैन । मन्त्रालयले आवधिक योजनाले लिएको लक्ष्य प्राप्त हुने गरी प्रगति हासिल गर्नुपर्दछ।

६. **बजेट कार्यान्वयन -** मन्त्रालय अन्तर्गत २०७९।८० को वार्षिक बजेट वक्तव्य तथा कार्यक्रम अनुसार प्रदेशको आर्थिक सामाजिक रूपान्तरणको लागि महत्वपूर्ण मानिएका १५ महत्वपूर्ण सडक आयोजनालाई प्रादेशिक लोकमार्गमा स्तरोन्नती गर्ने उल्लेख भएकोमा १३ सडकको १७५.२३ किमी सडक निर्माण र १९ सडक पुल निर्माण भएको देखिन्छ। त्यसैगरी, सडक यातायातले नछोएका प्रदेशका स्थानीय तहको केन्द्रलाई राष्ट्रिय राजमार्ग वा अन्य कालोपत्रे सडकसँग जोड्ने कार्यका लागि रू.४४ करोड बजेट विनियोजन भएकोमा सोको प्रगति खुल्ने विवरण पेश भएन। क्रमागत र नयाँ

गरी १०० झोलुङ्गे पुल निर्माण गर्ने कार्यका लागि रू.२० करोड बजेट विनियोजन भएकोमा ५४ मात्र कार्यान्वयन भएको, ग्रामीण पहुँच सुधार कार्यक्रम सञ्चालनका लागि रू.१० करोड बजेट विनियोजन गरेकोमा खर्च भएको छैन ।

पहाडी र अति दुर्गम जिल्लाहरूमा १० वेलिब्रिज निर्माण गर्न रू.८ करोड बजेट विनियोजन भएकोमा सोको कार्यान्वयन भएको देखिएन। इटहरीको डुवान र बाढी समस्या समाधान गर्न टेङ्ग्रा खोलालाई पथान्तरण गर्ने तथा प्रदेश सरकारको मुख्य प्रशासनिक संरचना निर्माणको कार्य सुरू भएको देखिएन। सुरक्षित आवास निर्माणमा यो वर्ष २ हजार ४०० घर निर्माणका लागि विनियोजित रू.२५ करोडको भौतिक तथा वित्तीय प्रगति पेश भएको छैन । नयाँ प्रविधिमा आधारित सगरमाथा द्रुत मार्ग निर्माणको सम्भाव्यता अध्ययन, पूर्वाधार निर्माणमा गुणस्तर कायम गर्न कम्तिमा २ परीक्षण प्रयोगशाला सञ्चालन, ४६ पालिकामा रहेका प्राविधिक जनशक्तिलाई आवश्यक तालिम सञ्चालन, निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम लगायतका कार्यक्रम सञ्चालन भएको देखिएन ।

७. **एकीकृत प्रगति विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३९ मा प्रगति विवरण प्राप्त भएपछि मन्त्रालय वा अन्य निकायले त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। प्रगति समीक्षा गर्दा सुधारका लागि चाल्नुपर्ने कदम र प्रगति न्यून भएको सम्बन्धमा जिम्मेवार व्यक्तिउपर आवश्यक कारबाहीसमेत गर्नु पर्ने उल्लेख छ। मन्त्रालयले मातहतका कार्यालयसमेतको प्रगति समावेश गरी तयार गरेको एकीकृत प्रगति विवरण अनुसार भौतिक प्रगतितर्फ सहरी विकास तथा भवन कार्यालय मोरङको ७५ प्रतिशत देखि सहरी विकास तथा भवन कार्यालय धनकुटाको अधिकतम ९९ प्रतिशत प्रगति भएको जनाएको छ। तर वित्तीय प्रगतितर्फ भौतिक पूर्वाधार मन्त्रालय तथा ग्रामिण सडक सञ्जाल आयोजनाको प्रगति उल्लेख नगरेको र पूर्वाधार विकास कार्यालय मोरङको ६२ प्रतिशत देखि पूर्वाधार विकास कार्यालय ओखलढुङ्गाको अधिकतम ९०.६८ प्रतिशत वित्तीय प्रगति हासिल गरेको देखिन्छ। नियमावलीको व्यवस्था बमोजिम न्यून प्रगति देखिएका कार्यक्रम तथा योजनाको समीक्षा गरी सुधार गर्नुपर्दछ ।

८. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ मा प्रदेश विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । मन्त्रालयअन्तर्गत यो वर्ष सुरू बजेट रू.१२ अर्ब ८८ करोड ९६ लाख ६ हजार रहेकोमा रू.४ अर्ब ९४ करोड ४७ लाख ७३ हजार अर्थात् ३८.३६ प्रतिशत थप तथा रू.३ अर्ब ८ करोड १६ लाख ९ हजार घट भई रू.१४ अर्ब ७५ करोड २७ लाख ७० हजार कायम भएको छ । सुरू बजेट विनियोजनको तुलनामा समग्रमा १४.४५ प्रतिशत बजेट रकमान्तरबाट थप भएको देखिन्छ । आर्थिक वर्षको अन्तिम त्रैमासिकमा रकमान्तर गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

९. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २३(३) मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ भित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नु पर्ने व्यवस्था छ । मन्त्रालयको लागी विनियोजन भएको रकम रू.१४ अर्ब ७५ करोड २७ लाख

७० हजार रहेकोमा रू.१० अर्ब ७४ करोड ९६ लाख २८ हजार मात्र खर्च गरेकोमा बजेट समर्पण गरेको अभिलेख राखेको छैन । ऐनमा तोकिएको समयमा बजेट समर्पण गर्नुपर्दछ।

१०. **बहुवर्षीय आयोजनाको दायित्व -** प्रदेश सरकारको २०७९।८० को नीति कार्यक्रममा प्राथमिकता प्राप्त आयोजनामा स्रोत सुनिश्चित गर्ने, विस्तृत परियोजना प्रतिवेदनको आधारमा योजनाको छनोट गर्ने, आयोजना बैङ्क तयार गरी योजनाहरूको प्राथमिकीकरण गरी उपयुक्त आयोजना छनोट गर्ने उल्लेख छ। प्रदेश सरकारको गठन पश्चात् मन्त्रालय मातहत सञ्चालन हुने सङ्घबाट हस्तान्तरण भएका आयोजना बाहेक प्रदेश सरकारबाट स्रोत सहमति भई प्रदेश सरकार मातहतका कार्यालयबाट सञ्चालित बहुवर्षीय योजनाहरूको कुल लागत अनुमान रू.५८ अर्ब ५९ करोड ८६ लाख ४९ हजार रहेकोमा खरिद सम्झौता गरेका २०४ योजनाको सम्झौता रकम रू.३५ अर्ब ३८ करोड ५४ लाख २५ हजार रहेको छ ।

(रकम रू. हजारमा)

क्र.सं.	विवरण	सम्झौता संख्या	लागत अनुमान	सम्झौता रकम	भेरिएसन पश्चातको सम्झौता रकम	यो वर्ष सम्मको भुक्तानी	दायित्व रकम
१	भवन महाशाखातर्फ (सडक तथा भवन)	६३	४०७४४८७	३३४०६८२	२७८७८२८	१३६११९८	९१०५७८
२	प्रादेशिक सडक महाशाखातर्फ (सडक तथा पुल)	१४१	५४५२४१६२	२९९९२९२२	३२५९७५९७	१७९८६१५९	१४६११४३८
जम्मा		**२०४**	**५८५९८६४९**	**३३३३३६०४**	**३५३८५४२५**	**१९३४७३५७**	**१५५२२०१६**

उक्त २०४ योजनाको कुल दायित्वमध्ये यो वर्ष सम्मको भुक्तानी रू.१९ अर्ब ३४ करोड ७३ लाख ५७ हजार बाहेक रू.१५ अर्ब ५२ करोड २० लाख १६ हजार भुक्तानी दायित्व रहेको देखिन्छ । आर्थिक वर्ष २०८०।८१ मा मन्त्रालयको लागि रू.८ अर्ब ८६ करोड २३ लाख ५० हजार बजेट विनियोजन भएतापनि दायित्व सिर्जना भएका योजना तथा नयाँ योजनामा बजेट एकीकृत रूपमा विनियोजन भएकाले सबै बजेट दायित्व भुक्तानीमा प्रयोग गर्दासमेत दायित्व बाँकी हुने अवस्था छ । बहुवर्षीय आयोजनाको लागि पर्याप्त बजेट विनियोजन गरी आयोजना सम्पन्न गर्नुपर्दछ ।

११. **जनता आवास कार्यक्रम -** आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकास गर्न दलित, विपन्न, लोपोन्मुख र अति सिमान्तकृत जाती तथा समुदायलाई आवास व्यवस्थाको लागि नेपाल सरकारले जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ बमोजिम कोशी प्रदेशका १४ जिल्लामा कार्यक्रम कार्यान्वयन भएकोमा सोको विवरण मन्त्रालयसँग माग गरिएकोमा मन्त्रालयबाट आर्थिक वर्ष २०७५।७६ पश्चातको १० जिल्लाको विवरण पेश भएको छ ।

क्र. सं.	जिल्ला	छनौट लाभग्राही संख्या		सम्पन्न संख्या		कार्यसम्पन्न हुन बाँकी संख्या	
		सङ्घ	प्रदेश	सङ्घ	प्रदेश	सङ्घ	प्रदेश
१	ओखलढुङ्गा	२४६	१७६	२२३	१०७	२३	६९
२	खोटाङ्ग	९५	५०	८१	३८	१४	१२
३	सोलुखुम्बु	०	५	०	५	०	०
४	धनकुटा	९५	१६१	५६	८७	३९	७४
५	संखुवासभा	१०१	१४९	६५	५१	३६	९८

६	भोजपुर	१७०	२००	८७	१२०	८३	८०
७	तेह्रथुम	१०६	१४४	७६	१०६	३०	३८
८	सुनसरी	१५८१	६०	१२११	५१	३७०	९
९	उदयपुर	१४०४	४०	१०४५	४०	३५९	०
१०	मोरङ्ग	१८३९	८५	१३७८	७०	४६१	१५
	जम्मा	**५६३७**	**१०७०**	**४२२२**	**६७५**	**१४१५**	**३९५**

कार्यक्रम अन्तर्गत १० जिल्लामा हालसम्म सङ्घीय सरकारबाट ५ हजार ६३७ र प्रदेश सरकारबाट १ हजार ७० गरि जम्मा ६ हजार ७०७ आवास निर्माण गर्ने लक्ष्य रहेकोमा २०७९।८० सम्म सङ्घीय सरकारबाट ४ हजार २२२ र प्रदेश सरकारबाट ६७५ गरी जम्मा ४ हजार ८९७ आवास निर्माण सम्पन्न भएका छन्। विवरण अनुसार उक्त कार्यक्रमको लागि रू.१ अर्ब ६० करोड ७० लाख ४८ हजार खर्च भएको छ ।

प्राप्त विवरण अनुसार कार्यसम्पन्न हुन बाँकी लाभग्राही संख्या १ हजार ८१० मध्ये सङ्घतर्फ १ हजार ४१५ तथा प्रदेशतर्फ ३९५ रहेको देखिन्छ । मन्त्रालय सँग सम्झौता हुन बाँकी, सम्झौता भई बजेट तथा जग्गा व्यवस्थापन हुन नसकी निर्माण कार्य सुरू हुन नसकेका लाभग्राहीको विवरण माग गरिएकोमा प्राप्त नभएकोले सो सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । मन्त्रालयले आफ्नो कार्य क्षेत्रअन्तर्गत रहेको कार्यक्रमको कार्यान्वयन, अनुगमन मूल्याङ्कन र अभिलेख प्रणाली विकास गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१२. **परामर्श सेवा** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुपर्दछ । पूर्वाधार विकास कार्यालय संखुवासभा तथा ओखलढुङ्गा र सहरी विकास तथा भवन कार्यालय ओखलढुङ्गासमेत ३ कार्यालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार ३९ योजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गरी रू.६ करोड ७२ लाख २१ हजार खर्च गरेका छन् । कार्यालयको प्राविधिक जनशक्तिबाट हुन नसक्ने कार्य मात्र परामर्शदाताबाट गराउनुपर्नेमा सो यकिन नगरी परामर्शदाताबाट परियोजना प्रतिवेदन तयारी गराएका छन्। अध्ययन प्रतिवेदन प्राप्त आयोजनाहरूको कार्यान्वयन अवस्थाको अभिलेख तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१३. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने उल्लेख छ । मूल्य समायोजन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१३.१. पूर्वाधार विकास कार्यालय, मोरङले १० योजनाका निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी गर्दा वेस इन्डेक्स फरक गरी तथा म्याद थप पश्चात् सुरू सम्झौता अवधिको इन्डेक्स फ्रिज नगरी परिवर्तित दरमा मूल्य समायोजन गणना गरी रू.४ करोड ५३ लाख ८३ हजार बढी भुक्तानी दिएको छ ।

१३.२. पूर्वाधार विकास कार्यालय झापा र उदयपुरसमेत २ कार्यालयले फरक इन्डेक्सबाट मूल्य समायोजन गणना गरी १० निर्माण कार्यमा रू.१ करोड ८० लाख १३ हजार तथा सहरी विकास तथा भवन कार्यालय, धनकुटा र ओखलढुङ्गासमेत २ कार्यालयले ६ निर्माण कार्यमा रू.१६ लाख ६९ हजारसमेत रू.१ करोड ९६ लाख ८२ हजार बढी भुक्तानी गरेका छन् ।

मन्त्रालय मातहत ५ कार्यालयले २७ निर्माण कार्यमा कुल रू.६ करोड ६७ लाख ८ हजार मूल्य समायोजन बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

१४. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार बीस लाख रूपैँयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान खरिद वा जुनसुकै सेवा खरिद गर्नुपर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय सङ्खुवासभा र मोरङ्गले प्रतिस्पर्धा बेगर ३५ निर्माण कार्यमा रू.२ करोड ६५ लाख ७३ हजार तथा सहरी विकास तथा भवन कार्यालय, मोरङ्ग, धनकुटा तथा इलाम लगायत ३ कार्यालयले ५९ निर्माण कार्यमा रू.३ करोड ७० लाख ३८ हजारसमेत ९४ निर्माण कार्यमा रू.६ करोड ३६ लाख ११ हजारको निर्माण कार्य सोझै खरिद गरेका छन् । नियमानुसार प्रतिस्पर्धा गराई खरिद कार्य गर्नुपर्दछ।

१५. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १११ मा प्रत्येक कार्यालयले सरकारी सम्पत्ति तथा जिन्सी मौज्दातको वार्षिक विवरण तयार गर्नु पर्ने व्यवस्था छ। साबिकमा सङ्घीय सरकारअन्तर्गत रहेका सडक, भवन, सिँचाइ लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रूपान्तरण तथा गाभिएको अवस्थामा साबिक कार्यालयहरूले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरेको छैन । कानुन बमोजिम सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

पूर्वाधार विकास कार्यालयहरू

१६. **पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (क) ३ अनुसार उपनियम (१) वा (२) बमोजिम संशोधित कार्यतालिका पेश भए पश्चात बोलपत्र स्वीकृत गर्ने अधिकारीले कम्तीमा २ कार्य प्रगति हासिल गर्नुपर्ने सिमा (माईलस्टोन) तोकी थप आर्थिक व्ययभार/दायित्व नपर्ने गरी बढीमा २०८० साल असार मसान्तसम्म म्याद थप गर्न सक्ने र सम्बन्धित निर्माण ब्यवसायीले त्यस्तो प्रगति हासिल नगरेमा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ती असुल गर्नु पर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, पाँचथरले यो वर्ष रू.१ अर्ब ९२ करोड ३८ लाख ४२ हजारको ४ निर्माण कार्यमा २०८० आषाढ मसान्तसम्म पुरा गर्नुपर्ने सिमा (माईलस्टोन) पूरा नभएको अवस्थामासमेत रू.१५ करोड ७१ लाख ३१ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेको पाईएन । कार्यालयले सम्झौता एवम् खरिद नियमावलीको व्यवस्था अनुसार बाँकी कार्य फरफारख गर्नुपर्दछ ।

१७. **थप दायित्व भुक्तानी -** सार्बजनिक खरिद ऐन, २०६४ को नियम ११२(१) मा बीस लाखभन्दा बढी मूल्यको निर्माण कार्यको निर्माण ब्यवसायीले बीमा गराउनु पर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय पाँचथरले शिवालय-रानीटार-लुङरूप्पा-गोरूवाले-सन्दकपुर सडक निर्माणका लागि एक संयुक्त उपक्रमलाई कार्यस्थल उपलब्ध गराएपछि सोहि चेनेज भित्र पर्ने पहिरो व्यवस्थापनसँग सम्बन्धित ढुङ्गा सोलिङ्ग गर्ने, रिटेनिङ्ग वाल लगाउने, प्लम कंक्रिटको कार्य तथा ग्याबियन जाली लगाउने कार्य र कतिपय खण्डको चेनेजसमेत उल्लेख नगरी उपभोक्ता समिति र निर्माण व्यवसायीबाटसमेत कार्य गराएको देखिन्छ। कार्यालयले आयोजना निर्माण स्थलमा पहिरोको कारणबाट पुगेको क्षतिको लागि बीमा दाबी भए नभएको यकिन गरेको छैन। उक्त योजनाको बीमा शुल्क बापत कार्यालयले निर्माण व्यवसायीलाई रू.२० लाख भुक्तानी गरेको अवस्थामासमेत पहिरोबाट भएको क्षतिको दाबी निर्माण

व्यवसायीमार्फत् बीमा कम्पनीबाट नगरी कार्यालयले भुक्तानी दिनु नियमसम्मत र औचित्यपूर्ण देखिएन।

कार्यालयले निर्माण स्थलमा भएको क्षतिपूर्ति बीमा कम्पनीबाट गराउने र बीमाले नसमेटेको क्षेत्रमा भेरिएशन आदेशबाट कार्य परिमाण थपघट गर्न सक्ने अवस्था हुँदा हुँदै सोही स्थलमा विभिन्न उपभोक्ता समिति र निर्माण व्यवसायीबाट कार्य गराउदा रू.९४ लाख ९७ हजारको निर्माण कार्यमा दोहोरोपना भए नभएको यकिन नहुनुका साथै बीमा कम्पनीबाट ब्यहोर्नुपर्ने खर्च कार्यालयले भुक्तानी गरेको हुँदा यस सम्बन्धमा सम्बन्धित निकायबाट आवश्यक छानबिन गरी भुक्तानी भएको रकम नियमित गर्नुपर्दछ।

१८. **नर्म्सको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा विभिन्न निर्माण सामग्रीको दरभाउ, मेशिन र उपकरणको भाडा वा कामदारको ज्याला जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, पाँचथरले १० सडक निर्माण कार्यको लागत अनुमानको लागि ग्याबियन कार्यको दर विश्लेषण गर्दा नर्म्स फर रेट एनालाइसिस फर रोड एण्ड ब्रिज, २०७५ को क्र.स.९.१.४ मा एक्जाभेसनबाट प्राप्त भएको ढुङ्गाको ५० प्रतिशत प्रयोग गर्ने व्यवस्था रहेकोमा सो नर्म्स प्रयोग नगर्दा विभिन्न २० आईटमको लागत अनुमान बढ्न गई कार्यालयलाई रू.७८ लाख ५४ हजार बढी व्ययभार परेको छ । तोकिएको नर्म्स पालना गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

१९. **निर्माण कार्यको भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, ओखलढुङ्गाले धुलिपाल्ले-छेर्मादिन-घट्टेखोला-लप्चि सडकको चेनेज १०७+२१० देखि ११२+५१० सम्मको खण्ड २०८०।३।३ सम्म निर्माण सम्पन्न गरिसक्ने गरी एक निर्माण व्यवसायीसँग २०७९।३।३ मा रू.८ करोड ९० लाख २ हजारको सम्झौता गरेकोमा तेस्रो रनिङ्ग बिलसम्म रू.५ करोड ५८ लाख २२ हजार भुक्तानी भएको छ । कार्यालय, निर्माण व्यवसायीको प्रतिनिधिसमेतको टोली २०८०।६।२४ मा स्थलगत निरीक्षण गर्दा नापी किताबमा समावेश भई भुक्तानी भएको स्टोन मेसिनरी वर्क, ग्यावियन रिटेनिङ्ग वाल र ह्युमपाइप कल्भर्टसमेत ४ आइटममा रू.१ करोड १९ लाख ५० हजारको कार्य नगरी नापी किताबमा समावेश गरी भुक्तानी गरेको छ । कार्यालयले भुक्तानी भएको सम्पुर्ण कार्यसमेतको सम्वन्धमा पुनः नापजाँचसहित यकिन गरी वास्तविक कार्य भन्दा बढी नापजाँच देखाई भुक्तानी गर्नेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

२०. **सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२) अनुसार सार्वजनिक हितको लागि सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गर्न सक्ने व्यवस्था रहेको छ। पूर्वाधार विकास कार्यालय ओखलढुङ्गाले एक निर्माण व्यवसायीसँग नेले-चारघरे-मुक्ली हुँदै बर्खुघाट, सोलुखुम्बुको सडक निर्माण कार्यका लागि रू.३ करोड २४ लाख ६१ हजारमा २०७८।३।२५ सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा पटक पटक गरी २०८० जेष्ठ मसान्तसम्म निर्माण अवधि थप गरेको देखिन्छ। कार्यालयले दोस्रो रनिङ्ग बिलसम्म रू.१ करोड २७ लाख २४ हजार भुक्तानी गरेको र बाँकी कार्यको मूल्याङ्कन गरी भुक्तानी पश्चात् थप क्षतिपूर्ति माग नगर्ने गरी २०७९।१२।१९ मा निर्माण सम्झौता अन्त्य गर्ने सहमति गरेको देखिन्छ।

उक्त सडकको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले २०७९।९।१७ को पत्रानुसार आर्थिक वर्ष २०७९।८० मा रू.४ करोड विनियोजन हुने गरी लागत अनुमान रू.५०

करोड १ लाख २३ हजारको स्रोत सुनिश्चितता भई कार्यालयबाट २०७९।१२।१४ मा सडक निर्माण कार्य अघि वढाउन वोलपत्र सूचना प्रकाशन गरेकोमा थप कार्य भएको छैन । आर्थिक मामिला तथा योजना मन्त्रालयको २०८०।१।२८ को पत्रानुसार सम्झौता नभएका खरिद प्रक्रियाको स्रोत सुनिश्चितताको सहमति अर्को निर्णय नहुँदासम्म स्थगन गरेको देखिएकाले निर्माण सम्पन्न नहुँदै सम्झौताको अन्त्य भएको देखिन्छ । विकास सम्वद्ध कार्य सञ्चालन गर्दा बजेट सुनिश्चितता, आयोजना छनौट र कार्यान्वयन गर्ने निकायहरूबीच समन्वय र सहकार्य गरी निर्णयमा एकरुपता कायम गर्नुपर्दछ।

२१. **फरक चेनेजमा कार्य -** पूर्वाधार विकास कार्यालय, ओखलुढुङ्गाले तामाखानी-जस्माने-भन्ज्याङ्ग-गुम्बा-गोलु लिखुपिके-काफ्लेचौर-भन्डाई सडकको चेनेज ०+००० देखि १३+४२८ सम्म सडक निर्माण कार्य २०८१।३।२० सम्ममा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७९।३।२१ मा रू.२१ करोड २३ लाख ९४ हजारको सम्झौता गरेको छ । आर्थिक वर्ष २०७९।८० को अन्त्यसम्म दोश्रो रनिङ्ग बिलसम्म रू.१३ करोड ८३ लाख ११ हजार भुक्तानी भई ६५.१२ प्रतिशत वित्तीय प्रगति रहेको छ। सडकको विस्तृत आयोजना प्रतिवेदनमा उल्लिखित कार्य गर्न खरिद व्यवस्थापन गरी सोही अनुसार सडक निर्माण सम्झौता गर्नुपर्नेमा सम्झौता कार्यान्वयन गर्दा विस्तृत आयोजना प्रतिवेदन र ड्रइङ्ग डिजाईनले तोके भन्दा १२ फरक चेनेजमा ग्याविियन वर्क्सको कार्य गरी रू.१ करोड ७१ लाख ९९ हजार तथा २३ फरक चेनेजमा ह्युमपाइपको कार्य गरी रू.१ करोड ४ लाख १५ हजार र सोको मूल्य अभिवृद्धि करसमेत रू.३ करोड १२ लाख ४ हजार भुक्तानी भएको छ । विस्तृत आयोजना प्रतिवेदन र ड्रइङ्ग डिजाईनभन्दा फरक चेनेजमा भएको कार्य नियमसम्मत देखिदैन ।

२२. **स्थलगत अनुगमन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, ओखलढुङ्गाले ठूलाछाप-भर्दौरेमा सिस्नेखोला पुल निर्माण २०८१।६।२६ सम्म सम्पन्न गर्न एक संयुक्त उपक्रमसँग रू.६ करोड ३० लाख ७३ हजार भुक्तानी गर्नेगरी २०७९।६।२७ मा सम्झौता भएको छ। आर्थिक वर्ष २०७९।८० को अन्त्यसम्म दोश्रो रनिङ्ग बिलसम्म रू.३ करोड ८५ लाख २० हजार भुक्तानी भएको छ । कार्यालय, निर्माण व्यवसायीसमेतको २०८०।६।२५ मा स्थलगत निरीक्षण गर्दा निर्माण कार्य नगरेको ग्याविन वक्स ५९८.७६ घनमिटर र रिटेनिङ्ग वाल ४५३.५ घनमिटर नापी किताबमा समावेश गरी रु.७८ लाख ९३ हजार भुक्तानी गरेको छ । नापी किताबमा समावेश भई भुक्तानी भएको कार्य स्थलगत निरीक्षणको क्रममा निर्माण भएको नदेखिएकोले भुक्तानी गर्नेलाई जवाफदेही बनाई बढी भुक्तानी रकम असुल गर्नुपर्दछ ।

सहरी विकास तथा भवन कार्यालयहरू

२३. **अस्पताल भवन निर्माण -** सहरी विकास तथा भवन कार्यालय, धनकुटाले जिल्ला अस्पताल भवन निर्माणका लागि रू.४६ करोड ७१ लाख ४ हजारको लागत अनुमान तयार गरी एक निर्माण व्यवसायीसँग २०८३।३।२४ मा सम्पन्न गर्नेगरी २०८०।३।२४ मा रू.२८ करोड ३६ लाख ५३ हजारको खरिद सम्झौता गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२३.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) अनुसार सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था, साईट क्लियरेन्सको सुनिश्चितता तथा वातावरणीय अध्ययन स्वीकृत नगराई ठेक्का आह्वान गर्न

नमिल्ने उल्लेख छ। अस्पताल भवन निर्माणका लागि प्रस्तावित जग्गा धनकुटा नगरपालिका स्थित कि.नं. १९,२१ र २२ को कुल क्षेत्रफल २५-६-३-० रहेकोमा उक्त जग्गा कृषि ज्ञान केन्द्र र रेशम विकास शाखाले प्रयोग गर्दै आएको देखिन्छ। नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको २०८०।३।८ को पत्रबाट भूमि सुधार, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई धनकुटा नगरपालिका स्थित कि.नं. १९,२१ र २२ को कुल २५-६-३-० रोपनी जग्गा प्रादेशिक अस्पताल निर्माणको लागि जिल्ला अस्पताल धनकुटाको नाममा र धनकुटा नगरपालिका वडा नं.४ स्थित नगर विकास समितिको नाममा रहेको कित्ता नं. २३७,२३८,४१७ र १९३ को क्षेत्रफल २७-७-३-० रोपनी जग्गा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको नाममा नामसारी गर्न पत्राचार गरेको छ । उक्त जग्गा हालसम्म अस्पतालको नाममा नामसारी भएको छैन। अस्पतालको विस्तृत परियोजना प्रतिबेदनले ३५ रोपनी क्षेत्रफल आवश्यक पर्नेमा बाँकी १० रोपनी जग्गा अझै सुनिश्चितता भएको छैन । निर्माणस्थलको व्यवस्था नभई बोलपत्र आह्वान गरेको नियमसँगत देखिएन ।

२३.२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क) मा पेस्की पाएको मितिले ३० दिनभित्र कार्य प्रारम्भ नगरी पेस्की रकम सम्बन्धित काममा प्रयोग नगरेको पाइएमा पेस्की जमानत जफत हुने व्यवस्था छ। कार्यालयले निर्माण व्यावसायीसँग २०७९।३।२४ मा सम्झौता गरी रू.२ करोड ५२ लाख कार्यसञ्चालन **पेस्की** दिएको छ । निर्माण व्यवसायी हालसम्म निर्माण स्थलमा परिचालन नभएको साथै पेस्कीको बैङ्क खाता र खर्चको अनुगमन कार्यालयले गरेको पाइएन। प्रचलित कानुन बमोजिम कार्यसञ्चालन पेस्कीको प्रयोग गर्नुपर्दछ ।

२४. **संरचनाको उपयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ (२क) बमोजिम निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरूप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएको र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । सहरी विकास तथा भवन कार्यालय, मोरङले यो वर्ष रू.२ करोड ५९ लाख ९४ हजार लागत अनुमान भएका ९ भवन निर्माण कार्य उपभोक्ता समितिबाट गर्न रू.२ करोड १० लाखको सम्झौता गरेकोमा निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था नहुँदा पनि खर्चको आधारमा कार्य स्वीकार प्रतिवेदन जारी गरी रू.१ करोड ४६ लाख ७७ हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिबाट भएका निर्माण कार्यहरूमध्ये विभिन्न सामुदायिक भवन ५९ देखि ८० प्रतिशत निर्माण भएको, सञ्चालन कार्यविधि स्पष्ट नभएको, डिपिसि लेभलमा पुगेर काम बन्द भएको, निर्माणमा प्रयोग भएका सामग्रीको गुणस्तरमा ह्रास आईरहेको र खर्चबाट लाभग्राही समुहले समयमै लाभ लिन नसकेको अवस्था रहेको देखिन्छ । कार्यालयले सम्पन्न निर्माण संरचनाको सञ्चालन र उपयोग कार्यविधि स्पष्ट गर्ने, निर्माण भएका भवनको प्रयोग वा सञ्चालन यकिन गरेर मात्र निर्माण कार्य गराउनुपर्दछ।

२५. **जनता आवास कार्यक्रम** - सहरी विकास तथा भवन कार्यालय, धनकुटाले जनता आवास कार्यक्रम कार्यान्वयन (प्रथम संशोधन) कार्यविधि, २०७५ को प्रक्रिया पूरा गरी यो वर्ष सम्झौता भएकामध्ये सङ्घतर्फ ७२७ लाभग्राहीको आवास निर्माण कार्यको सम्झौता गरेकोमा यो वर्षसम्म २७९ आवासको निर्माण कार्य सम्पन्न भई ४४८ आवास सम्पन्न हुन बाँकी रहेका छन् । यो वर्ष सङ्घतर्फ सम्झौता भएकामध्ये ३०९ ले प्रथम किस्ता, ३६१ ले दोस्रो किस्ता, ३५४ ले तेस्रो किस्ता र २७९ जना लाभग्राहीलाई मात्र चौथो किस्ताको लागि रू.३ करोड ५० लाख ६१ हजार भुक्तानी भएको छ ।

कार्यविधिको अनूसुची २ को बुँदा नं.११(घ) मा कार्यालयबाट हरेक किस्ताको रकम भुक्तानी गर्दा कामको मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरू समितिको बैठकबाट अनुमोदन गराई किस्ता रकम उपलब्ध गराउनु पर्नेमा अन्तिम किस्तामा मात्र सो प्रकृया पुरा गरेको देखिन्छ। कार्यविधिमा भएका सबै व्यवस्थाको पालना गरी भुक्तानी गर्ने तथा तेस्रो किस्ता सम्म भुक्तानी भएकोमा निर्माणाधीन आवासहरूको कार्य सम्पन्न गराउनु पर्दछ ।

२५.१. सहरी विकास तथा भवन कार्यालय, मोरङ्गले कार्यविधिको प्रक्रिया पूरा गरी यो वर्षसम्म सङ्घीय सरकारबाट ४ हजार ८२४ र प्रदेश सरकारबाट १८५ गरी जम्मा ५ हजार ९ आवास निर्माण गर्ने लक्ष्य रहेकोमा २०७९।८० सम्म सङ्घीय सरकारबाट ३ हजार ६३४ र प्रदेश सरकारबाट १६१ गरी जम्मा ३ हजार ७९५ आवास निर्माण सम्पन्न भएको देखिन्छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार ३ हजार ७९५ आवास निर्माणको लागि रू.१ अर्ब २ करोड ६४ लाख ८१ हजार खर्च भएको छ । उदयपुर, सुनसरी तथा मोरङ्ग जिल्लाका लाभग्राहीमध्ये आर्थिक वर्ष २०७३।७४ मा सम्झौता भएका १९७ तथा आर्थिक वर्ष २०७४।७५ मा सम्झौता भएका १५१ आवास हाल सम्म सम्पन्न भएको छैन। उल्लिखित लाभग्राहीलाई रू.७ करोड ५५ लाख २६ हजार भुक्तानी भईसकेको निर्माणाधिन आवासहरूको निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२५.२. कार्यविधिको बुँदा नं.७ बमोजिम भवन साथ शौचालय निर्माणपश्चात् मात्र निर्माण सम्पन्न मानिने उल्लेख भएकोमा सहरी विकास तथा भवन कार्यालय, मोरङ्ग तथा धनकुटाले शौचालय निर्माणको मापदण्ड तय नगरेको तथा कार्य सम्पन्न प्रतिवेदनमासमेत शौचालय निर्माण सम्बन्धमा खुलाएको देखिएन।

२५.३. कार्यविधिको बुँदा १८ मा वुँदा नं.१७(१) बमोजिम गठित पाँच सदस्यीय निर्माण समिति स्थानीय तहमा दर्ता हुनुपर्नेमा सो व्यवस्थाको पालना गरेको पाइएन ।

२५.४. सहरी विकास तथा भवन कार्यालय, मोरङ्गले कार्यसम्पन्न हुन बाँकी लाभग्राही संख्या १ हजार २१४मध्ये सम्झौता हुन बाँकी ४१९, निर्माणाधिन ५१८, सम्झौता भई बजेट तथा जग्गा व्यवस्थापन हुन नसकि निर्माण कार्य सुरू हुन नसकेका २७७ रहेका छन । निर्माणाधिन ५१८मध्ये आर्थिक वर्ष ०७४।७५ सम्मका ३४८ र तत् पश्चातका १७० रहेको देखिन्छ । आर्थिक वर्ष ०७४।७५ पछि २०८० आषाढ मसान्तसम्म सम्झौता भई निर्माणाधिन १७०मध्ये हालसम्म ७३ लाभग्राहीले कार्यसम्पन्न गरिसकेकोले बाँकी ९७ लाभग्राहीलाई भुक्तानी गरेको रू.२ करोड ८६ लाख ५७ हजारको कार्यसम्पन्न गरेको प्रमाण पेश गरेको छैन। समयमै आवास निर्माण सम्पन्न गर्नुपर्दछ।

२६. **न्यून प्रगति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) मा सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने र नियम १२८ मा सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचार सम्वन्धि व्यवस्था छ। सहरी विकास तथा भवन कार्यालय, धनकुटाले तेह्रथुम जिल्ला स्थित वसन्तपुर साप्ताहिक हटिया निर्माण कार्यको लागि एक जेभीसँग मूल्य अभिवृद्धि करबाहेक रू.१ करोड ७७ लाख ७५ हजारमा १८ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी २०७६।३।२९ मा सम्झौता भएकोमा उक्त निर्माण कार्यको भेरिएशन आदेश पश्चात सम्झौता रकम रू.२ करोड २० लाख ९२ हजार कायम भएको र यो वर्षसम्म रू.८५ लाख ८ हजार भुक्तानी भई ३८.५१ प्रतिशत वित्तीय प्रगति भएको छ । निर्माण कार्यको लागि पटक पटक गरी २०८०।३।२५ सम्म म्याद थप भएकोमा सोपश्चात् म्याद थप

भएको छैन । सम्झौता बमोजिम प्रगति नगर्ने निर्माण व्यवसायीलाई कानुन बमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२७. **उपभोक्ताको कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । सहरी विकास तथा भवन कार्यालय, ओखलढुङ्गाले रू.५ करोड ३६ लाख ४१ हजार लागत अनुमान भएको १ सामुदायिक भवन निर्माण कार्य आर्थिक वर्ष २०७७।७८ सम्म निर्माण व्यवसायीमार्फत् गराई रू.१ करोड ९४ लाख ६७ हजार भुक्तानी गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रू.२३ लाख २१ हजार तथा आर्थिक वर्ष २०७९।८० मा रू.५८ लाख ८१ हजारको निर्माण कार्य उपभोक्ता समितिमार्फत भुक्तानी गरेको छ । कार्यालयले रू.१ करोड भन्दा बढी लागत अनुमान भएको जटिल प्रकृतिको निर्माण कार्यसमेत उपभोक्ता समितिमार्फत् गराउनु उचित देखिएन । प्रचलित नियमावलीको पालना गरी उपभोक्ता समितिबाट निर्माण कार्य गराउनुपर्दछ ।

२८. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा प्राविधिक जाँच र कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। सहरी विकास तथा भवन कार्यालय, मोरङ्गले कोशी रिफ्रेशमेन्ट सेन्टर प्रथम चरणको निर्माण कार्यका लागि एक निर्माण व्यवसायीसँग रू.२७ करोड ५ लाख १७ हजार भुक्तानी गर्ने गरी सम्झौता भएकोमा निर्माण कार्यको लागत अनुमानमा समावेश नभएको डिबाटरिङ्गको नयाँ आइटम थपको लागि लागत अनुमान तयार गर्दा सुनसरी जिल्लाको २०६७।७७ को जिल्ला दररेटलाई आधार लिएको र सो अनुसार डिबाटरिङ्ग कार्यको लागि २ देखि ५ हर्स पावरको पानी तान्ने पम्प लगायत अन्य सम्पूर्ण मोटर जम्मा ९ हजार ५७५.५० घण्टा चलेको विवरण पेश भएकोमा कुल १५ हजार ८९.५० घण्टाको भुक्तानी दिएको छ। कार्यालयले २ हर्स पावर क्षमताको मेशिन उपयोग भएको वास्तविक समय भन्दा ५ हजार ५१४ घण्टा वढी कायम गरी रू.३१ लाख १५ हजार वढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा मूल्य समायोजन बढी भुक्तानी, सोझै खरिद, मूल्याङ्कन भन्दा बढी भुक्तानी, वित्तीय जिम्मेवारी र जवाफदेहिताको पालना, परामर्श सेवा खरिद तथा कार्यान्वयन, जनता आवास कार्यक्रमको न्यून प्रगति लगायतका व्यहोरा औंल्याइएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरूजु** - मन्त्रालय र मातहतसमेतका १४ निकायको यो वर्ष रू.७७ करोड ९६ लाख ६६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.२ करोड ६६ लाख ६ हजार फर्स्यौट तथा रू.३ लाख ३१ हजार प्रतिक्रियाबाट थप भई रू.७५ करोड ३३ लाख ९१ हजार बेरुजु बाँकी रहेको छ । सोमध्ये रू.६ करोड ३ लाख ४३ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, महिला हकसम्बन्धी प्रादेशिक नीति कानुन मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, बालबालिकाको हकहित संरक्षणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन, जेष्ठ नागरिकसम्बन्धी, अपाङ्गता भएका नागरिकको हकहित तथा युवासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने लगायतका कार्यहरू रहेका छन् ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ८ सरकारी कार्यालयको निम्नानुसार रू.१ अर्ब ३४ करोड ९३ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१३२९३४७	७२४४	५२६१	७५२०	१३४९३७२

२. **समिति तथा अन्य संस्था** - यो वर्ष २ संस्थाको रू.९४ करोड ४० लाख ६३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ मा योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने व्यवस्था छ । मन्त्रालय र मातहतको लागि विनियोजित बजेट रू.१अर्ब ८० करोड ४४ लाख रहेकोमा रकमान्तरबाट घटाई रू.१ अर्ब ६४ करोड २६ लाख ५४ हजार अन्तिम बजेट कायम भएकोमा रू.१ अर्ब ३२ करोड ९३ लाख ४७ हजार (८०.९३%) खर्च भएको देखिन्छ । खर्चमध्ये चालुतर्फ रू.१ अर्ब ४३ करोड ५२ लाख ७९ हजार विनियोजन भएकोमा रू.१ अर्ब १६ करोड ९८ लाख ७० हजार (८१.५१%) तथा पुँजीगततर्फ रू.२० करोड ७३ लाख ७५ हजार विनियोजन भएकोमा रू.१५ करोड ९४ लाख ७७ हजार (७६.९०%) खर्च रहेको छ । बजेट बनाउँदा कार्यान्वयनको सुनिश्चितता नहुने, सञ्चालन हुन नसक्ने कार्यक्रममा बजेट व्यवस्था गर्ने, वर्षान्तमा रकमान्तर गर्ने, समयमा बजेट समर्पण नगर्ने लगायतका स्थितिले जवाफदेहिता पालनामा कमजोर देखिएको छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नुपर्दछ ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - आर्थिक वर्ष २०७९।८० को नीति तथा बजेटमा उल्लेख भएका प्रदेश रोजगार नीति तर्जुमा गरी लागू गर्ने, प्रादेशिक संस्कृति नीति तर्जुमा गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायलगायतका सभ्यता र संस्कृतिको अध्ययन अनुसन्धान गरी पर्यटकीय सम्पदाको रूपमा विकास गर्ने, प्रादेशिक संग्रहालयलाई बहुसांस्कृतिक संग्रहालयको रूपमा विकास गर्ने, प्रमुख नाका तथा विमानस्थलमा प्रदेशको पर्यटकीय महत्वका कला, संस्कृति र प्राकृतिक सम्पदाको प्रचार सामग्री तथा डिजिटल डिस्प्ले राख्ने, उच्च शिक्षा नीति तर्जुमा गर्ने, प्रदेश स्वास्थ्य विज्ञान अध्ययन प्रतिष्ठान स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्ने, औषधिजन्य जडिबुटीको अध्यापनका लागि

सम्भाव्यता अध्ययन गर्ने, प्रदेश बालकोष स्थापना गर्ने, पाठ्यक्रम विकास केन्द्र स्थापना गरी प्रदेश विशेषको आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण गर्ने, प्रदेश शिक्षा नीतिको तर्जुमा गर्ने, प्रदेश प्रज्ञा प्रतिष्ठान गठन गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन भएको छैन ।

५. **मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम** - सामाजिक विकास मन्त्रालय योजना तथा कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७८ को दफा नं. ५ मा मन्त्रालयबाट सञ्चालन हुने मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रममा यो वर्ष रू.७ करोड विनियोजन भएकोमा रू.२ करोड ६० लाख ६१ हजार खर्च भएको छ । कार्यक्रमका लागि १४८ विद्यालय छनोट गरी निकासा दिएकोमा छनोटको आधार उल्लेख गरेको देखिएन । निर्देशिका अनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

६. **अनुदान** - सामाजिक विकास मन्त्रालय योजना तथा कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७८ को दफा १४ मा कार्यक्रमको सञ्चालनका क्रममा मन्त्रालयबाट कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गरिने उल्लेख छ । मन्त्रालयले यो वर्ष निम्नानुसार विद्यालय/ शिक्षालयहरूलाई निकासा दिएको छ।

(रकम रू. हजारमा)

क्र.सं.	कार्यक्रम	अनुदान दिएको विद्यालय/ शिक्षालय संख्या	अनुदान रकम
१.	स्काउट विकासका लागि माध्यमिक विद्यालय अनुदान	२८	२०७०
२.	उत्कृष्ट व्यवस्थापन भएका सफल माध्यमिक विद्यालयलाई प्रोत्साहन अनुदान	१४	२००१०
३.	उत्कृष्ट व्यवस्थापन भएका सफल आधारभूत विद्यालयलाई प्रोत्साहन अनुदान	१३	१२४४८
४.	सामुदायिक माध्यमिक विद्यालय विज्ञान प्रयोगशाला व्यवस्थापन अनुदान	१७	६५२९
५.	भौतिक पूर्वाधार विकास तथा विस्तार कार्यक्रम	५७	२६०६०
६.	विद्यालय स्वच्छ पिउनेपानी प्रबन्ध कार्यक्रम	२९	८६६२
७.	विपद् व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम	५	५०००
८.	मनमोहन प्राविधिक विश्व विद्यालय चालु र पुँजीगत अनुदान	१	१७४६२५
९.	सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम प्रस्तावमा आधारित अनुदान	१०	५०००
१०.	प्राविधिक शिक्षालयहरूलाई प्रस्तावमा आधारित अनुदान	९	४५००

अनुदान रकम तोकिएको प्रयोजनमा खर्च भई उद्देश्य प्राप्त भए नभएको सम्बन्धमा अनुगमन गरी उपलब्धि मूल्याङ्कन गरेको देखिएन। मन्त्रालयले अनुदान दिएको रकमको अनुगमन गरी मूल्याङ्कन गर्नुपर्दछ ।

७. **प्रदेश खेलकुद विकास बोर्ड** - प्रदेश खेलकुद ऐन, २०७६ को दफा २५ मा बोर्ड र समितिको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नुपर्ने उल्लेख छ । प्रदेश खेलकुद नियमावली, २०७६ को नियम १० मा बोर्ड र समितिको तर्फबाट गर्नुपर्ने सबै खर्च प्रदेश सरकारको स्वीकृति लिई बोर्डले बनाएको आर्थिक कार्यविधि अनुसार हुने व्यवस्था छ । बोर्डले लेखा तथा लेखा प्रणाली सम्बन्धमा आर्थिक कार्यविधि कानुन बनाएको देखिएन । बोर्डले यो वर्ष रु.१५ करोड ९५ लाख ३ हजार खर्च गरेकोमा आन्तरिक लेखापरीक्षणसमेत गराएको छैन ।

८. **नवौं राष्ट्रिय खेलकुद** – सार्वजनिक खर्चलाई मितव्ययी बनाउन स्वीकृत नर्म्स अनुसार खर्च गर्नुपर्नेमा २०७९।६।२८ देखि २०७९।७।३ सम्म पोखरामा सञ्चालन भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ६३ खेलमा ६२९ खेलाडीको सहभागिता रहेकोमा कोशी प्रदेशको सहभागिताका लागि खेलाडी छनोट तथा बन्द प्रशिक्षण, पोशाक खरिदलगायतमा रू.९ करोड २३ लाख ३२ हजार खर्च गरेको छ । उक्त खर्चको मापदण्ड सम्बन्धित निकायबाट स्वीकृत भएको छैन । मापदण्ड बनाई खर्च गर्नुपर्दछ ।

शिक्षा निर्देशनालय

९. **उच्च शिक्षा कार्यक्रम** - पुँजीगत अनुदान प्राप्त नगरेका ४२ सामुदायिक क्याम्पसहरूलाई सञ्चालन अनुदान वितरणको लागि रू.२ करोड ४५ लाख विनियोजन गरेकोमा प्रति क्याम्पस रू.५ देखि ६ लाखसम्म अनुदान निकासा गरी रू.२ करोड २७ लाख खर्च गरेको छ । क्याम्पसहरूले अनुदान रकम फर्निचर, कम्प्युटरलगायतका सामग्री खरिद तथा शिक्षकको तलब भत्तामा खर्च गरेको देखियो। सामुदायिक क्याम्पसको पूर्वाधार विकासका लागि दिइएको पुँजीगत अनुदानको सदुपयोग सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

समिति तथा अन्य संस्था

मनमोहन प्राविधिक विश्वविद्यालय

स्थापना र उद्देश्य - कोशी प्रदेश सरकारले मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ जारी गरी २०७६ साल असोज १६ गते मनमोहन प्राविधिक विश्वविद्यालय स्थापना भएको छ । मुलुकको सर्वाङ्गिण विकासको लागि आवश्यक पर्ने उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने, बहुप्राविधिक विश्वविद्यालयको अवधारणा अनुरुप प्रतिस्पर्धात्मक, गुणस्तरयुक्त, उपलब्धिमूलक र अन्तर्राष्ट्रिय विकास क्रमसँग आबद्ध गर्न सक्ने मानव संसाधन विकास गर्न र विज्ञान प्रविधि तथा व्यावसायिक क्षेत्रको ज्ञान र सान्दर्भिक अनुसन्धानलाई व्यापक एवम् व्यवहारिक र समय सापेक्ष बनाउने यो विश्वविद्यालयको उद्देश्य रहेको छ ।

१०. **कानुन निर्माण -** मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ को दफा ५३ मा नियमावली बनाउने र दफा ५४ मा निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने व्यवस्था छ । विश्वविद्यालयले हालसम्म ८ नियमावली तथा १ निर्देशिका तयार गरी कार्यान्वयन गरेको छ। आविष्कार केन्द्र सञ्चालन कार्यविधि लगायत विश्वविद्यालयस्तरका शैक्षिक क्रियाकलाप सञ्चालनसँग सम्बन्धित थप आवश्यक नियमावलीहरू तथा सेवा सुविधा र गुणस्तरसम्बन्धी कार्यविधि तथा मापदण्ड बनेको छैन । आवश्यकता अनुसार नियमावली र निर्देशिका तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

११. **आर्थिक कारोबार** - विश्वविद्यालयले पेश गरेको आय व्यय विवरण अनुसार गत वर्षको जिम्मवारी रू.१४ करोड २६ लाख २० हजार, अनुदान निकासा रू.२१ करोड ६६ लाख ४२ हजार, आन्तरिक आम्दानी रू.१४ करोड ७ लाख ८५ हजारसमेत जम्मा आय रू.५० करोड ४७ हजार रहेको छ । उक्त आयमध्ये विश्वविद्यालयले यो वर्ष रू.३५ करोड ७० लाख ८३ हजार खर्चगरी रू.१४ करोड २९ लाख ६४ हजार मौज्दात रहेको छ ।

१२. **पाठ्यक्रम निर्माण तथा स्वीकृति** - मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ को दफा १५ अनुसार विश्वविद्यालयको अध्ययन अध्यापन, अनुसन्धान र प्रशिक्षण हुने विषयहरूको पाठ्यक्रम निर्माण

तथा स्वीकृत गर्ने काम प्राज्ञिक परिषद्लाई तोकेको छ । सञ्चालनमा आएको ४ वर्ष बितिसक्दा पनि विश्वविद्यालयले आफूले अध्यापन गर्ने विषयको पाठ्यक्रम पूर्ण रूपमा तयार गर्न सकेको देखिएन । विश्वविद्यालयले ४२० विषयको पाठ्यक्रम तयार गरी रु.१ करोड १६ लाख ५३ हजार खर्च गरेको भएतापनि सबै पाठ्यक्रम बनी सकेको छैन । पाठ्यक्रम समयमै तयार गरी अध्ययन अध्यापन कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

१३. **सेवा आयोगको प्रभावकारिता** - मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ को दफा १५ अनुसार विश्वविद्यालयको शिक्षक तथा कर्मचारीहरूको नियुक्ति तथा बढुवाको सिफारिसका लागि सेवा आयोगको गठन गर्नुपर्ने व्यवस्था अनुसार २०७७/११/२३ मा आयोगको अध्यक्ष मनोनयन गरी ३ सदस्यीय सेवा आयोग गठन गरी सो समितिको काम, कर्तव्य र अधिकार तथा कार्यसञ्चालन प्रक्रिया सम्बन्धमा विश्वविद्यालयले मनमोहन प्राविधिक विश्वविद्यालय सेवा आयोगसम्बन्धी नियमावली, २०७८ पारित गरी कार्यान्वयनमा ल्याएको छ । आयोगले यो वर्ष शैक्षिकतर्फ २४ र प्रशासनतर्फ १३ परीक्षाका पाठ्यक्रम निर्माण गरी विभिन्न पदपूर्तिको लागि सूचना प्रकाशन गरेको छ । विश्वविद्यालयका अनुसार पहिलो पञ्चवर्षीय कार्यक्रम २०७८-०८२ सम्मको लागि इन्जिनियरिङ्ग स्नातक तथा स्नातकोत्तरतर्फ १२, चिकित्सातर्फ ३ र इन्जिनियरिङ्ग ओभरसियरतर्फ ६ कार्यक्रमको लागि शिक्षकतर्फ २५१, प्रशासन १४६ गरी ३९७ दरबन्दी स्वीकृत भएकोमा शिक्षकतर्फ ३० स्थायी १४ करार गरी ४४ पदपूर्ति भई २०७ दरबन्दी रिक्त रहेको साथै प्रशासनतर्फ ३७ स्थायी तथा २२ करार गरी ५९ पदपूर्ति भई ८७ पद रिक्त रहेको छ । विश्वविद्यालयको लागि आवश्यक शिक्षक तथा प्रशासनिक कर्मचारी पदपूर्ति गर्नुपर्दछ ।

१४. **निर्णय कार्यान्वयन** - मनमोहन प्राविधिक विश्वविद्यालयको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन,२०७६ को दफा ७ मा विश्वविद्यालयको सर्वोच्च निकायको रूपमा एक सभा रहने र सभाका निर्णयहरू विश्वविद्यालयले कार्यान्वयन गर्ने व्यवस्था छ । विश्वविद्यालयको २०७९ कार्तिक २ मा बसेको दोश्रो सभाले गरेका निर्णयहरूमध्ये ब्याचलर अफ आर्किटेक्चर (वी आर्क) पाँच वर्षे शैक्षिक कार्यक्रम, स्नात्तकोत्तर तहको एमएस्सी इन स्ट्रक्चरल इन्जिनियरिङ्ग दुई वर्षे शैक्षिक कार्यक्रम र स्नातकोत्तर तह एमएस्सी इन हेल्थ पोलिसी म्यानेजमेन्ट एण्ड टेक्नोलोजी (एमएस्सी एचएमटी) दुई वर्षे शैक्षिक कार्यक्रम सञ्चालन गर्ने निर्णय भए तापनि हालसम्म कार्यान्वयन भएको देखिएन ।

१५. **खरिदमा प्रतिस्पर्धा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । विश्वविद्यालयले वार्षिक खरिद योजना नबनाई सोझै खरिद विधिको माध्यमबाट १० प्याकेजमा यो वर्ष रू.४१ लाख १६ हजारको फर्निचर खरिद गरेको छ । वार्षिक खरिद योजना बनाई प्रतिस्पर्धात्मक र पारदर्शी तरिकाले खरिद कार्य गर्नुपर्दछ ।

१६. **अधुरो हस्तान्तरण** - बिराटनगर महानगर पालिका वडा नं. १४ स्थित बिराट क्याम्पसको नाममा रहेको ५१६४.१ वर्ग मिटर क्षेत्रफलको जग्गा र सो जग्गामा रहेको भौतिक संरचना सम्पूर्ण प्रकृया पुरा गरी एक वर्ष भित्र यस विश्वविद्यालयलाई हस्तान्तरण गर्ने गरी तत्कालिन बिराट क्याम्पसका अध्यक्ष र विश्वविद्यालयका उपकुलपतिबीच २०७७।०५।०४ मा सम्झौता भएको छ । एक वर्ष भित्र हस्तान्तरण हुनुपर्ने सम्पत्तिको स्वामित्व हालसम्म हस्तान्तरण भएको देखिएन । सो कार्यका

लागि रू.५२ लाख ७३ हजार खर्च गरी विश्वविद्यालयले सोको संरक्षण र मर्मतका लागि आफ्नो साधन र स्रोत परिचालन गरेतापनि हस्तान्तरण नभएको कारण सोको पूर्ण उपयोग हुन सकेको छैन। सम्बद्ध निकायहरूबाट आवश्यक समन्वय गरी सम्पत्तिको उपयोग गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, कार्यसम्पादन करार नगरेको, आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, सोझै खरिद गरेको, विश्वविद्यालयतर्फ आवश्यकता अनुसार पदपूर्ति हुन नसकेको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छः

➢ सरकारी कार्यालयतर्फ ७ निकायको यो वर्ष रू.६८ लाख ८५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१४ लाख ९२ हजार फर्स्यौट भई रू.५३ लाख ९३ हजार बेरुजु बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

➢ सङ्गठित संस्था एवम् समितितर्फ २ निकायमा यो वर्ष रू.१ करोड १० लाख २१ हजार बेरुजु देखिएकोमा रु.४३ लाख २८ हजार फर्स्यौट तथा रू ३९ लाख १८ हजार थप बेरुजु कायम भई रू.१ करोड ६ लाख ११ हजार बाँकी रहेको छ । सोमध्ये रू.२९ लाख ३९ हजार म्याद नाघेको पेस्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१० मा संलग्न छ ।

स्वास्थ्य मन्त्रालय

कोशी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम प्रदेश भित्रको स्वास्थ्य सेवा प्रवाह, स्वास्थ्य सेवासम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन, खोप व्यवस्थापन, औषधी तथा स्वास्थ्य सामाग्री खरिद तथा आपूर्ति व्यवस्था, स्वास्थ्य सुरक्षा कार्यक्रम, जनसङ्ख्या र बसाईसराईसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्ने, कार्यक्रमहरूको नियमन र व्यवस्थापन गर्ने उद्देश्यले कोशी प्रदेश सरकारको २०७८।१०।२३ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयको गठन भएको हो ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ३४ सरकारी कार्यालयको निम्नानुसार रू.३ अर्ब ३३ करोड १७ लाख ६९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रु. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२४३८८८९	१०४९८	६७४०१	८१४९८१	३३३१७६९

२. **समिति तथा अन्य संस्था -** यो वर्ष १४ समिति वा अन्य संस्थाको रू.३ अर्ब ७१ करोड १० लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **कानुन निर्माण -** मन्त्रालय र सम्बन्धित निकायले प्रदेश जनस्वास्थ्य ऐन, २०७७, विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्तासम्बन्धी कार्यविधि, २०७९ र कार्यक्रम कार्यान्वयन निर्देशिका/पुस्तिका २०७९।८० मार्फत कार्यसम्पादन गर्ने गराउने गरेको छ । मन्त्रालय मातहत १४ जिल्ला स्वास्थ्य कार्यालय, १४ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, १२ जिल्ला अस्पताल, १ प्रादेशिक अस्पताल, १ ट्रमा सेन्टर, १ प्रादेशिक आयुर्वेद अस्पताल र विभागस्तरका स्वास्थ्य निर्देशनालय, स्वास्थ्य तालिम केन्द्र, प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र र प्रदेश जनस्वास्थ्य प्रयोगशाला ४ समेत ४७ कार्यालय र मन्त्रालयसहित ४८ कार्यालय रहेका छन् । साबिक सामाजिक विकास मन्त्रालयका ५ र नयाँ मन्त्रालय गठन पश्चात ३ गरी जम्मा ८ कानुनी प्रबन्ध भएको देखिएको छ ।

४. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ देखि ५७ मा जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवम् लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने व्यवस्था छ । यो वर्ष चालु शीर्षकमा रू.५ करोड ४६ लाख २५ हजार तथा पुँजीगत शीर्षकमा रू.१ करोड ५१ लाखसमेत रू.६ करोड ९७ लाख २७ हजार बजेट विनियोजन भएको छ । विनियोजित बजेटमध्ये चालुतर्फ रू.३ करोड १८ लाख ५७ हजार तथा पुँजीगततर्फ रू.३७ लाख ४६ हजारसमेत रू.३ करोड ५६ लाख ३ हजार बजेटको तुलनामा ५१.०६ प्रतिशत खर्च रहेको छ । बजेट बनाउँदा कार्यान्वयनको सुनिश्चितता नहुने, सञ्चालन हुन नसक्ने कार्यक्रममा बजेट व्यवस्था गर्ने, वर्षान्तमा रकमान्तर गर्ने, समयमा बजेट

समर्पण नगर्ने लगायतका स्थितिले जवाफदेहिता पालनामा कमजोर देखिएको छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नुपर्दछ ।

५. **नीति तथा कार्यक्रम कार्यान्वयन -** मन्त्रालय अन्तर्गत २०७९।८० मा घोषित नीति तथा कार्यक्रममध्ये प्रादेशिक स्वास्थ्य नीतिको अवधारणापत्र तयार भएतापनि उल्लेखनीय प्रगति नभएको, टेलिमेडिसिन प्रणाली सञ्चालनका लागि उपकरण र प्रणाली खरिद भएतापनि सञ्चालनमा तदारुकता नदेखिएको, कोखदेखि शोकसम्म अभियानको क्रममा महिला र सुत्केरीसँग सम्बन्धित क्रियाकलाप सञ्चालन भएकोमा अभियानको मुल्याङ्कन नभएको, एक वडा एक बर्थिङ्ग सेन्टर स्थापनाका लागि स्थानीय तहसँग समन्वयको प्रयास गरे तापनि कार्यान्वयन भएको देखिएन ।

६. **आवधिक योजना कार्यान्वयन -** कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) को यो वर्षको विवरण अनुसार जन्म हुँदाको अपेक्षित आयु ७३.१ लक्ष्य निर्धारण गरेकोमा ७१.५ वर्ष, पाँचवर्ष मुनिको बाल मृत्युदर प्रति हजार जीवित जन्ममा २२ लक्ष्य निर्धारण गरेकोमा ३२, शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा २० लक्ष्य निर्धारण गरेकोमा २९ रहेको छ । नवजात शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा १७ लक्ष्य निर्धारण गरेकोमा २०, आधा घण्टाको दूरीमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने परिवार ८० प्रतिशत लक्ष्य निर्धारण गरेकोमा ६० प्रतिशत, बालबालिकामा रक्तअल्पता ४० प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरेकोमा ५५ प्रतिशत, महिलामा रक्तअल्पता ३० प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरेकोमा ४३ प्रतिशत, १५ महिना मुनिका ९५ प्रतिशत बालबालिकालाई पूर्ण खोपको दायरामा ल्याउने लक्ष्य निर्धारण गरेकोमा ७६ प्रतिशत प्रगति हासिल गरेको छ । मन्त्रालयले आवधिक योजनाले लिएको लक्ष्य प्राप्त हुने गरी प्रगति हासिल गर्नुपर्दछ ।

७. **वार्षिक कार्यक्रम लक्ष्य -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३८ (२) मा मन्त्रालयले बजेट शीर्षकको आधारमा त्रैमासिक प्रगति विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयको २०७९।८० को वार्षिक कार्यक्रममा समावेश भएको १६ बजेट उपशीर्षकमा रू.२५ करोड ६३ लाख ३३ हजार विनियोजन भएकोमा रू.६ करोड १४ लाख ६३ हजार खर्च भएको छ । सञ्चालित कार्यक्रममा सबैभन्दा बढी प्रगति राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र कार्यक्रममा ६९ प्रतिशत र सबैभन्दा घटी अस्पताल सेवा सुदृढीकरण तथा विस्तार कार्यक्रममा १ प्रतिशत र ८ बजेट शीर्षकमा खर्च हुन नसकी शून्य प्रगति देखिएको छ । लक्ष्यसहितको प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ।

८. **खर्च विश्लेषण -** मन्त्रालयमा यो वर्ष चालु शीर्षकमा रू.५ करोड ४६ लाख २५ हजार तथा पुँजीगत शीर्षकमा रू.१ करोड ५१ लाखसमेत रू.६ करोड ९७ लाख २७ हजार बजेट विनियोजन भएको छ। विनियोजित बजेटमध्ये चालुतर्फ रू.३ करोड १८ लाख ५७ हजार तथा पुँजीगततर्फ रू.३७ लाख ४६ हजारसमेत रू.३ करोड ५६ लाख ३ हजार बजेटको तुलनामा ५१.०६ प्रतिशत खर्च भएको छ । मन्त्रालयले वार्षिक कार्यान्वयन कार्ययोजना तयार गरी स्वीकृत गरेको छैन । बजेट कार्यान्वयन कार्ययोजना अनुसार तोकिए बमोजिम कार्यान्वयन गर्नुपर्दछ ।

९. **नियमन र अनुगमन -** प्रदेश जनस्वास्थ्य ऐन, २०७७ को दफा १५ मा स्वास्थ्य संस्थाको नियमन, निरीक्षण र अनुगमन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले २५ शैयादेखि २०० सम्मको स्वीकृति र

५० शैयाभन्दा माथिको स्वास्थ्य संस्थाको अनुगमन, नवीकरण र स्वीकृतिको कार्य गर्ने गरेकोमा सोही प्रतिवेदनका आधारमा स्वास्थ्य संस्थाहरूको इजाजतपत्र र नवीकरण हुने गरेको छ । स्वास्थ्य संस्थाहरूको इजाजत पत्र र नवीकरण सम्बन्धमा सम्बन्धित संस्थाले नवीकरणका लागि निवेदन पेश गरेका आधारमा स्वास्थ्य सम्बद्ध संस्थाहरूको नियमन गर्ने कार्य प्रभावकारी बनाउनुपर्दछ ।

१०. **एकीकृत केन्द्रीय प्रगति** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३९ मा कार्यालयबाट प्रगति विवरण प्राप्त भएपछि मन्त्रालयले त्यसको भौतिक र वित्तीय पक्षको कार्यालयगत समीक्षा गर्नुपर्ने व्यवस्था छ । प्रगति समीक्षा गर्दा सुधारका लागि चाल्नुपर्ने कदम र प्रगति न्यून भएको सम्बन्धमा जिम्मेवार व्यक्तिउपर आवश्यक कारबाहीसमेत गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले मातहत कार्यालयबाट विवरण लिई केन्द्रीय प्रगति विवरण तयार गरेको भएतापनि न्यून भौतिक तथा वित्तीय प्रगति देखिएका कार्यक्रम तथा योजनाहरूको समीक्षा गरी सुधार गर्नुपर्दछ ।

११. **एम्बुलेन्स व्यवस्थापन** - कोशी प्रदेश जनस्वास्थ्य ऐन, २०७७ को दफा २४ अनुसार गठित प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समिति तथा ग्लोबल फन्ड र सेभ द चिल्ड्रेनको सहयोगमा प्रादेशिक प्रेषण केन्द्र (रिफर सेन्टर) सञ्चालनमा रहेको छ । केन्द्रको सहयोग २०२३ डिसेम्बर २३ मा समाप्त भएतापनि अन्य वैकल्पिक व्यवस्था गरेको छैन । एम्बुलेन्समा अनिवार्य जिपिएस जडान हुनुपर्ने व्यवस्था रहेकोमा ५४७ मध्ये हालसम्म ५३ एम्बुलेन्समा मात्र जिपिएस जडान भएको छ । स्वास्थ्य सेवा प्रवाहको स्थायित्व र प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ ।

१२. **कार्यसञ्चालन स्तरमा संलग्नता** - मन्त्रालयको प्रमुख जिम्मेवारी ऐन, कानुन एवम् नीति तर्जुमा एवम् कार्यान्वयन, कार्यक्रम बजेट तर्जुमा हुनुपर्नेमा संक्रामक रोग तथा सघन उपचार केन्द्र मन्त्रालयमार्फत सञ्चालन गरेको छ । केन्द्रका लागि रू.७ करोड ६४ लाख बजेट विनियोजन भएकोमा रु.२ करोड ३२ लाख खर्च भएको छ । उपचार केन्द्र सञ्चालनका लागि ४२ कर्मचारी दरबन्दी स्वीकृत भई ३० पदपूर्ति गरी अन्तरङ्ग सेवा सञ्चालन भएको छ । उपचार केन्द्र सञ्चालनका लागि भर्ना गरिएका कर्मचारीलाई मन्त्रालयमा कामकाजमा लगाएको छ । स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम आवश्यकता र औचित्यका आधारमा कर्मचारी भर्ना र परिचालन गर्नुका साथै कार्यसञ्चालन स्तरका कार्यमा मन्त्रालयको संलग्नता रहने अवस्थाको अन्त्य गर्नुपर्दछ ।

१३. **खरिदमा प्रतिस्पर्धा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय र मातहतसमेत १२ कार्यालयले मालसामान खरिद कार्यको प्रकृति अनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सीमा अनुसार दरभाउ पत्र वा बोलपत्रमार्फत् कार्य गराउनु पर्नेमा प्रतिस्पर्धा सीमित हुने गरी ९५ पटकमा रू.९ करोड ७३ लाख २१ हजारको मालसामान, औषधि तथा औषधिजन्य सामग्री सोझै खरिद गरेको छ । सार्वजनिक खरिद ऐन, नियम बमोजिम प्रतिस्पर्धा हुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ।

१४. **अनुगमन** - प्रदेश सरकार (कार्य बिभाजन) नियमावली नियमावली, २०७९ ले प्रत्येक मन्त्रालयको कार्य बिभाजनमा आफु र अन्तर्गत निकायको समग्र कार्य सञ्चालन व्यवस्था र प्रक्रियाको अनुगमन मुल्याङ्कन गरी देखिएका समस्याको समाधान गर्नुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयबाट विभिन्न अनुगमनका कार्य गरिएको भएतापनि सोको एकीकृत अभिलेख तयार गरी मूल्याङ्कन गरेको देखिएन।

वित्तीय प्रशासन र आर्थिक अनुशासनलाई सबल बनाउन, जिम्मेवारी र जवाफदेहिता परिपालनामा तदारुकता ल्याउन, सेवा प्रवाहलाई जनमुखी एवम् प्रभावकारी बनाउन, पूर्वाधार क्षेत्रको विकास गर्न तथा लक्षित कार्यक्रमहरू आम नागरिकको जीवनस्तरमा सुधार ल्याउनका निमित्त वस्तुनिष्ठ अनुगमन गरी देखिएका समस्या समाधान गर्नुपर्दछ ।

स्वास्थ्य निर्देशनालय, धनकुटा

१५. **अख्तियारी -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३१ बमोजिम श्रावण १५ भित्र बजेट तथा कार्यक्रम र अख्तियारी प्राप्त भएपछि सम्बन्धित कार्यालयले कार्यक्रम सञ्चालन तथा बजेट खर्च गर्ने कार्यतालिका, मासिक खर्च अनुमान विवरण, वार्षिक खरिद योजना तथा प्रतिवद्धतासहितको विवरण तयार गरी तालुक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयको यो वर्षको कुल बजेट रु.२२ करोड ६२ लाख ६८ हजार रहेकोमा रु.१५ करोड ३३ लाख ९९ हजार खर्च भुक्तानी गरेको छ । निर्देशनालयले २०८० आषाढमा मात्र रु.६ करोड ९४ लाख ८८ हजार अर्थात कुल खर्चको ४५.३० प्रतिशत खर्चको भुक्तानी गरेको छ । बजेट खर्चको भार आषाढमा पर्दा गुणस्तर र उपलब्धिमासमेत असर पर्ने देखिन्छ । खर्च सन्तुलन हुने गरी तोकिएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१६. **टेलिमेडिसिन सेवा -** टेलिमेडिसिन कार्यक्रम सञ्चालनको लागि आवश्यक कम्युटर प्रिन्टर लगायतका सामग्री खरिदका लागि २०८०।०३।१५ मा सम्झौता गरी सामान आपूर्ति पश्चात एक प्रा.लि.लाई रु.१८ लाख ४७ हजार भुक्तानी भएको छ । टेलिमेडिसिन स्थापनाको लागि सामग्री तथा सफ्टवेयर खरिद लगायतका काम सम्पन्न भएतापनि सञ्चालनमा आएको छैन । खरिद गरिएका सामग्रीमध्ये डेस्कटप कम्युटर, वेव क्यामेरा, प्रिन्टर र एयर कन्डिसन एक/एक थान तथा ट्याबलेट ४समेत रु.३ लाख ६६ हजार बराबरको समान वी.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण गरी बाँकी रु.१४ लाख ८० हजार बराबरका सामान निर्देशनालयमा प्रयोगविहिन अवस्थामा रहेका छन् । गत वर्षबाट यस्ता लजिष्टिक सामग्री खरिद भएता पनि टेलिमेडिसिन कार्यक्रम सञ्चालनमा आएको छैन । टेलिमेडिसिन सेन्टरहरूमार्फत् कार्यक्रम सञ्चालन गरी सेवा प्रवाह सुचारू गर्नुपर्दछ।

१७. **औषधि खरिद अनुदान -** कोशी प्रदेश सामाजिक विकास मन्त्रालयको कार्यक्रम बमोजिम स्वास्थ्य निर्देशनालयले एन्टी हेमोफिलिक फ्याक्टर व्यवस्थापन गर्न हेमोफिलिया सोसाईटी नेपालसँग सम्झौता गरी यो वर्ष रु.१ करोड अनुदान प्रदान गरेको छ । प्रस्तावकले पेश गरेको अनुमानित बजेटमा औषधि खरिदको एकमुष्ट रकम उल्लेख गरेको र गत वर्ष प्रदेश सरकारबाट ५० लाख अनुदान उपलब्ध भएकोमा रु.४८ लाख २७ हजारको एन्टी हेमोफिलिक फ्याक्टर खरिद गरेको उल्लेख छ। गत वर्षको खरिद परिमाण, सोको उपयोग र मौज्दातको स्थिति, यस वर्षको लागि आवश्यक पर्न सक्ने परिमाण र सम्भावित उपयोगकर्ताहरूको संख्या लगायतका विषय निर्देशनालयले यकिन नगरी अनुदान दिएको छ । गत वर्षको खरिद तथा उपयोग र यस वर्षको आवश्यकता विश्लेषण नगरी गत वर्षको अनुदानमा शत प्रतिशत थप गरेको देखिएकोले औषधि खरिद, उपयोग तथा मौज्दातको यथार्थ विवरण र यस वर्षको अनुमानित खपतसम्बन्धी यथार्थता विश्लेषण गरी अनुदान रकमको उपयोगिता यकिन गर्नुपर्दछ ।

जिल्ला अस्पतालहरू

१८. **फार्मेसी सेवा सञ्चालन -** स्वास्थ्य मन्त्रालयले जारी गरेको अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८ मा अस्पताल आफैले स्तरीय सञ्चालन कार्यविधि निर्माण गरी फार्मेसी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर लगायतका विभिन्न जिल्लास्थित ९ अस्पतालबाट यो वर्ष रू.९ करोड ५३ लाख ७७ हजार बराबरको औषधि तथा सर्जिकल सामग्री खरिद गरेको छ । औषधि तथा सर्जिकल सामग्री मापदण्ड तयार गरी वितरण व्यवस्था गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । अस्पतालको फार्मेसीबाट सहजै औषधि प्राप्तिको व्यवस्था हुनुपर्दछ।

१९. **मेशिन उपकरणको उपयोग -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४३(छ) मा सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्भार तथा संरक्षणको उचित व्यवस्था गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य सेवा प्रवाहका लागि खरिद भएका तथा अस्पताललाई हस्तान्तरण भै आएका मेशिन, उपकरणहरू चालु हालतमा राखी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्नेमा मेशिन उपकरणको उपयोगका सम्बन्धमा निम्नानुसारका व्यहोरा देखिएका छन्:

१९.१. जिल्ला अस्पताल धनकुटाले कोभिड महामारीको समयमा खरिद गरेका तथा अनुदानमा प्राप्त उपकरणहरू हाल सञ्चालनमा नरहेको, उचित संरक्षण र ब्यवस्थापनको हुन सकेको छैन । खरिद गरेको भेन्टिलेटर ४ थान, आइसियु/सिसियु बेड १० थान, अक्सिजन प्लान्ट १ थान लगायतका पूर्वाधार निर्माण गरिएको छ । अक्सिजन प्लान्ट सञ्चालनमा रहेता पनि आवश्यक विशेषज्ञ डाक्टर, नर्स र एनिस्थेसियनको अभावमा हाल भेन्टिलेटर तथा आसियु बेड सञ्चालनमा आएको छैन ।

१९.२. इलाम अस्पतालमा रहेका भेन्टिलेटर २ थान र एबिजी मेशिन २ थान दक्ष जनशक्तिको अभावमा चालु हालतमा रहेको छैन ।

१९.३. जिल्ला अस्पताल सोलुखुम्बुमा भारतीय दुतावासको सहयोगमा प्रदेश सरकारबाट हस्तान्तरित रु.४० लाख ३१ हजारको लाईफ सपोर्ट एम्बुलेन्स २०७९।५।२७ देखि अस्पताल परिसरमा प्रयोगबिहिन अवस्थामा रहेको छ । एम्बुलेन्स भाडा वार्षिक रु.१६ लाख ८६ हजार प्राप्त भएकोमा अस्पताल विकास समितिबाट एम्बुलेन्सको लागि ईन्धनमा रु.१२ लाख ८० हजार, मर्मतमा रू.१ लाख ३६ हजार र ट्रिप भत्तामा रु.८ लाख ९७ हजार गरी रु.२३ लाख १३ हजार खर्च भएको विवरण प्राप्त भएको छ । प्राप्त एम्बुलेन्सको उपयोग हुनुपर्दछ ।

१९.४. जिल्ला अस्पताल पाँचथरले गुणस्तरीय सेवा प्रदान गर्नको लागि सघन सहरीमार्फत रु.८ करोड २० लाख ९५ हजारमा निर्माण भएको आधुनिक भवनमा एच.भि.सि. प्रणालीसमेत भएको ५ शैया (२ वेड भेन्टिलेटरसहित)को आइ.सि.यू. कक्ष स्थापना गरी प्रदेशबाट एम्वुलेन्स प्राप्त गरेको छ । यसरी स्थापना र प्राप्त भएको रु.१ करोड ९७ लाख ५३ हजारको आइ.सि.यू. र एम्वुलेन्स दक्ष जनशक्तिको अभावमा सञ्चालनमा आएको छैन । मेशिन तथा उपकरणको समुचित उपयोग गर्नुपर्दछ।

२०. **स्वास्थ्य बीमा -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २१ मा सेवा प्रदायकले ऐन बमोजिम रकम भुक्तानी दावी गर्दा बीमा व्यवस्थापन सूचना प्रणालीमार्फत दावी प्रविष्ट गरी भुक्तानी लिनुपर्ने

व्यवस्था छ । बीमा सेवा प्रदायक संस्थाले रकम भुक्तानी दिई सो को सोधभर्ना दिने व्यवस्था अनुसार जिल्ला अस्पताल धनकुटा, सोलुखुम्बु, उदयपुर, पाँचथर, सुनसरी र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, विराटनगरले यो वर्ष रू.१९ करोड २३ लाख ५६ हजार मागदावी गरेकोमा बीमा बोर्डबाट रू.१५ करोड ५० लाख ६१ हजार शोधभर्ना दिई रू.३ करोड ७२ लाख ९५ हजार शोधभर्ना हुन बाँकी रहेको छ ।

२१. **भाडा बक्यौता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम सम्झौता तथा प्रचलित कानुन अनुसार तोकिएको समयमा प्राप्त नभएमा प्राप्त हुन बाँकी रकमको दश प्रतिशतले जरिवानासमेत दाखिला गर्न लगाउने र कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम कारवाहीसमेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । इलाम जिल्ला अस्पताल, जिल्ला अस्पताल पाँचथर, जिल्ला अस्पताल खोटाङ्ग र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, मोरङ्गले यस वर्ष सम्झौतामा उल्लेख भएको शर्त अनुसारको बक्यौता रु.३६ लाख १० हजार असुल गर्न बाँकी देखिएको छ । प्राप्त गर्न बाँकी रकम असुल गर्नुपर्दछ ।

२२. **पारिश्रमिक कर** - आयकर ऐन, २०५८ बमोजिम प्राकृतिक व्यक्तिले रोजगारदाताबाट प्राप्त आम्दानीमा तोकिएको सीमा भन्दा वढी आय भएमा वार्षिक रूपमा गणना गरी पारिश्रमिक कर तिर्नु पर्ने व्यवस्था छ । जिल्ला अस्पताल सोलुखुम्बु, खोटाङ्ग, संखुवासभा, उदयपुर, पाँचथर र ताप्लेजुङ्गलगायत अस्पतालले १७ कर्मचारीको वार्षिक आय गणना गर्दा तोकिएको सीमा भन्दा घटी पारिश्रमिक कर कट्टी गरेकोले रु.११ लाख २२ हजार असुल गर्नुपर्दछ ।

२३. **कार्यक्रम संशोधन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा कारणसहित तालुक मन्त्रालयमा पठाई स्वीकृत गराउनुपर्ने ब्यवस्था छ । मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, मोरङ्गले तालुक निकायको पूर्व स्वीकृति बेगर फिजियोथेरापी सेटअप खरिदमा प्राप्त रकमलाई सिआर्म मेशिन खरिदको गत वर्षको दायित्व भुक्तानीमा रू.३३ लाख ७८ हजार नियम विपरीत भुक्तानी गरेको छ ।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, मोरङ

२४. **कार्यक्रम संशोधन** — केन्द्रले गत वर्ष खरिद गरेको ५ सुविधा सम्पन्न एम्बुलेन्स (क्याटागोरी बी) को रू.२ करोड १ लाख ५० हजार र २ शव वाहनको रु.२६ लाख ८२ हजार गरी जम्मा रु.२ करोड २८ लाख ३२ हजार यस वर्ष भुक्तानी दिएको छ । उक्त समान खरिद सम्झौतामध्ये एम्बुलेन्स म्याद भित्रै र शव वाहन ५ दिन म्याद नघाई दाखिला भएको छ । आर्थिक वर्ष २०७८।७९ को वार्षिक बजेटबाट रु.२ करोड २८ लाख ३२ हजार भुक्तानी हुनुपर्नेमा आषाढ २४ देखि कारोबार बन्द भई भुक्तानी हुन नसकेको व्यहोरा जनाई सिटी स्क्यान खरिद क्रियाकलापबाट यो वर्ष उक्त रकम नियमविपरीत भुक्तानी गरेको छ । यसरी एक आर्थिक वर्ष पछि क्रियाकलाप फरक गरी भुक्तानी गरेको उचित देखिएन ।

२५. **खरिदमा प्रतिस्पर्धा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । केन्द्रले वार्षिक खरिद योजना बेगर यो वर्ष विभिन्न शीर्षकबाट रु.१ करोड ४० लाख ५२ हजारको औषधि र औषधिजन्य सामग्री १३ पटक खरिद गरेको छ । केन्द्रले शीर्षकगत बजेट तथा कार्यक्रमको प्रकृति अनुसार विभिन्न आपूर्तकबाट खुला दरभाउपत्र लिई सोझै खरिद गरेको जनाएतापनि सार्वजनिक खरिद नियमावली अनुसार खरिद विधि पालना गरी खरिद कार्य गर्नुपर्दछ।

२६. **भुक्तानी बाँकी विवरण** - केन्द्रले आर्थिक वर्ष २०७८।७९ को वार्षिक कार्यक्रम अनुसार सम्झौता गरी खरिद गरेको सामानहरूको खरिद सम्झौता बमोजिम ३ आपूर्तकलाई रू.५२ लाख ४४ हजार यो वर्ष भुक्तानी गरेको छ । उक्त रकम भुक्तानी दिन बाँकी भुक्तानीको कच्चावारी विवरण संलग्न गरेको छैन । केन्द्रले २०७९।४।९ मा प्रमाणीकरणको लागि प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा अनुरोध गरेकोमा कुनै जानकारी प्राप्त नगरेको सम्बन्धमा सम्वद्ध निकायबाट प्रष्टीकरण पेश हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा न्यून भौतिक तथा वित्तीय प्रगति रहेको, सञ्चालित कार्यक्रममा पर्याप्त अनुगमन नभएको, जवाफदेहिदाताको पालना नभएको, खरिद कानुन अनुसारको खरिद कार्य नभएको, सञ्चालित कार्यक्रमको समीक्षा नभएको, स्वास्थ्य बीमाको सोधभर्ना नभएको, बेरुजु लगत र आन्तरिक नियन्त्रण प्रणाली नबनाएको, समायोजन ग्रेड बढी भुक्तानी दिएको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति देहाय अनुसार छः

➢ सरकारी कार्यालयतर्फ २७ निकायको यो वर्ष रू.५ करोड ५५ लाख २८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.३८ हजार फर्स्यौट भई रू.५ करोड ५४ लाख ९० हजार बेरुजु बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

➢ सङ्गठित संस्था एवम् समितितर्फ १२ निकायमा यो वर्ष रू.८ करोड ४८ लाख १३ हजार बेरुजु देखिएकोमा रू.७२ लाख १९ हजार फर्स्यौट तथा थप रू.३७ हजार भई रू.७ करोड ७६ लाख ३१ हजार बाँकी रहेको छ । सोमध्ये रू.५ लाख २९ हजार म्याद नाघेको पेस्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१० मा संलग्न छ ।

प्रदेश योजना आयोग

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) (तेस्रो संशोधन) आदेश, २०७८ बमोजिम प्रदेशको तीव्र आर्थिक प्रगति तथा सन्तुलित र दिगो विकासका लागि दूरगामी सोचसहितको विकास योजना तर्जुमा र त्यसको कार्यान्वयनमा सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश सरकारलाई प्रदेशको विकास योजना तथा नीति तर्जुमामा सल्लाह र सुझाव दिने विशिष्टीकृत निकायको रूपमा यस आयोगको स्थापना भएको हो।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार विनियोजन रू.२ करोड ३१ लाख ९६ हजार र राजस्व रू.१ लाख ९५ हजारसमेत रू.२ करोड ३३ लाख ९१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजश्व	धरौटी	अन्य	जम्मा
२३१९६	१९५	०	०	२३३९१

२. **दिगो विकास लक्ष्य -** दिगो विकासका विश्वव्यापी १७ लक्ष्यमध्ये नेपालले अंगीकार गरेका लक्ष्य (लक्ष्य नं. १४ बाहेक) १६, गन्तव्य १६९ मध्ये १५९ र सूचक २३७ मा २५७ थपसमेत ४९४ सूचकलाई योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरी सन् २०३० सम्म पूरा गर्ने कार्यसूचीमा उल्लेख छ । प्रदेश सरकारको वार्षिक विकास कार्यक्रम (२०७९/८०) अनुसार यस वर्ष दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रदेश सरकारले रू.१४ अर्ब ३६ करोड १८ लाख ९८ हजार बजेट विनियोजन गरेको भनिएतापनि दिगो विकासका लक्ष्यलाई बजेट तथा कार्यक्रममा आन्तरिकीकरण गरेको छैन । प्रदेश सरकारको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्नुपर्दछ ।

३. **मध्यमकालीन खर्च संरचना -** अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४ मा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी पेश गर्नुपर्ने व्यवस्था छ । आयोगले २०७९।८०-२०८१।८२ को लागि पाँचौ मध्यमकालीन खर्च संरचना तयार गरेको र सोमा दिगो विकास लक्ष्य, राष्ट्रिय विकास लक्ष्य र आवधिक योजनाको सोच तथा रणनीतिसँग वार्षिक बजेटलाई तादात्म्यता कायम गराउने प्रयास गरिएको उल्लेख गरेको भएपनि सोको पूर्ण कार्यान्वयन भएको छैन । नीति, कार्यक्रम र बजेटलाई उल्लिखित योजनाहरूसँग आबद्धता गर्नुपर्दछ ।

४. **आवधिक योजनाको समीक्षा -**प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) कार्यान्वयनको लागि प्रत्येक वर्ष हासिल गर्नुपर्ने नतिजा सूचकहरू उल्लेख छ । प्रदेशको २०७९।८० सम्ममा आर्थिक वृद्धिदर ९.९ प्रतिशत, प्रतिव्यक्ति आय अमेरिकी डलर १ हजार ४८३, साक्षरता दर ९६ प्रतिशत, बहुआयामिक गरिबीको रेखामुनी रहेको जनसंख्या १५.१ प्रतिशत, अपेक्षित आयु ७२.५ वर्ष, खानेपानी सेवा पुगेको जनसंख्या ९९ प्रतिशत र विद्युत पहुँच प्राप्त परिवार १०० प्रतिशत हुने लक्ष्य रहेकोमा आर्थिक वृद्धिदर २.३८ प्रतिशत, प्रतिव्यक्ति आय अमेरिकी डलर १ हजार २९९, साक्षरता दर ७९.७० प्रतिशत, बहुआयामिक गरिबीको रेखामुनी रहेको जनसंख्या १४.१० प्रतिशत, अपेक्षित आयु ७१.८० वर्ष, खानेपानी सेवा पुगेको जनसंख्या ९० र विद्युत पहुँच प्राप्त परिवार ९८ प्रतिशत

उपलब्धि रहेको छ । कुल गार्हस्थ उत्पादन र मानव विकास सूचकाङ्कको उपलब्धि लक्ष्य अनुसार प्राप्त भएतापनि मुद्रास्फिति ५.९ प्रतिशतमा सीमित राख्ने लक्ष्य पूरा भएको छैन । आवधिक योजनाको सोच, लक्ष्य र उद्देश्य अनुरुप नतिजा हासिल हुनुपर्दछ ।

५. **आयोजना बैंक** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १९ मा भएको व्यवस्था अनुसार प्रदेशले आयोजना बैंक व्यवस्थापनका लागि प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गरेको छ । कार्यविधि अनुसार आयोजना बैंकको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यको रेखदेख, नियमन तथा व्यवस्थापनसम्बन्धी कार्य प्रदेशका विषयगत मन्त्रालयको समन्वयमा प्रदेश योजना आयोगले गर्ने र यस कार्यविधि लागू हुन अघि छनोट भएका निर्माणाधीन एवम् क्रमागत सबै आयोजनाहरूलाई २०८० पौष मसान्तभित्र प्रदेश आयोजना बैंक सूचना प्रणालीमा प्रविष्टी गरिसक्नुपर्ने उल्लेख भएकोमा प्रविष्टी भएको छैन । आयोगले मन्त्रालयगत समन्वयमा प्रदेशभित्रको आयोजना बैंकको सञ्चालन तथा व्यवस्थापन कार्य गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, आवधिक योजना अनुसारको वार्षिक विकास कार्यक्रम तर्जुमा नभएको, आवधिक योजनाको समीक्षा नभएको लगायतका व्यहोरा औंल्याइएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - आयोगको यो वर्ष रू.२ लाख ९३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.५५ हजार फर्स्यौंट भई रू.२ लाख ३८ हजार बेरुजु बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ बमोजिम २०७६।१०।९ मा प्रदेश लोक सेवा आयोगको स्थापना भएको हो । प्रदेश लोकसेवा आयोग ऐन, २०७६ अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवाको पदपूर्तिको लागि उम्मेदवारको छनोटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोकसेवा आयोगले सङ्घीय कानुन बमोजिम अपनाएको सिद्धान्त, कार्यविधि र मापदण्डको प्रतिकूल नहुने गरी प्रदेश लोकसेवा आयोगले काम गर्नुपर्ने व्यवस्था छ।

१. **सरकारी कार्यालय** – आयोगको निम्नानुसार रू.१५ करोड ८२ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
७७०९७	८०३३८	८२६	०	१५८२६१

२. **सेवा प्रवाह** - आयोगको वार्षिक प्रतिवेदन, २०७९ बमोजिम यो वर्ष आयोगले ५० पटक बैठक बसी नीति तथा कानुनसम्बन्धी २१, परीक्षा, अन्तर्वार्ता तथा नतिजासम्बन्धी २४, पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी २१, शैक्षिक योग्यतासम्बन्धी ९, सङ्गठित संस्था तथा प्रदेश प्रहरीसम्बन्धी १, कर्मचारी सेवा, सर्तसम्बन्धी २३, अनुगमन प्रतिवेदनसम्बन्धी २, अध्ययन प्रतिवेदनसम्बन्धी ७, विभिन्न निकायलाई परामर्श दिएको सम्बन्धमा २६, समिति गठन सम्बन्धमा २, उजुरी छानबिन सम्बन्धमा ३, परीक्षा रद्द र कारबाही सम्बन्धमा ७ र विविध २२ समेत १६८ निर्णय गरेको छ।

३. **पद निर्धारण र पदपूर्ति** - आयोगबाट यो वर्ष स्थानीय सरकार सेवातर्फ विभिन्न सेवा, समुह र तहको जम्मा माग पद १ हजार ५०३ भएकोमा खुला तथा समावेशीतर्फ १ हजार १२५, कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवातर्फ ५४, आन्तरिक प्रतियोगितातर्फ ८७ र जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवातर्फ २३७ पद निर्धारण गरिएको छ । प्रदेश निजामती सेवातर्फ विविध सेवा, समुहको सातौँ तथा आठौँ तहको जम्मा माग पद संख्या २८२ रहेकोमा खुला तथा समावेशीतर्फ १२७, अन्तर स्थानीय तह प्रतियोगितातर्फ २२, कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवातर्फ ९८ र जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवातर्फ ३५ पद निर्धारण गरिएको छ । प्रतिवेदन अवधिमा आयोगबाट प्रतिशत निर्धारण भई जम्मा १ हजार ४९४ पदका लागि १४० विज्ञापन तथा ४० बढुवा सूचना प्रकाशन भएको छ । यो वर्ष आयोगले जम्मा २४ विज्ञापनको अन्तिम नतिजा प्रकाशन गरी ४०९ उम्मेदवार सिफारिस गरिएको छ । कर्मचारी पदपूर्तिको चापसमेतलाई सम्बोधन हुने गरी वार्षिक पदपूर्ति कार्यतालिका तयार गरी उम्मेदवार छनोट तथा सिफारिस गर्नुपर्दछ।

४. **परामर्श** – आयोगको वार्षिक प्रतिवेदन अनुसार २०७९।८० मा आयोगले प्रदेश सरकारका विभिन्न निकाय तथा प्रदेश भित्रका स्थानीय तहबाट माग भई आएका विषयमा परामर्श उपलब्ध गराएको र उक्त प्रतिवेदन अनुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०८० को दफा १५४ मा अध्यादेश अन्तर्गत बनेको नियमको अधिनमा रही स्थानीय तहले आवश्यक निर्देशिका कार्यविधि वा मापदण्ड बनाउन सक्ने व्यवस्था भए बमोजिम कोशी प्रदेशमा रहेका १३७ स्थानीय तहले आफ्नो मातहतका कर्मचारीहरूको तहवृद्धि तथा बढुवासम्बन्धी कार्यविधि तयार गरी आयोगमा परामर्श माग

गरेकोमा प्रतिवेदन अवधिमा ११६ स्थानीय तहलाई परामर्श सेवा उपलब्ध गराएको छ । आयोगले यो वर्ष १६ स्थानीय तहहरूको तह वृद्धि तथा स्तर वृद्धिसम्बन्धी निर्णय बदर गरिदिएको छ । कानुन बमोजिमको प्रक्रिया पूरा नगरी हुने पदपूर्ति, तह बृद्धि तथा स्तर वृद्धि गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ।

५. **पाठ्यक्रम निर्माण –** आयोगको काम कर्तव्य अधिकारमध्ये उम्मेदवार छनोटको लागि समसामयिक पाठ्यक्रम निर्माण तथा अद्यावधिक गर्नुपर्दछ । आयोगले हालसम्म प्रदेश निजामती सेवातर्फ ३४ र स्थानीय सरकारी सेवातर्फ ३८ गरी कुल ७२ पाठ्यक्रम निर्माण गरेको छ । प्रदेशमा सिर्जना भएका पदहरूको विशेषता र सोका लागि उपलब्ध योग्यतम जनशक्ति आकर्षित हुने पाठ्यक्रम पहिचान गरी निर्माण गर्नुपर्दछ ।

६. **समायोजन ग्रेड -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगतरूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुनेसम्बन्धी व्यवस्था छ । पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको छैन। आयोगले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका ८ कर्मचारीहरूलाई ग्रेड थप गरी रू.७ लाख ८९ हजार खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, तलबी प्रतिवेदन पारित नभएको, समायोजन ग्रेड बढी भुक्तानी गरेको लगायतका व्यहोरा औंल्याइएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु -** आयोगको यो वर्ष रू.९ लाख १३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा फर्स्यौंट भएको छैन । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्यासम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने उद्देश्यले यो कार्यालयको स्थापना भएको हो ।

१. **सरकारी कार्यालय** - कार्यालयको निम्नानुसार रू.१ करोड ५९ लाख ६६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
१५९१०	५२	४	०	१५९६६

२. **बहस, पैरवी र कानूनी राय** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४(१) (क) बमोजिम प्रदेश सरकार वादी वा प्रतिवादी भएको मुद्दामा प्रदेश सरकारकोतर्फबाट उपस्थित भई बहस वा पैरवी गर्ने व्यवस्था छ । कार्यालयको अभिलेख अनुसार प्रदेश सरकारका विरुद्ध विभिन्न निकायलाई विपक्ष बनाइ १५२ मुद्दा दायर भएकोमा कार्यालयकोतर्फबाट वहस पैरवी भई ४५ मुद्दा फैसला भएको र १०७ मुद्दा फर्स्यौंट गर्न बाँकी रहेको छ ।

३. **कारागारको अनुगमन** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाको सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४ (ङ) मा अनुगमनसम्बन्धी व्यवस्था छ । यो वर्ष मुख्य न्यायाधिवक्ताको कार्यालयबाट कारागारमा रहेका कैदी बन्दीहरू उपर मानवोचित व्यावहार भए नभएको, आफन्त र कानुन व्यवसायीसँग भेटघाट भए नभएको जानकारी लिने र कार्यालयको भौतिक अवस्था अनुगमन गरी त्यसबाट देखिएका समस्या समाधानको लागि सम्बन्धित निकायमा पहल गर्ने उद्देश्यले सुनसरीको झुम्का, संखुवासभा, इलाम र पाँचथर जिल्लास्थित कारागार कार्यालयको अनुगमन गर्दा क्षमताभन्दा बढी कैदी वन्दी रहेको देखिएको हुँदा तत्काल कारागारको स्तरोन्नती गर्नुपर्ने, कारागार सुरक्षा कर्मी थप गर्नुपर्ने, दरबन्दी अनुसार स्वास्थ्यकर्मीको पदपूर्ति हुनुपर्ने विषयमा सुधार पहल गर्नुपर्नेलगायत व्यहोरा अनुगमन प्रतिवेदनमा उल्लेख गरिएकोमा सुधार भएको देखिएन ।

४. **वार्षिक प्रतिवेदन** - मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका सर्तसम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम मुख्य न्यायाधिवक्ताले मुख्य न्यायाधिवक्ताको कार्यालय र मातहत अन्य न्यायाधिवक्ताको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र तोकिएको ढाँचामा प्रदेश प्रमुख समक्ष पठाउनु पर्ने व्यवस्था रहेकोमा २०८० पौषसम्म आर्थिक वर्ष २०७९।८० को वार्षिक प्रतिवेदन पेश गरेको छैन । तोकिएको समयमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा ऐनमा तोकिएको समयमा वार्षिक प्रतिवेदन पेश नभएको, आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, तलबी प्रतिवेदन पारित नभएको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, कारागार निरीक्षण गरी प्राप्त प्रतिवेदनका सुझाब कार्यान्वयनको अनुगमन नगरेको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - कार्यालयको यो वर्ष रू.१ लाख ५० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा फर्स्यौंट भएको छैन । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवम् अनुसूची-९ मा भएको साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानून निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवम् परिचालन गरी स्थानीय तहमा सेवा प्रवाह भइरहेको छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधान बमोजिम कानून निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानूनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधीनमा रही गाउँपालिका वा नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। संघ वा प्रदेशले संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानून बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - कोशी प्रदेशमा १३७ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि १५ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको संख्या, सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा १ महानगरपालिका, २ उप-महानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका रहेका छन्।

४. **कानून निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ५२ नमूना कानून उपलब्ध गराएको देखिन्छ। स्रोत सङ्कलन विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानून स्थानीय तहले बनाएका छैनन्। आवश्यकता

अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानून निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने व्यहोरा गत वर्ष औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको आर्थिक कार्यविधिलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकुल हुने गरी आर्थिक कार्यविधिसम्बन्धी कानून बनाउन बाँकी रहेको छ। आर्थिक कारोवार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानून बनाई लागू गर्नुपर्दछ।

६. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका १३६ स्थानीय तहको देहाय अनुसार गत वर्षको जिम्मेवारी रु १४ अर्ब ६७ लाख र यो वर्षको आय रू.९८ अर्ब २२ करोड ६४ लाख मध्ये रू १ खर्ब १ अर्ब ८५ करोड ५३ लाख खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रू.५३ अर्ब ३१ करोड ९३ लाख, पुँजीगत खर्च रू.२८ अर्ब ६७ करोड २३ लाख र वित्तीय तथा अन्य खर्च रू.१९ अर्ब ८६ करोड ३७ लाख गरी रू.१० अर्ब ३७ करोड ७८ लाख आगामी वर्षको लागि जिम्मेवारी सरेको छ।

(रकम रू. लाखमा)

क्र. सं.	विवरण	संख्या	सुरु मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बांडफांड	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तिय खर्च	कुल खर्च	मौज्दात बाँकी	बेरुजू
१	महानगरपालिका	१	६९९३	१४०३९	९२८	४०४४	६३२०	८०३८	३३३६९	१५८६३	११४१५	८२८५	३५५६३	४७९९	७१२
२	उप महानगरपालिका	२	५३०३	२३७७२	१२५९	५९८३	५०६६	७१६४	४३२४४	१८३४२	१२९७३	१४३८८	४५७०३	२८४४	२५०७
३	नगरपालिका	४५	५७१८७	२४१२३१	१९९१८	५१९०९	१९७५८	९३५९०	४२६४०६	२२१५५०	१२११४१	९६९९५	४३९६८६	४३९०७	२१६३१
४	गाउँपालिका	८८	७०५८४	२९९०१९	२७९३७	६५०२३	१०३७५	७६८९१	४७९२४५	२७७४३८	१४११९४	७८९६९	४९७६०१	५२२२८	२५९४८
	जम्मा	१३६	१४००६७	५७८०६१	५००४२	१२६९५९	४१५१९	१८५६८३	९८२२६४	५३३१९३	२८६७२३	१९८६३७	१०१८५३	१०३७७८	५०७९८

उपरोक्त संघीय र प्रदेश अनुदान रकममा अन्तर सरकारी अख्तियारीको रकमसमेत समावेश छ। यससम्बन्धी विवरण अनुसूची-१४ मा संलग्न छ ।

द्रष्टव्यः प्रदेश अन्तर्गत् झापा जिल्लाको मेचीनगर पालिकाले आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण नगराएकोले बक्यौता रहन गएको छ ।

७. **वित्तीय हस्तान्तरण** - महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष संघीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ ।

(रकम रू. हजारमा)

क्र सं	अनुदानको किसिम	स्वीकृत बजेट रु			यथार्थ हस्तान्तरण रु		
		संघ	प्रदेश	जम्मा	संघ	प्रदेश	जम्मा
१	समानीकरण	१८३५३६००	१००००००	१९३५३६००	१७००८७४४	८७५४७२	१७८८४२१६
२	ससर्त	३९१८९९२३	१७८६१००	४०९७६०२३	३८३५९३०३	१५७६३२७	४०२३५७००
३	विशेष	१३८४३००	-	१३८४३००	१२६३२९३	-	१२६३२९३
४	समपूरक	१४०१३००	१३६००००	२७६१३००	१२८९९१७	१०९५१२३	२३८५०४०
	जम्मा	६०३२९१२३	४१४६१००	६४४७५२२३	५८२२१३२७	३५४६९२२	६१७६८२४९

स्थानीय तहका लागि स्वीकृत वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ९६.५१ प्रतिशत तथा प्रदेश सरकारबाट ८५.५५ प्रतिशत हस्तान्तरण भएको छ।

८. **आन्तरिक स्रोत** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ।यो वर्ष लेखापरीक्षण भएका १३६

स्थानीय तहको २०७९।८० को कुल आन्तरिक आय रू.४ अर्ब १५ करोड १९ लाख रहेको छ। स्थानीय तहको आन्तरिक आयले चालु खर्च समेत धान्न नसकेको अवस्था छ। स्थानीय तहको राजश्व क्षमता बढाई आन्तरिक आयमा बृद्धि गर्नु पर्दछ।

९. **खर्च व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा बजेट पेश र पारित तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ। कोशी प्रदेशमा रहेका १३६ स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च रू.५३ अर्ब ३१ करोड ९३ लाख (५२.३४ प्रतिशत), पुँजीगत खर्च रू.२८ अर्ब ६७ करोड २३ लाख (२८.१५ प्रतिशत) र वित्तीय तथा अन्य खर्च रू.१९ अर्ब ८६ करोड ३७ लाख (१९.५१ प्रतिशत) खर्च भएको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजश्व र राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व तथा व्ययको अनुमान पेस गर्नु पर्ने प्रावधानको पालना हुन सकेको छैन।

१०. **प्रदेश र स्थानीय सरकार बीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। सबै प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने, सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

११. **लेखापरीक्षणमा बेरुजु अङ्क -** यो वर्ष १३६ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ९५३० दफा र लगति १४८२९ दफाबाट रु ६ अर्ब ४५ लाख ५० हजार बेरुजु औंल्याइएकोमा स्थानीय तहहरुबाट प्राप्त प्रतिकृयाबाट रु ९६ करोड ९३ लाख ९७ हजार बेरुजु फर्स्यौट भई प्रतिक्रियाबाट थप भएको रू.३ करोड ६६ लाख ८५ हजारसमेत रु ५ अर्ब ७ करोड ९८ लाख ३७ हजार बेरुजु बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ।

(रकम रू. हजारमा)

वर्गीकरण	बेरुजु अङ्क रु	कुल बेरुजूको प्रतिशत
१. असुल गर्नुपर्ने	**६२००३१**	**१२.२१**
२. नियमित गर्नुपर्ने	**४२००८३५**	**८२.६९**
२.१ अनियमित भएको	२१६१९६३	५१.४७
२.२ प्रमाण कागज पेस नभएको	२०३६१५६	४८.४७
२.३ शोधभर्ना नलिएको	२७१६	०.०६
३. पेस्की	**२५८९७२**	**५.१**
जम्मा बेरुजू	**५०७९८३८**	**१००**

द्रष्टव्यः १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

लेखापरीक्षण भएका स्थानीय तहमध्ये स्थानीय तहको किसिम अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्न रहेको छ।

(रकम रू. हजारमा)

क सं	स्थानीय तह	स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेस्कीसमेत बेरुजू	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	महानगरपालिका	१	६८९३१६३	७११५२	५६०८	१.०३	०.९५
२	उप-महानगरपालिका	२	८८९४४७०	२५०७३६	७३११	२.८२	२.७४
३	नगरपालिका	४५	८६६०९२२६	२१६३११२	१२१२७३	२.५०	२.३६
४	गाउँपालिका	८८	९७६८४५६३	२५९४८३८	१२४७८०	२.६६	२.५३
जम्मा		**१३६**	**२०००८१४२२**	**५०७९८३८**	**२५८९७२**	**२.५४**	**२.४१**

१२. **लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा देहाय अनुसार छन् :

- **कानुन निर्माण तथा परिपालना** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमूना कानुन अनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरुपता नरहेको, कानुनको परिपालना नभएको लगायत व्यहोरा देखिएका छन् ।

- **वित्तीय विवरण तथा लेखापरीक्षण** - तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, एकीकृत वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारमहरु प्रयोगमा नल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरु स्थानीय सञ्चित कोष प्रणाली (सुत्र) बाट नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौंट गरी समयमा सम्परीक्षण नगराएको स्थिति देखिएको छ ।

- **सङ्गठन संरचना तथा मानव संशाधन** - कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति नगरेको, दक्ष र तालिमप्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको, कार्यसम्पादन सूचक बेगर अतिरिक्त तथा थप प्रोत्साहन भत्ता खर्च लेखेको, एकमुष्टरुपमा कर्मचारी कल्याणकोषमा रकम ट्रान्फर गरेको, पदाधिकारी तथा कर्मचारीलाई कानुनमा व्यवस्था नभएका बिभिन्न सुविधा प्रदान गरेको लगायत व्यहोरा देखिएका छन् ।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम** - केही स्थानीय तहमा तोकिएको समयमा बजेट पेस नभएको, बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, राजश्व तथा व्ययको अनुमान यथार्थपरक नभएको, बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, सीमाभन्दा बढी रकमान्तर गरेको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ ।

- **आन्तरिक आय** - लक्ष्य अनुसार सम्पत्ति कर, बहाल कर लगायतका राजश्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी रकम असुल नगरेको, असुल भएको राजश्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवम् सम्झौता अनुसारको रकम असुल नगरेको, प्रदेश कानुन अनुसार राजश्व बाँडफाँट नगरेको लगायत व्यहोरा देखिएका छन् ।

- **खरिद व्यवस्थापन** - आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेश भएका प्रतिवेदनहरु स्वीकृत गरी कार्यान्वयन नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, तोकिएको सीमाभन्दा बढी लागत अनुमान भएका कार्य उपभोक्ता समितिबाट गराएको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, मालसामान खरिदमा ओभरहेड भुक्तानी गरेको, भेरिएसन स्वीकृत नगराई खरिद सम्झौतामा उल्लेख भएको भन्दा बढी परिमाणमा भुक्तानी गरेको, सुत्र एवम् सूचकाङ्क फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतका व्यहोरा देखिएका छन् ।

- **खर्च व्यवस्थापन** – आन्तरिक आयको विश्लेषण नगरी सुविधा एवम् भत्ता वितरण र बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेस्की रकम म्याद भित्र फर्स्यौट नगरेको, विद्यालयका शिक्षकहरुको पारिश्रमिक तथा अन्य रकमहरु बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर आर्थिक सहायता वितरण गरेको, वितरणमुखी तथा अनुत्पादक खर्च गरेको, अनुदान वितरणको मापदण्ड नबनाएको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, खर्च नभई बाँकी रहेको अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत व्यहोरा देखिएका छन् ।

- **अभिलेख तथा अनुगमन** - स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फर्स्यौट हुन बाँकी पेस्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ । लक्षितवर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।

  स्थानीय तहले स्रोत र साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवम् जवाफदेहिताको पालना सम्बन्धमा देखिएका व्यहोराहरु सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ ।

१३. **बेरुजु फर्स्यौट तथा सम्परीक्षण** - कोशी प्रदेशका १३७ स्थानीय तहको गत वर्षसम्मको कुल बेरुजू रू. २३ अर्ब ७९ करोड ६२ लाख ४८ हजार रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रू.२ अर्ब २३ करोड ८७ लाख ८९ हजार फर्स्यौट भई रू.२१ अर्ब ५५ करोड ७४ लाख ५९ हजार बाँकी रहेकोमा यस वर्ष १३६ स्थानीय तहको लेखापरीक्षणबाट थप भएको रू.५ अर्ब ७ करोड ९८ लाख ३८ हजार समेत रु.२६ अर्ब ६३ करोड ७२ लाख ९७ हजार बेरुजु बाँकी रहेको छ।

१३.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानून निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजू असुल फर्स्यौंट एवम् नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ।

१३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ। स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजू फर्स्यौंटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानूनी व्यवस्था गरी बेरुजू फर्स्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

१४. **लेखापरीक्षण वक्यौता -** मेचीनगर नगरपालिकाले यस वर्षको लेखापरीक्षणको लागि स्रेस्ता पेश नभएको कारण लेखापरीक्षण हुन सकेको छैन ।

परिच्छेद

8



लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३८ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्था अनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ ।

१. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेश गर्ने व्यवस्था छ । महालेखापरीक्षकले गत वर्षसम्म प्रदेशका ५ वटा प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरेको भएतापनि प्रदेश सभाको सार्वजनिक लेखा समितिमा दफाबार छलफल भएको देखिएन । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सार्वजनिक लेखा समितिमा यथासक्य छिटो छलफल गराई टुंग्याउनुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ १८० कार्यालयको लेखापरीक्षण भएकोमा १५५ कार्यालयको सैद्धान्तिक दफा १ हजार ६५७ र लगती दफा १ हजार ५९६ बाट रू.१ अर्ब ४४ करोड ५ लाख ४६ हजार बेरुजु देखिएकोमा ३४ कार्यालयको प्रमाण तथा प्रतिक्रिया पेश भई सैद्धान्तिक दफा ५ र लगती दफा १४८ को रू.२१ करोड ३२ लाख ६ हजार फर्स्यौंट भई प्रतिक्रियाबाट रू.१७ लाख ४२ हजार थपसमेत यो वर्षको रू.१ अर्ब २२ करोड ९० लाख ८२ हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १८ निकायको सैद्धान्तिक दफा २२४ र लगती दफा ३४९ बाट रू.९ करोड ६१ लाख २० हजार बेरुजु देखिएकोमा ७ निकायको लगती दफा ४४ को रू.१ करोड १५ लाख ४७ हजार बेरुजु प्रतिक्रियाबाट फर्स्यौंट भई प्रतिक्रियाबाट रू.३९ लाख ५५ हजार थपसमेत यो वर्षको रू.८ करोड ८५ लाख २८ हजार बाँकी रहेको छ । कानुन बमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ ।

३. **सम्परीक्षण** - गत वर्ष प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको रू.४ अर्ब ९६ करोड ३३ लाख ९४ हजार बेरुजु रहेकोमा रू.७० करोड ५ लाख ९७ हजार सम्परीक्षण भई रू.४ अर्ब २६ करोड २७ लाख ९७ हजार बेरुजु बाँकी रहेको छ ।

४. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिद लगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न प्रदेशले आवश्यक नीति तथा कानुन तर्जुमा गरी सो अनुसार संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन तथा परिचालन लगायतका कार्यहरू गर्नुपर्दछ । प्रदेश सरकारको कार्य सञ्चालनमा आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

नीतिगत तथा कानुनी व्यवस्था

१. **नीति निर्माण-** प्रदेश सरकारको कार्य जिम्मेवारी पूरा गर्न विभिन्न मन्त्रालय तथा निकायसँग सम्बन्धित दीर्घकालीन तथा अल्पकालीन नीति निर्माण र सो को कार्यान्वयनको लागि वित्तीय एवम् अन्य स्रोत साधन व्यवस्थापन गरी अनुगमनसमेत गर्नुपर्दछ ।

२. **कानुन तर्जुमा -** प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका प्रदेशको एकल तथा साझा अधिकार सूची अनुसारका आवश्यक सबै कानुन तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

३. **कानुन कार्यान्वयन -** प्रचलित कानुनको पालना मार्फत आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता एवम् कार्यान्वयन पारदर्शिता कायम गर्नुपर्दछ । कर्मचारी एवम् पदाधिकारीलाई कानुन पालना गर्न सजग र जिम्मेवार बनाउनुपर्दछ ।

४. **सेवा/सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन अनुसार तोकिएका सेवा/सुविधा मात्र प्रदान गर्ने विषयलाई कडाइका साथ पालना गर्नुपर्दछ । कानुनमा व्यवस्था नगरी पदाधिकारी तथा कर्मचारीलाई सुविधा प्रदान गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

संगठन तथा मानव संसाधन व्यवस्थापन

५. **संरचना हेरफेर -** प्रदेश मन्त्रालयहरूको संख्या तथा संरचना पटक पटक थपघट हुँदा कार्य जिम्मेवारीमासमेत हेरफेर भएको छ । जसका कारण प्रशासनिक खर्च बढ्नुका साथै जनशक्ति एवम् भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाई हुने तथा जिम्मेवारी र जवाफदेहिता कमजोर हुने लगायतका समस्या देखिएकोले यसमा सुधार हुनुपर्दछ।

६. **मानव संशाधन व्यवस्थापन -** प्रदेश तहमा यथासमयमा दरबन्दी बमोजिम जनशक्तिको पदपूर्ति हुन नसकेकोले विषयगत र विकास निर्माण लगायतका कार्यसम्पादन गर्न दक्ष प्राविधिक जनशक्ति कमी रहेको छ । तसर्थ दरबन्दी अनुसार पदपूर्ति गरी सेवा प्रवाह तथा कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

७. **संगठन संरचना** – संघीय तथा स्थानीय तहबाट सम्पादन हुने कार्यका लागिसमेत प्रदेश छुट्टै कार्यालय स्थापना गरेका कारण संगठन संरचनामा दोहोरोपना देखिएको छ । संघ, प्रदेश र स्थानीय तहबीच काममा दोहोरोपना नहुने गरी संगठन संरचना निर्माण गर्नुपर्दछ । संगठन संरचना चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

८. **सेवा प्रवाह सार्वजनिक** - सेवा प्रवाह मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न टोकन प्रणाली, विद्युतीय व्यवस्थापन प्रणाली, एकद्वार सेवा तथा हेल्पडेस्क व्यवस्थापन लगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ । सार्वजनिक तथा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

संघीयता कार्यान्वयन

९. **अन्तरतह समन्वय** – नेपालको संविधानको धारा २३५ मा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न संघीय संसद्ले आवश्यक कानुन बनाउने व्यवस्था छ । विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ अनुसार संघ, प्रदेश तथा स्थानीय तहबीच आयोजना तथा कार्यक्रम विभाजन गरी कार्यान्वयन गर्नुपर्दछ । कार्यक्रम सञ्चालन गर्दा संघ, प्रदेश र स्थानीय तहबीच दोहोरो पर्ने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकरण गर्नुपर्दछ ।

१०. **प्रदेश समन्वय परिषद्** – प्रदेश तथा स्थानीय तहले गर्ने काम, कारबाहीमा नीतिगत सामञ्जस्यता, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोतसाधनको बाँडफाँट सम्बन्धमा समन्वय गर्न प्रदेश समन्वय परिषद्ले प्रभावकारी भूमिका निभाउनुपर्दछ ।

बजेट व्यवस्थापन

११. **बजेट तर्जुमा** - क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, सरोकारवालाको अपेक्षा तथा जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयनयोग्य बजेट तर्जुमा गर्नुपर्दछ ।

१२. **बजेट अनुशासन** - पूर्व अनुमान गर्न सकिने प्रयोजनका लागिसमेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने परिपाटीबाट वित्तीय अनुशासन कमजोर हुने र वर्षान्तमा भएका विकास निर्माण कार्यको गुणस्तरमासमेत समस्या आउन सक्ने हुँदा यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ।

१३. **विनियोजन दक्षता** - बजेट अनुसार खर्च हुन नसकेका कारण मन्त्रालयहरूको विनियोजन दक्षता सन्तोषजनक देखिदैन । क्षमता विश्लेषण गरी बजेट विनियोजन तथा कार्ययोजना अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१४. **अनुदान उपयोग** - उद्यमशीलता तथा क्षमता विकास, व्यवसायीकरण, आधुनिकीकरण, रोजगारी प्रवर्धन लगायतका आधारमा अनुदान प्रदान गर्नुपर्दछ । उत्पादन र उत्पादकत्व वृद्धि हुनेगरी

नतिजामूलक क्षेत्रमा अनुदान दिने व्यवस्था गरिनुपर्दछ । अनुदान वितरणको मापदण्ड बनाई वितरित अनुदानको परीपालन बारे अनुगमन गर्नुपर्दछ । अनुदानबाट आम नागरिकले प्राप्त गर्ने सुविधा सुनिश्चित गरिनुपर्दछ ।

१५. **चालु खर्च नियन्त्रण** - प्रदेश सरकारको चालु खर्च वर्षेनी बढ्दै गएको देखिन्छ । छरितो सङ्गठन संरचना र कार्य प्रणाली तर्जुमा गरी चालु खर्चलाई वाञ्छित सीमाभित्र राखिनुपर्दछ ।

१६. **आन्तरिक नियन्त्रण** - प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, दक्षतापूर्वक र प्रभावकारी ढंगबाट सम्पादन गर्न कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

आयोजना तथा कार्यक्रम व्यवस्थापन

१७. **आयोजना व्यवस्थापन** - प्रदेशले निश्चित सूचक र मापदण्डको आधारमा आयोजनाको प्राथमिकीकरण तथा छनोट गर्नुपर्दछ । दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बजेट बीच सम्बन्ध हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । आयोजना बैङ्क तयार गरी सो भन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था गरिनुपर्दछ ।

१८. **परामर्श सेवा तथा प्रतिवेदन कार्यान्वयन** – संगठनको जनशक्तिबाट गर्न सकिने कार्य बाह्य परामर्शदाताबाट गराउने प्रवृत्तिमा सुधार हुनुपर्दछ । सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी वार्षिक कार्यक्रम र बजेटसंग आबद्ध गर्नुपर्दछ ।

खरिद व्यवस्थापन

१९. **नर्म्स** - निर्माण कार्य एवम् परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तन अनुसार अद्यावधिक गर्नुपर्दछ । साथै स्वीकृत नर्म्सको पालना गरी खर्च गर्नुपर्दछ।

२०. **खरिद सम्झौता कार्यान्वयन** - खरिद कार्यको प्रारम्भिक चरणमा गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन, अन्तरनिकाय समन्वय लगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद गर्नुपर्दछ। सम्झौता अनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, समयमा कार्य सम्पन्न नगरेकोमा क्षतिपूर्ति लिने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्न अनुगमनलाई प्रभावकारी बनाउने लगायतका कार्य गरी खरिद कार्य व्यवस्थित गर्नुपर्दछ ।

२१. **प्रतिस्पर्धा** - सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा पारी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणाली अवलम्बन गर्नुपर्दछ।

२२. **उपभोक्ता समिति परिचालन-** सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्रापारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराउने र

बोलपत्र प्रतिस्पर्धा गर्नुपर्ने कार्यसमेत उपभोक्ता समितिबाट गरे, गराएको देखिँदा यस्तो परिपाटी नियन्त्रण गरिनुपर्दछ ।

२३. **गुणस्तर परीक्षण** - सार्वजनिक निर्माण कार्य दिगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजना अनुसार निर्माणमा प्रयोग हुने सामग्री र सम्पन्न निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने व्यवस्था अनिवार्य गर्नुपर्दछ । सम्पन्न आयोजनाको प्रभावसमेत मूल्याङ्कन गर्नुपर्दछ ।

भौतिक पूर्वाधार विकास

२४. **पूर्वाधार विकास** - प्रदेश मातहतका सबै जिल्लामा सडक, सिँचाइ, खानेपानी, पर्यटन, दूरसञ्चार, विद्युत, विद्यालय, स्वास्थ्य लगायतका पूर्वाधारको विकास हुनेगरी स्रोत व्यवस्थापन गर्नुपर्दछ । त्यसैगरी प्रदेश राजधानी रहने स्थानमा भवनसहितका पूर्वाधार संरचनाको विकास गर्नुपर्दछ ।

२५. **जोखिम न्यूनीकरण** - विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आकलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवम् पुनर्निर्माण र समन्यायीकरणको अवस्था निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्दछ । सोका लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

सार्वजनिक स्रोत र सम्पत्ति संरक्षण

२६. **सम्पत्ति व्यवस्थापन** - संघबाट प्रदेश तथा स्थानीय तहमा प्राप्त जिन्सी सामान, सवारी साधन, भवन लगायत हस्तान्तरण भएका सम्पत्ति तथा विद्यमान अन्य सम्पत्तिको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्नुपर्दछ। त्यसैगरी ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा लगायत अन्य सार्वजनिक जग्गा, भवन लगायतको सम्पत्तिको उचित अभिलेख राखी उपयोग र संरक्षण गर्नुपर्दछ ।

राजस्व परिचालन

२७. **आन्तरिक राजस्व** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क लगायतका क्षेत्रमा अध्ययन गरी राजस्वको दायरामा बढोत्तरी गर्नुपर्दछ। कानुनमा व्यवस्था नगरी कर तथा शुल्कमा छुट दिने कार्य नियन्त्रण गर्नुपर्दछ ।

२८. **विभाज्य कोष** - संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत सङ्कलन भएको सबै राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी समयमै बाँडफाँट गर्नुपर्दछ ।

वित्तीय प्रशासन तथा आर्थिक अनुशासन

२९. **आन्तरिक लेखापरीक्षण** – आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न पेशागत कार्यात्मक स्वतन्त्रता र सक्षमता अभिवृद्धि गर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै सुधार गर्ने गरी निकायहरूले भूमिका खेल्नुपर्दछ ।

३०. **आचारसंहिता पालना** – सार्वजनिक जवाफदेहिताको पदमा बहाल पदाधिकारीका लागि प्रचलित कानुनमा उल्लेख भएका आचरणगत व्यवस्था कडाइका साथ परिपालना एवम् सोको अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक पदाधिकारी वित्तीय, पारिवारिक तथा व्यवसाय लगायतका स्वार्थ बाझिने क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था गर्नुपर्दछ ।

३१. **प्रतिवेदन कार्यान्वयन** - आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदन र अन्य नियमनकारी निकायबाट पेश भएका प्रतिवेदनमा औंल्याइएका व्यहोराको सम्बन्धमा सयममा कारबाही टुङ्गो लगाई आर्थिक अनुशासन कायम गर्नु, गराउनु पर्दछ ।

३२. **अनुगमन र मूल्याङ्कन** - प्रदेशको वित्तीय प्रशासन र आर्थिक अनुशासन सबल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ ।

उपर्युक्त अनुसारका नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट सार्वजनिक जवाफदेहिता, आर्थिक सुशासन तथा पारदर्शिता प्रवर्धन भई सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ ।



अनुसूचीहरू

अनुसूचीहरू

अनुसूची -१

(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण

२०७९।८०

(रकम रू. हजारमा)

क्र.सं.	मन्त्रालय र निकायको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालयको संख्या	बेरुजू रकम
१	प्रदेश सभा सचिवालय, कोशी प्रदेश	१	१	९२८
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश	३	३	४१६१०
३	आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश	९	९	२१८५७
४	आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश	१५	४	१३४०
५	सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश	१०	१०	१६००४
६	स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश	४८	३९	१३३१२१
७	भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश	१४	१४	७५३३९१
८	खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, कोशी प्रदेश	२५	२५	२६२७५२
९	पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश	२४	२४	६४०४१
१०	उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश	४६	३९	२१२६५
११	प्रदेश लोक सेवा आयोग	१	१	९१३
१२	मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश	१	१	१५०
१३	प्रदेश योजना आयोग, कोशी प्रदेश	१	१	२३८
	जम्मा	**१९८**	**१७१**	**१३१७६१०**

अनुसूची १(क)
(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण
२०७९।८०

सि.नं.	लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण	संख्या
१.	**प्रदेश सभा सचिवालय**	**१**
२.	**मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय**	**१**
३.	**आन्तरिक मामिला तथा कानून मन्त्रालय**	**९**
३.१	मन्त्रालय	१
३.२	यातायात व्यवस्था कार्यालयहरु	७
३.३	यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र कोशी	१
४.	**आर्थिक मामिला तथा योजना मन्त्रालय**	**१५**
४.१	मन्त्रालय	१
४.२	प्रदेश लेखा नियन्त्रक कार्यालय	१
४.३	प्रदेश लेखा इकाई	१३
५.	**सामाजिक विकास मन्त्रालय**	**८**
५.१	मन्त्रालय	१
५.२	शिक्षा विकास निर्देशनालय	१
५.३	शिक्षा तालिम केन्द्र	१
५.४	प्रदेश संग्राहलय	१
५.५	निजामती आवास विद्यालय	१
५.६	रोजगार सूचना केन्द्र	१
५.७	व्यवसायिक तथा सीप विकास तालिम केन्द्रहरु	२
६.	**स्वास्थ्य मन्त्रालय**	**३४**
६.१	मन्त्रालय	१
६.२	स्वास्थ्य निर्देशनालय	१
६.३	प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र	१
६.४	प्रदेश स्वास्थ्य तालिम केन्द्र	१
६.५	प्रदेश जनस्वास्थ्य प्रयोगशाला	१
६.६	स्वास्थ्य कार्यालयहरु	१४
६.७	जिल्ला आयुर्वेद कार्यालयहरु	११
६.८	अञ्चल आयुर्वेद औषधालयहरु	३
६.९	प्रादेशिक आयुर्वेदिक अस्पताल, लखनपुर, झापा	१
७.	**भौतिक पूर्वाधार विकास मन्त्रालय**	**१४**
७.१	मन्त्रालय	१
७.२	यातायात पूर्वाधार निर्देशनालय	१
७.३	पूर्वाधार विकास कार्यालयहरु	७
७.४	शहरी विकास तथा भवन कार्यालयहरु	४
७.५	ग्रामीण सडक सञ्जाल सुधार आयोजना,आयोजना कार्यान्वयन ईकाई, विराटनगर	१
८.	**खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालय**	**२५**
८.१	मन्त्रालय	१
८.२	खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरु	७
८.३	जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु	१४
८.४	भूमिगत जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय	१
८.५	चन्दा मोहना सिँचाइ व्यवस्थापन कार्यालय	१

अनुसूचीहरू

सि.नं.	लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण	संख्या
८.६	कंकाइ सिँचाइ व्यवस्थापन कार्यालय	१
९.	**पर्यटन, वन तथा वातावरण मन्त्रालय**	**२४**
९.१	मन्त्रालय	१
९.२	प्रदेश वन निर्देशनालय	१
९.३	डिभिजन वन कार्यालयहरु	१५
९.४	भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु	२
९.५	वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र	१
९.६	जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई	१
९.७	पर्यटन कार्यालयहरु	२
९.८	पर्यटन विकास आयोजना	१
१०.	**उद्योग, कृषि तथा सहकारी मन्त्रालय, विराटनगर**	**४६**
१०.१	मन्त्रालय	१
१०.२	कृषि विकास निर्देशनालय	१
१०.३	पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालय	१
१०.४	उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय	१
१०.५	कृषि ज्ञान केन्द्र	१४
१०.६	भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरु	८
१०.७	घरेलु तथा साना उद्योग कार्यालय तथा समिति	१४
१०.८	पशुसेवा तालिम केन्द्र	१
१०.९	कृषि व्वयवसाय प्रवर्धन तथा तालिम केन्द्र	१
१०.१०	बाली संरक्षण प्रयोगशाला	१
१०.११	प्रदेश सहकारी रजिष्टार तथा सहकारी प्रशिक्षण कार्यालय	१
१०.११	माटो तथा मल परीक्षण केन्द्र	१
१०.१२	बिउ बिजन प्रयोगशाला	१
११.	**प्रदेश लोकसेवा आयोग**	**१**
१२.	**मुख्य न्यायाधिवक्ताको कार्यालय**	**१**
१३.	**प्रदेश योजना आयोग**	**१**
	जम्मा	**१८०**

अनुसूची १(ख)

(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको विवरण

२०७९।८०

क्र.सं.	लेखापरीक्षण गरिएका समिति तथा संस्था	संख्या
१	मेची अस्पताल, झापा	१
२	जिल्ला अस्पताल, सोलुखुम्बु	१
३	जिल्ला अस्पताल भोजपुर	१
४	जिल्ला अस्पताल पाँचथर	१
५	जिल्ला अस्पताल, धनकुटा	१
६	जिल्ला अस्पताल ताप्लेजुङ	१
७	जिल्ला अस्पताल, खोटाङ	१
८	जिल्ला अस्पताल, ओखलढुंगा	१
९	जिल्ला अस्पताल उदयपुर	१
१०	इलाम अस्पताल, इलाम	१
११	जिल्ला अस्पताल, सुनसरी	१
१२	जिल्ला अस्पताल, संखुवासभा	१
१३	जिल्ला अस्पताल, तेह्रथुम	१
१४	मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, विराटनगर	१
१५	प्रदेश खेलकुद विकास बोर्ड, विराटनगर	१
१६	मनमोहन प्राविधिक विश्वविद्यालय	१
१७	प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी, झापा	१
१८	प्रदेश लगानी प्राधिकरण, मोरङ	१
कुल जम्मा		**१८**

अनुसूची २
(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयहरुको लेखापरीक्षण रकम
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७९।८०

(रकम रू. हजारमा)

क्र. सं.	मन्त्रालय/निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
१	प्रदेश सभा सचिवालय	१	१६९८७६	१	१६९८७६	१	४५४	१	४५४	१	२१४६	१	२१४६	०	०	०	०	१७२४७६
२	प्रदेश लोक सेवा आयोग	१	७७०९७	१	७७०९७	१	८०३३८	१	८०३३८	१	८२६	१	८२६	०	०	०	०	१५८२६१
३	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१५९१०	१	१५९१०	०	५२	०	५२	१	४	१	४	०	०	०	०	१५९६६
४	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	२५६३७७	१	२५६३७७	१	३६६	१	३६६	१	३१६८	१	३१६८	१	२१८५५३	१	२१८५५३	४७८४६४
५	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	९	७४२२८६	९	७४२२८६	९	६८२४३२	९	६८२४३२	६	३२५६७	६	३२५६७	१	१११८९	१	१११८९	१४६८४७४
६	आर्थिक मामिला तथा योजना मन्त्रालय	१५	१६०२२२४	१५	१६०२२२४	८	११९१८८८४	८	११९१८८८४	१२	१४२९५	१२	१४२९५	१०	८५०७९	१०	८५०७९	१३६२०४८२
७	सामाजिक विकास मन्त्रालय	८	१३२९३४७	८	१३२९३४७	७	७२४४	७	७२४४	५	५२६१	५	५२६१	१	७५२०	१	७५२०	१३४९३७२
८	स्वास्थ्य मन्त्रालय	३४	२४३८८८९	३४	२४३८८८९	२६	१०४९८	२६	१०४९८	३०	६७४०१	३०	६७४०१	२६	८१४९८१	२६	८१४९८१	३३३१७६९
९	भौतिक पूर्वाधार विकास मन्त्रालय	१४	१०७४९६३०	१४	१०७४९६३०	१३	७८५८५	१३	७८५८५	१३	१४१९०२९	१३	१४१९०२९	८	३३००७७	८	३३००७७	१२५७७३२१
१०	खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालय	२५	५५४२१४६	२५	५५४२१४६	२५	१७३६१	२५	१७३६१	२५	७२५९३०	२५	७२५९३०	६	४८९३	६	४८९३	६२९०३३०
११	पर्यटन, वन तथा वातावरण मन्त्रालय	२४	२३०८३५२	२४	२३०८३५२	२२	८४०१४	२२	८४०१४	२१	१७८०४३	२१	१७८०४३	१५	२४९३६२	१५	२४९३६२	२८१९७७१
१२	उद्योग, कृषि तथा सहकारी मन्त्रालय	४६	१९५५५३०	४६	१९५५५३०	४६	८६३००	४६	८६३००	३८	३३७०१	३८	३३७०१	७	१५७१	७	१५७१	२०७७१०२
१३	प्रदेश योजना आयोग	१	२३१९६	१	२३१९६	१	१९५	१	१९५	०	०	०	०	०	०	०	०	२३३९१
१४	स्थानीय तह (वित्तीय हस्तान्तरण)	०	३५४६९२२	०	३५४६९२२	०	१४	०	१४	०	०	०	०	०	०	०	०	३५४६९३६
	कुल जम्मा	**१८०**	**३०७५७७८२**	**१८०**	**३०७५७७८२**	**१६०**	**१२९६६७३७**	**१६०**	**१२९६६७३७**	**१५४**	**२४८२३७१**	**१५४**	**२४८२३७१**	**७५**	**१७२३२२५**	**७५**	**१७२३२२५**	**४७९३०११५**

द्रष्टव्य:

१. प्रदेशबाट स्थानीय निकायहरुलाई निकासा अनुदान रकम रू.३ अर्ब ५४ करोड ६९ लाख २२ हजार निकासा भएको छ । उक्त रकमको लेखापरीक्षण समेत स्थानीय तहहरूमा गरी उक्त निकायहरुको प्रतिवेदनमा समावेश गरिएको छ ।

२. पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना, कार्यान्वयन इकाई कोशी प्रदेशलाई संघबाट अनुदान प्राप्त भई खर्च भएको रु.१ करोड १ लाख ४४ हजार उल्लेखित लेखापरीक्षण अंकमा समावेश गरिएको छैन ।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कोरोना जनसुरक्षा कोषतर्फको रू.२१ करोड ८५ लाख ५३ हजार अन्य कारोबारमा समावेश छ ।

अनुसूची २(क)

(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण

२०७९।८०

(रकम रू. हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक	
१	मेची अस्पताल, झापा	८७६९१८	८७६९१८		प्रारम्भिक	८७६९१८
२	जिल्ला अस्पताल, सोलुखुम्बु	१०१३६५	१०१३६५		प्रारम्भिक	१०१३६५
३	जिल्ला अस्पताल भोजपुर	१७७९५७	१७७९५७		प्रारम्भिक	१७७९५७
४	जिल्ला अस्पताल पाँचथर	२४७५५५	२४७५५५		प्रारम्भिक	२४७५५५
५	जिल्ला अस्पताल, धनकुटा	२२१०२६	२२१०२६		प्रारम्भिक	२२१०२६
६	जिल्ला अस्पताल ताप्लेजुङ	१३९३९८	१३९३९८		प्रारम्भिक	१३९३९८
७	जिल्ला अस्पताल, खोटाङ	१११३४०	१११३४०		प्रारम्भिक	१११३४०
८	जिल्ला अस्पताल, ओखलढुंगा	८९३९२	८९३९२		प्रारम्भिक	८९३९२
९	जिल्ला अस्पताल उदयपुर	५०४२८७	५०४२८७		प्रारम्भिक	५०४२८७
१०	इलाम अस्पताल, इलाम	२९६१७१	२९६१७१		प्रारम्भिक	२९६१७१
११	जिल्ला अस्पताल, सुनसरी	११३८३१	११३८३१		प्रारम्भिक	११३८३१
१२	जिल्ला अस्पताल, संखुवासभा	३४५४०९	३४५४०९		प्रारम्भिक	३४५४०९
१३	जिल्ला अस्पताल, तेह्रथुम	९९५६७	९९५६७		प्रारम्भिक	९९५६७
१४	मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, विराटनगर	३८६८२१	३८६८२१		प्रारम्भिक	३८६८२१
१५	प्रदेश खेलकुद विकास बोर्ड, विराटनगर	३६७०३१	३६७०३१		प्रारम्भिक	३६७०३१
१६	मनमोहन प्राविधिक विश्वविद्यालय	५७७०३२	५७७०३२		प्रारम्भिक	५७७०३२
१७	प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी, झापा	१७९१०९	१७९१०९		प्रारम्भिक	१७९१०९
१८	प्रदेश लगानी प्राधिकरण, मोरङ	२२८१०	२२८१०		प्रारम्भिक	२२८१०
कुल जम्मा		**४८५७०१९**	**४८५७०१९**			**४८५७०१९**

अनुसूची ३

(प्रतिवेदनको परिच्छेद ३ दफा २७ सँग सम्बन्धित)

सरकारी निकाय /मन्त्रालयको लेखापरीक्षण बक्यौता विवरण

२०७९।८०

(रकम रू. हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	विनियोजन		राजस्व		धरौटी		जम्मा	
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम
	आ.व. २०७६।७७								
१	मेची पहाडी क्षेत्र पर्यटन प्रवर्धन विकास समिति इलाम	१	११४५०	-	-	-	-	१	११४५०
	आ.व. २०७७।७८								
२	प्रदेश स्वास्थ्य तालिम केन्द्र	१	६६४९५	१	९८५	-	-	१	६७४८०
३	प्रदेश प्रहरी कार्यालय विराटनगर	१	२९३८०	१	६५	-	-	१	२९४४५
	आ.व.२०७६/७७								
४	मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर	१	-	-	-	-	-	१	-
	आ.व.२०७७।७८								
५	जिल्ला अस्पताल, ताप्लेजुङ	१	-	-	-	-	-	१	-
६	जिल्ला अस्पताल, पाँचथर	१	-	-	-	-	-	१	-
७	जिल्ला अस्पताल, इलाम	१	-	-	-	-	-	१	-
८	जिल्ला अस्पताल, तेह्रथुम	१	-	-	-	-	-	१	-
९	जिल्ला अस्पताल, खोटाङ्ग	१	-	-	-	-	-	१	-
	जम्मा	**९**	**१०७३२५**	**२**	**१०५०**	-	-	**९**	**१०८३७५**

अनुसूची ४

(प्रतिवेदनको परिच्छेद १ को दफा १.२ सँग सम्बन्धित)

आय-व्यय हिसाब तयार गर्ने समिति र अन्य संस्था
लेखापरीक्षण रकम, बेरुजु र सञ्चालन नतिजा
२०७९।८०

(रकम रू. हजारमा)

क्र.सं.	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको सञ्चालन नतिजा											यो वर्षको बचत	बर्षान्तको मौज्दात
					वर्षको सुरु मौज्दात	आय				व्यय							
						बिक्रीरसेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च			
१	मेची अस्पताल, झापा	२०७९।८०	८७६९१८	८७४	९३२५	२८०५८१	१५७६७६	२८१२	४४१०६९	७८८३८	२७६७१९	७८८३८	१४५४	४३५८४९	५२२०	१४५४५
२	जिल्ला अस्पताल, सोलुखुम्बु	२०७९।८०	१०१३६५	६२८८	५६०७	१३२९१	३६२८८	१८३	४९७६२	१४०५८	३६२८८	०	१२५७	५१६०३	-१८४१	३७६६
३	जिल्ला अस्पताल भोजपुर	२०७९।८०	१७७९५७	२१३५	९०८०	३३३१७	५१८७१	६४३	८५८३१	६१७४	४२७८७	४१६७२	१४९३	९२१२६	-६२९५	२७८५
४	जिल्ला अस्पताल पाँचथर	२०७९।८०	२४७५५५	५७७९	१२२१७	५१६३५	७०८११	६५९	१२३१०५	७०८११	५१६८०	०	१९५९	१२४४५०	-१३४५	१०८७२
५	जिल्ला अस्पताल, धनकुटा	२०७९।८०	२२१०२६	८२५१	८१९३	४४८३९	६२७५४	१३८५	१०८९७८	५४६७	२६६७९	५२५०७	२७३९५	११२०४८	-३०७०	५१२३
६	जिल्ला अस्पताल ताप्लेजुङ	२०७९।८०	१३९३९८	१६३०४	२३६०	३११४४	३८११५	६९०	६९९४९	७५३	५४५६३	१३६७५	४५८	६९४४९	५००	२८६०
७	जिल्ला अस्पताल, खोटाङ	२०७९।८०	१११३४०	१६८०८	२८८१	१२६३९	३७१०४	५७६५	५५५०८	१२९	३१५२७	२१६४१	२५३५	५५८३२	-३२४	२५५७
८	जिल्ला अस्पताल, ओखलढुंगा	२०७९।८०	८९३९२	०	२८८१	१६२	४२७७९	२३३०	४५२७१	०	४२७९५	०	१३२६	४४१२१	११५०	४०३१
९	जिल्ला अस्पताल उदयपुर	२०७९।८०	५०४२८७	५६८	३३७९	१००७३५	१४८६१५	२८२५	२५२१७५	१४८६१५	९०४०९	१०६८१	२४०७	२५२११२	६३	३४४२
१०	इलाम अस्पताल, इलाम	२०७९।८०	२९६१७१	४८८९	१५४३३	७५७२९	७१५४३	२०९२	१४९३६४	३८७१	७१३९३	०	७१५४३	१४६८०७	२५५७	१७९९०
११	जिल्ला अस्पताल, सुनसरी	२०७९।८०	११३८३१	१६४	२२४७	६१५२४	०	०	६१५२४	२२८६९	२०३६८	९०७०	०	५२३०७	९२१७	११४६४
१२	जिल्ला अस्पताल, संखुवासभा	२०७९।८०	३४५४०९	७८७४	७७४९	७९९८९	९०५४६	८८४	१७१४१९	११०४६	८३३९४	७९५००	५०	१७३९९०	-२५७१	५१७८
१३	जिल्ला अस्पताल, तेह्रथुम	२०७९।८०	९९५६७	०	३५१८	६५७९	३२९५६	१०७८५	५०३२०	०	३६५२२	१२३६४	३६१	४९२४७	१०७३	४५९१
१४	मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, विराटनगर	२०७९।८०	३८६८२१	७६९७	८५७	८९९६८	७९९२२	२५९२०	१९५८१०	२०४१५	२२५०५	७६२३८	७१८५३	१९१०११	४७९९	५६५६
१५	प्रदेश खेलकुद विकास बोर्ड, विराटनगर	२०७९।८०	३६७०३१	३३६०	०	०	१८४९८३	०	१८४९८३	१४७१५५	३१९९४	१७७२	११२७	१८२०४८	२९३५	२९३५
१६	मनमोहन प्राविधिक विश्वविद्यालय	२०७९।८०	५७७०३२	७२५१	१४२६२०	५१४६७	२१६६४२	२०५७९	२८८६८८	१३०००३	७७८०८	५५४४९	२५०८४	२८८३४४	३४४	१४२९६४
१७	प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी, झापा	२०७९।८०	१७९९०९	२२०	६६६	०	८८८९२	९०७	८९७९९	४१७	९०८४	१०६११	६९१९८	८९३१०	४८९	११५५
१८	प्रदेश लगानी प्राधिकरण, मोरङ	२०७९।८०	२२८१०	६६	११४२४	४००	१५०००	१८	१५४१८	०	५७५२	१५९६	४४	७३९२	८०२६	१९४५०
	कुल जम्मा		**४८५७०१९**	**८८५२८**	**२४०४३७**	**९३३९९९**	**१४२६४९७**	**७८४७७**	**२४३८९७३**	**६६०६२१**	**१०१२२६७**	**४६५६१४**	**२७९५४४**	**२४१८०४६**	**२०९२७**	**२६१३६४**

अनुसूची ५

(प्रतिवेदनको परिच्छेद २ दफा ४.७ सँग सम्बन्धित)

पेस्की बाँकीको विवरण

२०७९।८०

(रकम रू. हजारमा)

सि.नं.	मन्त्रालय र निकायको नाम	गतसम्मको बाँकी	यो वर्ष फर्स्यौंट	गत सम्मको बाँकी	यो वर्ष थप	कुल जम्मा
१	सरकारी कार्यालय तर्फ	३६६५००४	३७९९१	३६२७०१३	७२९५५	३६९९९६८
२	समिति तथा अन्य संस्था तर्फ	७५५३	०	७५५३	३४६८	११०२१
	जम्मा	**३६७२५५७**	**३७९९१**	**३६३४५६६**	**७६४२३**	**३७१०९८९**

अनुसूची ६

(प्रतिवेदनको परिच्छेद २ दफा ४.६ सँग सम्बन्धित)

कुल असुली विवरण

२०७९।८०

(रकम रू. हजारमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षणको दौरानमा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	कुल जम्मा
१	सरकारी कार्यालय तर्फ	२२२५	१५६८	३८१९	७६१२
२	समिति तथा अन्य संस्था तर्फ	३६०२	४१५७	९२९	८६८८
	जम्मा	**५८२७**	**५७२५**	**४७४८**	**१६३००**

अनुसूची ७

(प्रतिवेदनको परिच्छेद २ दफा ४.८ सँग सम्बन्धित)

अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति

२०७९।८०

(रकम रू. हजारमा)

सि.नं.	मन्त्रालय/निकायको नाम	असूल गर्नुपर्ने		असुल भएको		असुल गर्न बाँकी रकम
		कार्यालय संख्या	रकम	कार्यालय संख्या	रकम	
१.	सरकारी कार्यालय तर्फ	२५	१६९३	०	०	१६९३
२.	समिति तथा अन्य संस्था तर्फ	३	६१२	०	०	६१२
	जम्मा	**२८**	**२३०५**	**०**	**०**	**२३०५**

अनुसूची ८

(प्रतिवेदनको परिच्छेद १ दफा २.६ सँग सम्बन्धित)

राजस्वको शिर्षकगत आम्दानी विवरण

२०७९।८०

(रकम रू. हजारमा)

राजस्व संकेत	राजस्व शीर्षक	रकम
११३१०	घरजग्गा रजिष्ट्रेशन दस्तुर	१०२५३२०
११४१०	मूल्य अभिवृद्धि कर	६७१२३७४
११४२०	अन्त शुल्क	२४३८०२२
११४५०	पूर्वाधार सेवाको उपयोग कर	११९४५७३
११४७०	मनोरन्जन तथा विज्ञापन कर	६४८५
११६००	अन्य कर	१९
१४१५०	भाडा रोयल्टी	१५३९५४
१४२१०	वस्तु तथा सेवा विक्रि प्राप्त रकम	५४५४९
१४२२०	प्रशासनिक सेवा शुल्क	१९८२४५
१४२५०	अन्य प्रशासनिक दस्तुर	६८३८१३
१४२६०	अन्य प्रशासनिक सेवा शुल्क	६२१
१४३१०	दण्ड जरिवाना तथा जफत	११५९८
१४५१०	चालु दावी तथा अन्य शुल्कहरू	२०३
१४५२०	अन्य राजस्व	२३७५
१५११०	विविध प्राप्ती	४८४५८६
जम्मा		**१२९६६७३७**

अनुसूची ९
(प्रतिवेदनको परिच्छेद २ दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयहरुको बेरुजु वर्गीकरण
२०७९।८०

(रकम रू. हजारमा)

क सं	मन्त्रालय / निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फर्स्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजू			बेरुजू						
		दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असूल गर्नुपर्ने	नियमित गर्नुपर्ने					जम्मा पेस्की
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
१	प्रदेश सभा सचिवालय, कोशी प्रदेश	२२	१४	१०८१	०	१	१५३	०	२२	१३	९२८	९२८	०	०	०	०	०	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश	३४	१८	४१३६८	०	४	४४	०	३४	१४	४१३२४	५४६	५३	४०७२५	०	०	४०७७८	०
३	आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश	९५	५७	२२०८५	०	८	२२८	०	९५	४९	२१८५७	२५२१	३०९	१९०२७	०	०	१९३३६	०
४	आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश	६६	२२	१३४०	०	५	१४३	१४३	६६	१७	१३४०	११७०	२७	१४३	०	०	१७०	०
५	सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश	४३	५०	६८८५	०	२	१४९२	०	४३	४८	५३९३	१३८९	१६३५	२३६९	०	०	४००४	०
६	स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश	१३६	१३९	५५५२८	०	६	३८	०	१३६	१३३	५५४९०	१८२४	२४६११	२७६८३	०	०	५२२९४	१३७२
७	भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश	२५६	४१३	७७९६६६	०	२२	२६६०६	३३१	२५६	३९१	७५३३९१	९५६००	१४९९४८	४४७५००	०	०	५९७४४८	६०३४३
८	खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, कोशी प्रदेश	३९२	३४८	४४०३६५	३	३३	१७८८८१	१२६८	३८९	३१५	२६२७५२	९३६०	१०६१५७	१३६७१९	०	०	२४२८७६	१०५१६
९	पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश	३१७	३१५	६७६२९	०	३०	३५८८	०	३१७	२८५	६४०४१	१५१११	११७३१	३६५३५	०	०	४८२६६	६६४
१०	उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश	२६४	१९६	२३२४३	२	३६	१९७८	०	२६२	१६०	२१२६५	७४०१	४५८	१३३४६	०	०	१३८०४	६०
११	प्रदेश लोक सेवा आयोग	१०	१०	९१३	०	०	०	०	१०	१०	९१३	९१३	०	०	०	०	०	०
१२	मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश	८	८	१५०	०	०	०	०	८	८	१५०	१५०	०	०	०	०	०	०
१३	प्रदेश योजना आयोग, कोशी प्रदेश	१४	६	२९३	०	१	५५	०	१४	५	२३८	२३८	०	०	०	०	०	०
	जम्मा	**१६५७**	**१५९६**	**१४४०५४६**	**५**	**१४८**	**२१३२०६**	**१७४२**	**१६५२**	**१४४८**	**१२२९०८२**	**१३७१५१**	**२९४९२९**	**७२४०४७**	**०**	**०**	**१०१८९७६**	**७२९५५**

अनुसूची १०

(प्रतिवेदनको परिच्छेद २ दफा १ सँग सम्बन्धित)

आय ब्ययको कारोबार गर्ने समिति तथा अन्य संस्थाको बेरुजू वर्गीकरण
२०७९।८०

(रकम रू. हजारमा)

क सं	कार्यालयको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फर्स्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजू			बेरुजू						
		दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असूल गर्नुपर्ने	नियमित गर्नुपर्ने					जम्मा पेस्की
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
१	जिल्ला अस्पताल, संखुवासभा	७	५	७८७४	०	०	०	०	७	५	७८७४	१९६४	५९१०	०	०	०	५९१०	०
२	जिल्ला अस्पताल उदयपुर	१७	९	४३९१	०	२	३८६०	३७	१७	७	५६८	५००	०	६८	०	०	६८	०
३	इलाम अस्पताल, इलाम	७	१६	४९१३	०	१	२४	०	७	१५	४८८९	६३५	४२५४	०	०	०	४२५४	०
४	जिल्ला अस्पताल, सोलुखुम्बु	५	४	६२८८	०	०	०	०	५	४	६२८८	२०२	१९९३	४०९३	०	०	६०८६	०
५	जिल्ला अस्पताल, खोटाङ	६	२६	१६८०८	०	०	०	०	६	२६	१६८०८	२१२८	५९६१	८१९०	०	०	१४१५१	५२९
६	जिल्ला अस्पताल ताप्लेजुङ	१०	२९	१६४३१	०	१३	१२७	०	१०	१६	१६३०४	५३	१५९७२	२७९	०	०	१६२५१	०
७	मेची अस्पताल, झापा	२५	१५	३३०१	०	१०	२४२७	०	२५	५	८७४	६७	०	८०७	०	०	८०७	०
८	जिल्ला अस्पताल, धनकुटा	२०	६	८२५१	०	०	०	०	२०	६	८२५१	१८२	६६३६	१४३३	०	०	८०६९	०
९	जिल्ला अस्पताल भोजपुर	९	५	२१३५	०	०	०	०	९	५	२१३५	१२८	०	२००७	०	०	२००७	०
१०	जिल्ला अस्पताल, सुनसरी	१३	३	१६४	०	०	०	०	१३	३	१६४	८७	०	७७	०	०	७७	०
११	जिल्ला अस्पताल, ओखलढुंगा	१२	०	०	०	०	०	०	१२	०	०	०	०	०	०	०	०	०
१२	जिल्ला अस्पताल पाँचथर	१६	३०	६५६०	०	१३	७८१	०	१६	१७	५७७९	१०४१	४४५३	२८५	०	०	४७३८	०
१३	जिल्ला अस्पताल, तेह्रथुम	५	०	०	०	०	०	०	५	०	०	०	०	०	०	०	०	०
१४	मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, विराटनगर	११	३८	७६९७	०	०	०	०	११	३८	७६९७	१६१९	३३७९	२६९९	०	०	६०७८	०
१५	प्रदेश खेलकुद विकास बोर्ड, विराटनगर	१०	११	३५६०	०	१	२००	०	१०	१०	३३६०	२१	०	४००	०	०	४००	२९३९
१६	मनमोहन प्राविधिक विश्वविद्यालय	२२	१४५	७४६१	०	४	४१२८	३९१८	२२	१४१	७२५१	१२५१	१६५७	४३४३	०	०	६०००	०
१७	प्रदेश लगानी प्राधिकरण, मोरङ	१०	१	६६	०	०	०	०	१०	१	६६	६६	०	०	०	०	०	०
१८	प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी, झापा	१९	६	२२०	०	०	०	०	१९	६	२२०	४५	५७	११८	०	०	१७५	०
	कुल जम्मा	**२२४**	**३४९**	**९६१२०**	**०**	**४४**	**११५४७**	**३९५५**	**२२४**	**३०५**	**८८५२८**	**९९८९**	**५०२७२**	**२४७९९**	**०**	**०**	**७५०७१**	**३४६८**

अनुसूची ११

(प्रतिवेदनको परिच्छेद २ को दफा ३ सँग सम्बन्धित)

बेरुजु फर्स्यौंट तथा सम्परीक्षणको अद्यावधिक विवरण

२०७९।८०

(रकम रू. हजारमा)

क्र.सं.	मन्त्रालय-निकायको नाम	गत वर्ष सम्मको बाँकी	सम्परीक्षण भएको	गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	छैठौं प्रतिवेदन सम्मको बाँकी बेरुजू	छैठौं प्रतिवेदन सम्मको बाँकी बेरुजू मध्ये पेस्की
१.	सरकारी कार्यालय तर्फ	४७६६९२७	६६००१६	४१०६९११	१२२९०८२	५३३५९९३	८३३७९६
२.	समिति तथा अन्य संस्था तर्फ	१९६४६७	४०५८१	१५५८८६	८८५२८	२४४४१४	११०२१
	जम्मा	**४९६३३९४**	**७००५९७**	**४२६२७९७**	**१३१७६१०**	**५५८०४०७**	**८४४८१७**

अनुसूची १२
(प्रतिवेदनको परिच्छेद १ को दफा ४ सँग सम्बन्धित)

प्रदेश सरकारले संघीय कार्यालयलाई दिएको बजेट खर्च विवरण
२०७९।८०

(रकम रू. हजारमा)

क्र.सं.	जिल्ला	कार्यालयको नाम	चालु खर्च	पूँजीगत खर्च	जम्मा खर्च
१	मोरङ	प्रदेश प्रहरी कार्यालय, विराटनगर	०	२०३६६	२०३६६
२	भोजपुर	जिल्ला प्रहरी कार्यालय, भोजपुर	०	६१९९	६१९९
३	झापा	जिल्ला प्रहरी कार्यालय, झापा	०	५९२०	५९२०
४	झापा	जिल्ला प्रहरी कार्यालय, झापा	०	५५६१	५५६१
५	मोरङ	प्रदेश प्रहरी कार्यालय, विराटनगर	०	४९७१	४९७१
६	उदयपुर	जिल्ला प्रहरी कार्यालय, उदयपुर	०	४६०९	४६०९
७	मोरङ	प्रदेश प्रहरी कार्यालय, विराटनगर	०	३१६७	३१६७
८	झापा	इलाका प्रहरी कार्यालय, गौरीगञ्ज	०	२८३१	२८३१
९	मोरङ	प्रदेश प्रहरी कार्यालय, विराटनगर	०	२५७३	२५७३
१०	पाँचथर	जिल्ला प्रहरी कार्यालय, पाँचथर	०	२५००	२५००
११	संखुवासभा	जिल्ला प्रहरी कार्यालय, संखुवासभा	०	२५००	२५००
१२	संखुवासभा	जिल्ला प्रहरी कार्यालय, संखुवासभा	०	२५००	२५००
१३	मोरङ	जिल्ला प्रहरी कार्यालय, मोरङ	०	२५००	२५००
१४	तेह्रथुम	जिल्ला प्रहरी कार्यालय, तेह्रथुम	०	२५००	२५००
१५	पाँचथर	जिल्ला प्रहरी कार्यालय, पाँचथर	०	२४९९	२४९९
१६	सुनसरी	जिल्ला प्रहरी कार्यालय, सुनसरी	०	२४२०	२४२०
१७	तेह्रथुम	जिल्ला प्रहरी कार्यालय, तेह्रथुम	०	२४१६	२४१६
१८	सुनसरी	जिल्ला प्रहरी कार्यालय, सुनसरी	०	२३९१	२३९१
१९	मोरङ	प्रदेश प्रहरी कार्यालय, विराटनगर	०	२२००	२२००
२०	झापा	जिल्ला प्रहरी कार्यालय, झापा	०	१८४०	१८४०
२१	सोलुखुम्बु	जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु	०	१५३०	१५३०

क्र.सं.	जिल्ला	कार्यालयको नाम	चालु खर्च	पूँजीगत खर्च	जम्मा खर्च
२२	सुनसरी	इलाका प्रहरी कार्यालय, धरान	०	१५००	१५००
२३	सुनसरी	इलाका प्रहरी कार्यालय, पकली	०	१५००	१५००
२४	सुनसरी	जिल्ला सरकारी वकिल कार्यालय, इनरुवा	०	१५००	१५००
२५	सुनसरी	सशस्त्र प्रहरी बल नेपाल नं.१ बराह बाहिनी मुख्यालय, सुनसरी	०	१४९९	१४९९
२६	मोरङ	सशस्त्र प्रहरी बल नेपाल नं. ३ गण हेडक्वाटर	०	१४९८	१४९८
२७	सुनसरी	जिल्ला प्रहरी कार्यालय, सुनसरी	०	१४९४	१४९४
२८	मोरङ	प्रदेश प्रहरी कार्यालय, विराटनगर	०	१४३४	१४३४
२९	सुनसरी	इलाका प्रहरी कार्यालय, महेन्द्रनगर	०	१४००	१४००
३०	इलाम	सशस्त्र प्रहरी बल नेपाल नं. १ गण हेडक्वाटर इलाम	०	१०००	१०००
३१	संखुवासभा	जिल्ला प्रशासन कार्यालय,	०	१०००	१०००
३२	मोरङ	इलाका प्रहरी कार्यालय, बेलबारी	०	१०००	१०००
३३	सुनसरी	सशस्त्र प्रहरी बल नेपाल नं.१ बराह बाहिनी मुख्यालय, सुनसरी	०	१०००	१०००
३४	सुनसरी	इलाका प्रहरी कार्यालय, धरान	०	१०००	१०००
३५	मोरङ	प्रदेश प्रहरी कार्यालय, विराटनगर	०	१०००	१०००
३६	मोरङ	जिल्ला प्रहरी कार्यालय, मोरङ	०	९९८	९९८
३७	मोरङ	प्रदेश प्रहरी कार्यालय, विराटनगर	०	९९८	९९८
३८	सुनसरी	राष्ट्रिय अनुसन्धान १ नं. प्रदेश कार्यालय, धरान	०	९९८	९९८
३९	मोरङ	जिल्ला प्रहरी कार्यालय, मोरङ	०	९९७	९९७
४०	झापा	राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापा	०	९९५	९९५
४१	सुनसरी	राष्ट्रिय अनुसन्धान १ नं. प्रदेश कार्यालय, धरान	०	९९२	९९२
४२	मोरङ	उच्च अदालत	०	९९१	९९१
४३	मोरङ	जिल्ला प्रहरी कार्यालय, मोरङ	०	९९१	९९१
४४	झापा	जिल्ला प्रहरी कार्यालय, झापा	०	९४८	९४८
४५	सुनसरी	इलाका प्रहरी कार्यालय, दुहवी	०	८००	८००
४६	पाँचथर	जिल्ला प्रहरी कार्यालय, पाँचथर	०	७००	७००
४७	झापा	जिल्ला प्रहरी कार्यालय, झापा	०	७००	७००
४८	पाँचथर	जिल्ला प्रहरी कार्यालय, पाँचथर	०	५००	५००
४९	पाँचथर	जिल्ला प्रहरी कार्यालय, पाँचथर	०	५००	५००

क्र.सं.	जिल्ला	कार्यालयको नाम	चालु खर्च	पूँजीगत खर्च	जम्मा खर्च
५०	पाँचथर	जिल्ला प्रहरी कार्यालय, पाँचथर	०	५००	५००
५१	पाँचथर	जिल्ला प्रहरी कार्यालय, पाँचथर	०	५००	५००
५२	पाँचथर	जिल्ला प्रहरी कार्यालय, पाँचथर	०	५००	५००
५३	पाँचथर	जिल्ला प्रहरी कार्यालय, पाँचथर	०	५००	५००
५४	इलाम	जिल्ला प्रहरी कार्यालय, ईलाम	०	५००	५००
५५	इलाम	सशस्त्र प्रहरी बल नेपाल नं. १ गण हेडक्वाटर इलाम	०	५००	५००
५६	संखुवासभा	जिल्ला प्रहरी कार्यालय, संखुवासभा	०	५००	५००
५७	संखुवासभा	जिल्ला प्रहरी कार्यालय, संखुवासभा	०	५००	५००
५८	संखुवासभा	जिल्ला प्रहरी कार्यालय, संखुवासभा	०	५००	५००
५९	संखुवासभा	सशस्त्र प्रहरी बल नेपाल नं. ४ गुल्म हेडक्वाटर	०	५००	५००
६०	संखुवासभा	इलाका प्रहरी कार्यालय, चैनपुर	०	५००	५००
६१	संखुवासभा	इलाका प्रहरी कार्यालय, चैनपुर	०	५००	५००
६२	भोजपुर	जिल्ला प्रहरी कार्यालय, भोजपुर	०	५००	५००
६३	भोजपुर	जिल्ला प्रहरी कार्यालय, भोजपुर	०	५००	५००
६४	भोजपुर	जिल्ला प्रहरी कार्यालय, भोजपुर	०	५००	५००
६५	खोटाङ	जिल्ला प्रहरी कार्यालय, खोटाङ	०	५००	५००
